धर्मकीर्ति

धर्मकीर्ति

The Dharmakirti

सुमेध तपस्वी (भविष्यका शाक्य मुनी बुद्ध) ले दीपङ्कर तथागतलाई आफ्नो शरीर माथि टेकेर हिलो भएको बाटो पार गर्नुहुन प्रार्थना गर्दै

वर्षः ४०, अङ्कः २

बु.सं. २५६६, बैशाख पुन्हि

म्यान्मारबाट 'सासनधज धम्माचरिय' उपाधि प्राप्त नेपालका व्यक्तित्वहरूको अभिनन्दन

Felicitation of Nepalese Scholars Graduated as 'Sāsanadhaja Dhammāchariya from Myanmar'

बायाँबाट- गुरुमां धम्मवती, दि. भिक्षु ञाणपुण्णिक, गुरुमां अग्गञाणी, गुरुमां विमलञाणी, भिक्षु ञाणावुध, गुरुमां विसिद्धञाणी (जवनवती), भिक्षु आनन्द, भिक्षु विचार, गुरुमां मधुभाणिनी (बुद्धपाली)

प्रकाशक र विशेष सल्लाहकार

भिक्षुणी धम्मवती

फोन: ५३५९४६६

सम्पादक

भिक्षुणी वीर्यवती

फोन: ९८४१५३४१०९

सम्पादन सहयोगी

भिक्षुणी शुभवती

फोन: ९८४१३२९००५

व्यवस्थापकहरू

ध्रुवरत्न स्थापित

फोन: ९८४१२६३३५५

इन्द्रमान महर्जन

फोन: ९८४१४३४५७२

कार्यालय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६६

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७९

विशेष सदस्य	रु. २०००/- वा सो भन्दा बढी	
वार्षिक	रु.	१००/-
यस अङ्कको	रु.	१०/-

धर्मकीर्ति

(बौद्ध मासिक)

THE DHARMAKIRTI

A Buddhist Monthly

2566 Baisakh Full Moon Day

16th MAY 2022

वर्ष- ४०	अङ्क- २	बैशाख पुन्हि	जेठ २०७९



जिघच्छा परमा रोगा – सङ्खारा परमा दुखा
एतं ञत्वा यथाभूतं – निब्बानं परमं सुखं

प्वाथे पित्याईगु थें तद्धंगु रोग मेगु मदु ।
संस्कार थें तद्धंगु दुःख मेगु मदु ।
यथार्थ भावं थ्व कारण सीकेगु अवस्थाय्
निर्वाण थें तद्धंगु सुख मेगु मदु ।

भोक ठूलो रोग हो । संस्कार परम दुःख हो । यसलाई जानेर, बुझेर पाएको ज्ञान निर्वाण नै परम सुख हो ।

Hunger is the worst of diseases, bodily demands the greatest evil, if one knows this truly, that is Nirvana the highest happiness.

विषय-सूचि

क्र.सं.	शिर्षक		पृष्ठ
१)	बुद्ध वचन	–	१
२)	सम्पादकीय - बैशाख पूर्णिमाको दिनमा घटेका ५ घटनाहरू	–	३
३)	निःस्संदेह बुद्ध बन्ने छौं	–	४
४)	जस्तो बीउ त्यस्तै फल	– सत्यनारायण गोयन्का	५
५)	वेस्सन्तर जातक-४	– वीर्यवती गुरुमां	९
६)	'धम्माचरिय' उपाधि र नेपालका प्रव्रजितहरू	–	१३
७)	प्रव्रज्या जीवनया छफुति नसला	– अमीर कुमारी शाक्य	२१
८)	सुनौला अवसर नगुमाउनु होस्	– ले. सयादो उ सुन्दर, अनु. भिक्षु ज्ञानपुर्णिक	२२
९)	बुद्ध प्रणामया छगू अध्ययन	– अ. कुसलञाणी	२७
१०)	परियत्ति शिक्षा	– विद्याकुमारी बज्राचार्य	२९
११)	त्रिपिटकमा अंगुत्तर निकाय : परिचय र महत्व	– मदनरत्न मानन्धर	३०
१२)	रूप परमार्थ धर्म	– श्यामलाल चित्रकार	३३
१३)	अनन्त ज्योति-६	– देवकाजी शाक्य	३७
१४)	How to Live a Household Life	- Ashin Thondara, Edt. Hoe Soon Ying	४१
१५)	Nalapana Jataka The case of the Hollow Canes	-	४३
१६)	धर्मप्रचार समाचारहरू	-	४५

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

बिश्व मोटर ट्रेडर्स

ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।

फोन नं.: ०१-४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७

e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

▪ सम्पादकीय ▪

बैशाख पूर्णिमाको दिनमा घटेका ५ घटनाहरू

आजभन्दा २६११ वर्ष अगाडि बैशाख पूर्णिमाको दिन बुद्धगयाको बोधिवृक्ष मुनि बोधिज्ञान प्राप्त गर्नु भएका भगवान् बुद्धको जीवनमा बैशाख पूर्णिमाकै दिन ५ वटा महत्वपूर्ण घटनाहरू घटेको देखिन्छ । ती ५ वटा घटनाहरू यसरी रहेका छन् –

१) **दीपंकर बुद्धले सुमेध तपस्वीलाई बुद्ध हुनेछौ भनी घोषणा गरेको दिन** –

यस संसारमा उत्पन्न हुनुभएका अनगिन्ति बुद्धहरू मध्ये संक्षिप्त बुद्ध वंशमा २८ जना बुद्धहरूको विषयमा उल्लेख भएको पाइन्छ। उहाँ २८ जना बुद्धहरू मध्ये तण्हंकर बुद्ध, मेधंकर बुद्ध र शरणंकर बुद्ध पश्चात् चौथौं नम्बरको दीपङ्कर बुद्धको जीवन कालमा शाक्यमुनी बुद्ध बन्ने व्यक्ति सुमेध तपस्वी हुनुहुन्थ्यो। सुमेध तपस्वीले दीपंकर बुद्ध समक्ष भविष्यमा उहाँ पनि बुद्ध हुने इच्छा रहेको विषयमा प्रार्थना गर्नुभएको थियो। त्यसैले दीपङ्कर बुद्धले आफ्नो ज्ञानचक्षुबाट हेर्नुभएको अवस्थामा सुमेध तपस्वीले बोधिसत्व पारमिता पूरा गर्नुहुँदै ४ असंख्य र १ लाख कल्पपछि शाक्यमुनी बुद्धको नामले बुद्ध हुनसक्ने क्षमता संगालिसकेको तथ्य कुराको जानकारी भविष्यवाणी दिनुभई उहाँ अवश्य पनि बुद्ध हुने गर्नु भएको थियो। त्यसैले शाक्यमुनी बुद्ध दीपङ्कर बुद्ध पश्चात्, ४ असंख्य र १ लाख कल्प पछि २३ जना अन्य विभिन्न बुद्धहरू पछिको २८ नम्बरको बुद्ध बन्न सफल हुनुभयो। यसरी सुमेध ऋषीलाई दीपङ्कर बुद्धले बुद्ध बन्नेछौं भनी नियत ब्याधी गर्नुभएको दिन बैशाख पूर्णिमाकै दिन भएको विषयलाई संक्षिप्त बुद्ध वंशमा उल्लेख गरिएको पाइन्छ।

२) **लुम्बिनी बनमा जन्मनुभएको दिन** –

दीपङ्कर बुद्धबाट बुद्ध बन्नेछौ भनी घोषणा भइसकेपछि बोधिसत्व चर्या पूरा गर्दै पारमिता धर्म निभाउनु हुँदै कैयौं जन्म पश्चात् उहाँ चार असंख्य र १ लाख कल्पपछि माया देवीको कोखबाट कपिलवस्तुका राजा शुद्धोदनको प्रथम पुत्रको रूपमा लुम्बिनी बनमा जन्मनु भयो। शिद्धार्थ कुमारको नामले चिनिनु भएका उहाँ जन्मनु भएको दिन पनि बैशाख पूर्णिमाकै दिन थियो।

३) **बुद्धगयामा बोधिज्ञान प्राप्त गरी सम्यकसम्बुद्ध हुनुभएको दिन** –

राजकुमार सिद्धार्थ गौतमले आफू पनि सांसारिक दुःखबाट मुक्त भई यस दुःखमा पिल्सिरहेको मानिसहरूलाई उक्त दुःखबाट मुक्त गर्ने उद्देश्य लिई २९ वर्षको उमेरमा गृहत्याग गरी ६ वर्षसम्म दुष्कर चर्या गर्दै ज्ञानको खोजीमा भौंतारिनु भयो। ६ वर्षपछि ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिवृक्ष मुनि बोधिज्ञान प्राप्त गरी सम्यक सम्बुद्ध बन्न सफल हुनुभयो। यो दिन पनि बैशाख पूर्णिमाकै दिन थियो।

४) **बुद्ध हुनुभएपछि सर्वप्रथम कपिलवस्तु पुग्नुभएको दिन** –

सिद्धार्थ गौतम बुद्ध हुनुभएपछि प्रथम पटक उहाँ शुद्धोदन महाराजको निमन्त्रणा स्वीकार गर्नुभई फागु पूर्णिमाको दिन राजगृह नगरबाट पैदल यात्रा गर्नुभई ३ महिना पश्चात् बैशाख पूर्णिमाकै दिन कपिलवस्तुमा पुग्नु भएको थियो।

५) **८० वर्षको उमेरमा परिनिर्वाण हुनुभएको दिन** –

शाक्यमुनी बुद्ध आफूले प्राप्त गर्नुभएको अमूल्य ज्ञान ४५ वर्षसम्म गाउँ, नगर घुम्दै बढी भन्दा बढी मानिसहरूलाई सिकाउनु हुँदै प्रचार गर्नुहुँदै ८० वर्षको बुद्ध अवस्थामा कुशीनगर स्थित दुईवटा शाल वृक्षको बीचमा परिनिर्वाण हुनुभयो। यो दिन पनि बैशाख पूर्णिमाकै दिन थियो।

शाक्य मुनी बुद्धको जीवनमा घटेका यी ५ महत्वपूर्ण घटनाहरू संयोगवश बैशाख पूर्णिमाकै दिन परेको विषयलाई स्मरण गर्दै यस दिनमा भगवान् बुद्धले सांसारिक दुःखबाट मुक्त हुनका लागि शील समाधि र प्रज्ञाको अभ्यास गर्नुपर्ने शिक्षा सिकाउनु भएका थिए। त्यसैले हामीले यी महत्वपूर्ण शिक्षालाई जति अभ्यास गर्न सक्नेछौं, त्यति नै बैशाख पूर्णिमाको दिनलाई सार्थक रूपमा मनाएको ठहरिने छ। यसरी नै हामीले बैशाख पूर्णिमाको महत्व बुझ्दै आ-आफ्नो जीवन सफल पार्न सकौं र ठीक तरिकाले बुद्ध पुत्र पुत्री बन्ने मौका प्राप्त गर्न सकौं।

भवतु सब्ब मंगलम्।

आवरण चित्र परिचय

निःस्संदेह बुद्ध बन्ने छौं

"भन्ते भगवान्, पाल्नु होस् ! सम्यक सम्बुद्ध दीपंकरलाई स्वागत छ !"

विशाल भिक्षुसंघ सहित सम्यक सम्बुद्धलाई स्वागत गर्नका लागि यस तुमुलघोष निनादित हुन थाल्यो ।

ब्राह्मण तपस्वी सुमेधले भगवान् दीपंकर संघलाई साथमा लिई नजिकै आइपुग्नु भएको देख्यो । त्यसबेलासम्म पनि उहाँ आफूले जिम्मा लिएको कार्य पूरा गर्न सकिराखेको थिएन । बाटोमा परिरहेको हीलो एक दुई हात सक्न पाइरहेको नै थिएन । अहिलेसम्म उक्त बाटोमा हिलो नै थियो । भगवान् बुद्धले अब हिलो कुल्चिएर जानुपर्ने अवस्था आइपरेको थियो । अब के गर्ने ? यो दृष्य देखेका तपस्वी सुमेधले आफ्नो शरीरमा लपेटिराखेको मृगका छाला फुकाल्यो । यसलाई त्यस हिलाम्मे बाटोमा ओछ्यायो । तर उसले देख्यो– हिलोको गहिराई अझ बढि नै रहेको छ । केवल मृगको छाला ओछ्याउँदैमा समस्या समाधान हुने देखिएन । यसले गर्दा भगवान् बुद्धलाई यात्रामा असुविधा हुने देखियो । तब उसले उपाय निकाल्यो । उक्त हिलोमा बिछ्याइएको मृगको छाला माथि आफू घोप्टो परेर लेटिदियो । यसले गर्दा भगवान् बुद्ध तपस्वी सुमेधको पिठ्यूँमा टेकेर हिलो पार गर्न सजिलो बन्यो । यसले गर्दा भगवान् बुद्धको पाइतालामा हिलो पनि लागेन । कुनै कष्ट पनि भएन ।

हिलोमा लेटिरहेका तपस्वी सुमेधले उहाँ आफू पनि भगवान् दीपंकर जस्तै सम्यक सम्बुद्ध बन्न सकूं जसले गर्दा आफू एक्लै मात्र नभई अनेक व्यक्तिहरूलाई पनि संसार चक्रबाट मुक्त भएर जान सक्ने ज्ञान दिलाउन सकुं भनी प्रार्थना गर्दै रहे ।

भगवान् दीपंकर जब तपस्वी सुमेधको सामु आइपुग्नु भयो, तब उहाँले तपस्वी सुमेधको मनको प्रार्थनालाई जान्नुभयो । सम्यक सम्बुद्ध त्रिकालज्ञ हुनुहुन्छ । उहाँले त्यही बेला उक्त भावविभोर तपस्वी सुमेधको विगतका अनेक जन्महरूको थुप्रै पारमिताहरू पूरा गरिसकेको विषयमा पनि जान्नुभयो । फलस्वरुप तपस्वी सुमेधले यस जन्ममा विपश्यना साधना गर्दै गए अल्पकालमा नै अरहन्त अवस्था प्राप्त गरी सधैंका लागि मुक्त बन्न सक्ने क्षमता प्राप्त गरिसकेको विषयमा पनि थाहा पाउनुभयो । आठौं ध्यानबाट प्राप्त भएका अभिज्ञाद्वारा तपस्वी सुमेधले पनि यस तथ्यलाई राम्ररी थाहा पाइसकेका थिए । तर उसलाई भवमुक्त बन्ने इच्छा भने थिएन । उनले सम्यक सम्बुद्ध नै बन्ने र अरूहरूलाई पनि भवबन्धनबाट मुक्त गर्नको लागि सहयोग गर्ने इच्छा राखेका थिए । उनले सम्यक् सम्बुद्ध बन्नको लागि अर्को कति पारमिता संचय गर्नुछ भन्ने विषयमा पनि थाहा पाइरहेका थिए । यसको लागि अनगिन्ति कल्पसम्म अनगिन्ति तरिकाले कष्टमय जीवन बिताउन त बाँकी नै थियो । तपस्वी सुमेध यी कष्टहरू झेल्नको लागि पनि कृत संकल्पित नै थिए । उनको यो मनोदशालाई बुझ्नुभएका भगवान् दीपंकरले तपस्वी सुमेधको भविष्यको जीवनलाई ज्ञानचक्षुद्वारा हेर्नुभयो र त्यसपछि उहाँले तपस्वी सुमेधले भविष्यमा सम्यक सम्बुद्ध बन्न सक्ने सम्भावना पत्ता लगाउनुभयो । त्यसैले दीपंकर तथागतले सुमेधलाई यसरी आशीर्वचन प्रकट गर्नुहुँदै भविष्यवाणी गर्नुभयो–

"चार असंख्य र एकलाख कल्पपछि बाँकी रहेका आवश्यक पारमिताहरू पूरा गरी सुमेध तपस्वी सिद्धार्थ गौतमको नामले निस्संदेह बुद्ध बन्ने छौ ।" धुवं बुद्धो भविस्सामि । – बुद्ध वंश (२.८३-१०७)

भगवान् बुद्धको यस मंगलमयी घोषणा पृथ्वी र अन्तरीक्षमा गुञ्जायमान हुँदै फैलियो र धेरैबेरसम्म यसको प्रतिध्वनी तरङ्गित भइरहे ।

यही समय सुमित्रा नाम गरेकी एक धर्ममयी ब्राह्मण पुत्री तपस्वी सुमेधलाई देखी उनीप्रति आकर्षित भइन् उनीले यसरी धर्मसंकल्प गरिन् – "जबसम्म यस युवकले भिन्न-भिन्न जन्महरूमा पारमिता पूरा गर्नका लागि संलग्न भइरहन्छ, तबसम्म म यसको सहधर्मिणी

क्रमशः पेज ३६ मा हेर्नुहोला ...

जस्तो बीउ त्यस्तै फल

✍ सत्यनारायण गोयन्का

बोधिसत्व राजकुमार सिद्धार्थ गौतमको जन्म राजदरबारमा नभएर एउटा रूखमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशको मुनि भयो । जो व्यक्ति पछि सम्यक सम्बुद्ध हुनुभयो, अरहन्त हुनुभयो, वीतराग हुनुभयो, वीतद्वेष हुनुभयो, वीतमोह हुनुभयो, भवमुक्त हुनुभयो । उहाँले सत्यको खोजी गर्न, धर्मको खोजी गर्न पनि छः वर्षसम्म अँध्यारो गुफाहरूमा, वनका कण्डराहरूमा तपस्या गर्दै रहे । जब सम्यक-सम्बोधि प्राप्त भयो, तब एउटा वृक्षमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि ।

सम्यक सम्बोधि प्राप्त भएपछि संसारका दुःखी व्यक्तिहरू प्रति करुणा जाग्यो । समाजमा धर्मको नाममा जुन कर्मकाण्ड प्रचलित थियो । मानिसहरू त्यही सम्प्रदायिक जञ्जालमा अल्झिएका थिए, भित्र-भित्र दार्शनिक मान्यतामा अल्झिएका थिए । धर्मको नाममा शरीरलाई यातना दिने, दुःख दिने काममा लागेका थिए । यी कार्यहरू धर्मबाट कोसौं टाढा थियो ।

यस्तो देखेर उहाँको मनमा करुणा जाग्यो, पहिलो पटक शुद्ध धर्म संसारमा वितरण गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा खुल्ला आकाशमुनि, रूखमुनि बसेर धर्मचक्र प्रवर्तन गर्नुभयो । अस्सी वर्षको पाकेको उमेरमा प्राण त्याग गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि एउटा रूखमुनि रहेर । उहाँको जीवनका यी चारवटा महत्त्वपूर्ण घटना खुल्ला प्रकृतिमा नै भयो । त्यसैले उहाँले प्रकृतिको नियमलाई बुद्धिद्वारा र अभ्यासद्वारा खुब बुझ्नुभयो । बुद्धिद्वारा सत्यलाई जतिसुकै बुझे पनि त्यो व्यक्ति सम्यक सम्बुद्ध हुन सक्दैन । यसको लागि त आफूभित्रको सत्यलाई थाहा पाउनुपर्छ; तब मात्र आफूभित्रको विकारलाई निकालेर सम्यक सम्बुद्ध बन्दछ ।

यो प्रकृतिको नियमलाई थाहा पाउनु भने कै धर्मलाई थाहा पाउनु हो, शुद्ध धर्मलाई जान्नु हो । प्रज्ञाद्वारा आफूभित्र हेरियो भने थाहा हुन्छ कि प्रतिक्षण भित्र केही न केही भइरहेछ; जस्तो कि बाहिरी संसारमा पनि केही न केही प्रतिक्षण बदलिरहेको छ । केही बनिरहेको छ र केही समयपछि नष्ट भइरहेको छ । यो क्रम अटूट रूपमा भइरहेको छ । त्यस समयको भाषामा यस प्रक्रियालाई 'भव' भनिन्थ्यो अर्थात् प्रतिक्षण केही भइरहेको छ । यो प्रक्रिया सजीवमा पनि निरन्तर चलिरहन्छ; त्यस्तै निर्जीव वस्तुमा पनि चलिरहन्छ । त्यसै कारण त यी वस्तुहरू समय आएपछि जीर्ण हुन्छन्, नष्ट हुन्छन् । यही त जीवनधारा हो, यही त भव संसरण हो । बन्छ फेरि बिग्रिन्छ, बन्छ फेरि नष्ट हुन्छ । जन्मिन्छ, मरण हुन्छ । कस्तो प्रवाह चलिरहेको ? जति पनि बनिन्छ ती बिनाकारण हुँदैन, त्यसको पछाडि कुनै न कुनै कारण छ; त्यसैले त नयाँ परिणाम आयो । कारण-परिणाम, बिनाकारण केही हुँदैहुँदैन । फेरि अघि बढ्यो भने थाहा हुन्छ कि एउटा कारणबाट जुन परिणाम आयो, त्यो परिणाम फेरि अर्कोको कारण बन्दछ । बीउबाट फल बन्दछ, फेरि फलबाट बीउ पैदा हुन्छ । यसरी यसको चक्र चलिरहन्छ, भव-संसरण भइरहन्छ ।

संसारमा जति पनि क्रियाकलाप हुन्छन् त्यसको कुनै न कुनै कारण हुन्छ । झ्वाट्ट हेर्दा फल रूखबाट आएको अथवा रूखमा फलेको झैं लाग्छ, तर अलि गहिरिएर सोच्यो भने थाहा हुन्छ कि फल त बीउबाट आएको हो । बीउ नभई फल आउँदैन, फल छ भने त्यसमा बीउ पनि अवश्य हुन्छ, फेरि त्यही बीउ ठूलो भएपछि फल दिन्छ । यसरी यो सारा प्रपञ्च चलिरहेको छ, यो भवचक्र चलिरहेको छ । विपश्यी साधकले यो कुरालाई राम्ररी जान्न थाल्छ, यो प्रपञ्चलाई आफ्नो अनुभवद्वारा थाहा

पाउँछ । बाहिरको संसारमा यी बोट-बिरुवाको संसारमा पनि जस्तो बीउ छ त्यस्तै फल आउँछ । त्यस्तै शरीरभित्रको संसारमा पनि जस्तो कर्मको बीउ छ त्यस्तै फल पाउँछ । यस नियमलाई कसैले पनि रोक्न सक्दैन, फेरबदल गर्न सक्दैन । जस्तो बीउ छ त्यस्तै फल आउँछ ।

हामीले एकै खालको जमिनमा दुई प्रकारको बीउ रोप्यौँ– एउटा बीउ उखूको छ र अर्को बीउ नीमको छ । एकै खालको माटो, त्यही हावा, त्यही घाम, त्यही पानी तर उखूको बीउबाट उखू नै उम्रिन्छ, त्यस्तै नीमबाट नीम नै उम्रिन्छ । यहाँ कसैले केही गरेको छैन । यहाँ कोही महात्मा-परमात्मा कसैले केही गरेको छैन । तर किन यस्तो भयो ? उखूमा उखू फल्यो जुन अत्यन्त गुलियो भयो । नीममा नीम उम्रियो जुन अत्यन्त तीतो भयो । यहाँ कुनै भगवान्को कृपाले उखू गुलियो भएको होईन; त्यस्तै भगवान् रिसाएकोले नीम तीतो भएको पनि होईन । प्रकृतिको नियम नै त्यस्तै कि जुन बीउको जस्तो स्वभाव-गुण छ त्यस्तै स्वभाव-गुण फलमा पनि आउँछ । यहाँ कसैले केही गर्नुपर्दैन ।

बीउ रोप्ने समयमा होश गर्नु कि यदि मिठो फल मनपर्छ भने नीमको बीउ नरोप्नु, तीतो फल आएपछि रोएर-कराएर के फाईदा ? जतिसुकै रोए पनि अथवा जीवनभर रोए पनि जस्तो बीउ हो त्यस्तै फल आउँछ त्यसमा हेरफेर हुँदैन । पछि रुनुको साटो बीउ रोप्दा होश गर्नुपर्‍यो कि कतै नमिठो फल आउने बीउ त परेन । नमिठो फल आइसकेपछि अरूलाई हारगुहार मागेर हुँदैन, कुनै देवी-देवताको पूजा गरेर हुँदैन, ग्रह-दोष भनेर भाकल गरेर हुँदैन ।

यो प्रकृतिको नियम हो । यो नियम सबैका लागि समान छ । बीउ रोप्ने व्यक्तिअनुसार फल आउँदैन, कुनै वर्गका लागि फरक नियम हुँदैन । तीतो बीउबाट तीतै फल आउँछ, मीठो बीउबाट मीठै फल आउँछ । जुनसुकै जात-जातीका मान्छे अथवा जुनसुकै रहन-सहनका मान्छे अथवा जुनसुकै देशका मान्छेले रोपे पनि उखू मीठो नै हुनेछ, यस नियममा केही हेरफेर हुँदैन ।

कसैलाई यस्तो पनि लाग्ला कि म माथि कसैको कृपा भएको कारण मैले मीठो फल पाएको छु । यस्तो कृपाले केही भएको होईन, अन्यथा संसारमा सबैले मीठो-राम्रो मात्रै पाउने थियो, आफ्ना इच्छा अनुसार रमाउने नै थिए, सबैका इच्छाहरू पूरा हुने थिए । प्रार्थना त सबै गर्छन तर फल सबैले त्यही पाउँदैनन् किन ? यसलाई बुझौँ, कहाँ अल्झिएको छ ? आफ्नो कर्म सुधार्न तिर लागौँ । जस्तो मेरो कर्म त्यस्तै फल । हामी दुष्कर्म नै दुष्कर्म गरौँ र फेरि आशा गरौँ कि कसैले कृपा गरिहाल्छ । हजार दुष्कर्म गरे पनि मलाई अदृश्य शक्तिको कृपाको कारण राम्रो फल प्राप्त अवश्य हुन्छ भन्न थाल्यौँ भने जीवन डुब्यो । शुद्ध धर्म समाजबाट विलुप्त हुनुको कारण नै यही हो कि धर्मको शुद्ध स्वरूपलाई भुल्दछ । शील पालन गर्नु, मनलाई वशमा पार्नु, प्रज्ञाद्वारा चित्तलाई निर्मल पार्नु यी सत्कर्म हुन् । यस्तो गर्ने व्यक्तिले दुष्कर्म गर्नै सक्दैन र असल फल नै प्राप्त हुन्छ । शील पालन गरेन, मन वशमा राखेन, मन निर्मल गरेन भने जुन कर्म गरे तापनि दुष्कर्म हुन जान्छ र त्यसको दुष्फल नै आउँछ । यो कुरालाई जति छिटो बुझ्यो त्यति फाईदा हुन्छ र उसले त्यति छिटो शुद्ध धर्मलाई बुझ्दछ । अब बुझ्दछ कि म दुष्कर्म गर्दिन, म तीतो बीउ रोप्दिन किनकि मलाई नमिठो मन पर्दैन ।

आफूलाई मीठो फल चाहिन्छ भने बीउ रोप्दा होशियार हुनुपर्‍यो, यो त एकदम सही कुरा हो । आफूबाट त्यस्तो कुनै कर्म नहोस् जसबाट पछि आफूलाई हानिकारक हुन्छ, कष्टदायक हुन्छ । खूब होस् हुन थाल्छ, खूब सजग बन्न थाल्छ । उसले चाहे आफूलाई हिन्दू, बौद्ध, सिख, इसाई, अथवा जेसुकै भन आफू धार्मिक हुने भयो । अब दुष्कर्म गर्नबाट बच्ने भयो, सत्कर्म गरिने भयो । आफ्नो भलाईको काम गर्ने भयो र अरूको भलाईको सहायक हुने काम गर्ने भयो । सारा वातावरण धर्म-तरङ्गले भरिने भयो । धर्मको यो शुद्ध रूप जुन सबैका लागि उपयोगी छन्, जुन प्रत्येक व्यक्तिको हीतमा छ, जुन हरहमेसा गर्न सकिने हो र त्यत्तिकै फाईदाजनक छ, यसलाई बुझेर आफूले अपनाउनुपर्छ । यसबाट जीवन जिउने तरिका बदलिने छ । एक जनाले अपनायो भने एक जना स्वस्थ हुनेछ, सुखी हुनेछ । त्यस्तै एक-एक जना गरेर सारा समाज स्वस्थ हुनेछ, सुखी हुनेछ । जति सक्दो छिटो यो कुरालाई बुझियो, स्वीकार गरेर आफ्नो

जीवनमा लागु गऱ्यो, जीवनमा मीठो फल पनि त्यति नै छिटो आउँछ । यसलाई बुझेन भने भट्कियो ।

भगवान्को जीवनकालको एउटा घटना– एक जना व्यक्ति भगवान्लाई भेट्न आए । उनको बुबाको परलोक भएको थियो । दुःखी बिचरा, भगवान्द्वारा आफ्नो पिताको लागि केही गराउन चाहन्थ्यो । अन्य सानातिना पूजारीहरूद्वारा कर्मकाण्ड गराएर परलोक भइसकेका व्यक्तिको सद्गति, मुक्ति दिलाउने प्रथा समाजमा थियो । अब उहाँ त भगवान् सम्यक सम्बुद्ध, सर्वशक्तिमान्, महाकारुणिक, अरूभन्दा अति विशिष्ट, उहाँले केही गरिदिनुभयो भने त परलोक भएका व्यक्तिको सद्गति त अवश्य हुनेछ; भगवान्लाई बिन्ती गर्न थाले ।

भगवान्ले उनलाई सम्झाउनुभयो, "होईन भाइ ! तिमीले यो प्रकृतिको नियमलाई बुझ्नु । प्रत्येक व्यक्ति आफ्नो कर्म आफैंले बनाउँछ र त्यसको फल पनि आफैंले भोग्दछ, अरूले के गर्न सक्छ र ?" तर त्यो व्यक्तिले यो कुरा बुझेन । भगवान्ले दुईवटा घैंटो मगाउनु भयो । भगवान्ले उनको बुबाको लागि केही गरिने भयो भनेर अति खुसी भए । भगवान्ले एउटा घैंटोमा घ्यू भर्न दिनुभयो र अर्कोमा ढुङ्गाका गोटी भर्न दिनुभयो । दुइटैको मुख बन्द गर्न लगाई पोखरीमा राख्न दिनुभयो । दुईटै घैंटा आ-आफ्नो तौलअनुसार पानीमा डुबे । अब लट्ठीले हानेर त्यसलाई फोड्न लगाउनुभयो । विचरा त्यो व्यक्ति आफ्नो बुबाको सद्गतिको लागि अत्यन्त व्याकुल, अब बुबाले स्वर्गमा वास पाउने भयो भनेर अत्यन्त प्रशन्न हुँदै भगवान्को निर्देशनअनुसार काम गर्दै थिए । घैंटा फुटेपछि घ्यू पानीमा उत्रियो, गोटी पानीमा डुब्यो । अब, भगवान्ले भन्नुभयो, "तिमी यहाँ प्रार्थना गर्नु कि 'ए घ्यू ! तल जानु, तल जानु । ए गोटी ! पानीमाथि आउनु, माथि आउनु ।"

"भगवान् तपाईं मलाई जिस्क्याउँदै हुनुहुन्छ । यो कसरी हुन्छ कि यो गह्रुङ्गो वस्तु पानीमाथि कसरी आउँछ, हलुको घ्यू कसरी पानीमा डुब्छ । यो प्रकृतिको नियम हो– गोटी जुन पानीभन्दा गह्रुङ्गो छ पानीमा तैरिन सक्दैन, त्यसैले पिंढमा रहन्छ । त्यस्तै घ्यू पानीभन्दा हलुको छ त्यो पानीमा तैरिन्छ, यो तल जान सक्दैन ।"

भगवान्ले सम्झाउनुहुँदै भन्नुभयो, "ठीक त्यस्तै कोही व्यक्ति जीवनभर कङ्कड-पत्थर झैं काम गर्छ भने त्यो तल नै जानेछ, उसलाई कसले माथि ल्याउन सक्छ ? त्यस्तै सारा जीवन हल्का हुने घ्यू झैं काम गर्छ भने माथि नै रहन्छ, कसरी तल जान्छ ? उसको सद्गति नै हुन्छ । कसले उसको खुट्टा तान्छ र ? कर्म र फलको बीचमा अरू कसैले छेक्न सक्दैन, बाधा गर्न सक्दैन । जस्तो कर्म त्यस्तै फल आउँछ, जस्तो कर्म त्यस्तै फल आउँछ ।"

यदि हामीलाई कसैले यस्तो कर्मकाण्ड गऱ्यो भने तिम्रो पाप नाश हुन्छ; यस्तो दार्शनिक मान्यता मान्यो भने तिम्रो कुकर्मको फल क्षीण हुन्छ; कुनै पर्व, उत्सव, तिर्थ गरेमा अथवा ब्रत-उपवास गरेमा पाप सकिन्छ भनेर हामी त्यसको पछि-पछि लाग्यौं भने सत्कर्म गर्ने काम किन गर्नुपऱ्यो र ? कोही व्यक्ति आफ्नो कर्म सुधार्ने काम नै किन गर्छ ? शुद्ध धर्म धारण गर्ने काम नै किन गर्छ ?

जुन दिन यो दुष्कर्म गर्नाले मैले दुष्फल पाउँछु, यसबाट मलाई कसैले बचाउँदैन भन्ने बुझ्छ, उसले त्यस दिन दुष्कर्म गर्नबाट आफूलाई बचाउँछ । हरेक कर्म गर्दा सजग रहन्छ, आफूले कस्तो बीउ रोपिरहेको छ ? त्यस्तै जुन दिन सत्कर्म गर्नाले सत्फल पाउँछ भन्ने ज्ञान जाग्छ, तब सुकर्म गर्ने कामतिर सजग हुन्छ, मैले कस्तो बीउ रोपिरहेको छु, खूब सजग हुन्छ । बीउ रोप्ने समय सजग रह्यो भने फलको चिन्ता नै गर्नुपरेन । राम्रो-असल बीउ रोपेको छ भने असल फल अवश्य नै आउँछ । असल कर्म गरेको छ भने फल पनि अवश्य असल नै आउँछ ।

धर्मको यस्तो सरल कुरा, यति सीधा कुरा । यसलाई किन गहन बनायो, हामी कहाँ फस्यौं । शुद्ध धर्म सबैले बुझुन् । सत्कर्म गर्नतिर लाग्नु, दुष्कर्म गर्नबाट बच्नु । आफ्नो मङ्गल हुने काम पनि गर्नु, अरूको मङ्गल हुने काममा पनि सहायक हुन सकौं । शुद्ध धर्म जजसले धारण गर्छ उनको मङ्गल हुनेछ, उनको कल्याण हुनेछ, उनको स्वस्ति हुनेछ, मुक्ति हुनेछ ।

(साभार : 'विपश्यना' पत्रिका बुद्ध वर्ष २५६५, वर्ष ३८, अङ्क ११)

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

जन्म:
बि.सं. १९८७ असार १८ गते

दिवंगत:
बि.सं. २०७८ चैत्र २३ गते

दिवंगत पन्ना रत्न तुलाधर

कुसुमबियालाछी, डँहिटी

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य लगायत धर्मकीर्ति विहार स्थापनाकाल देखि आवश्यक सहयोग पुऱ्याउँदै आउनुभएका श्रद्धावान् उपासक **पन्ना रत्न तुलाधर** दिवंगत हुनुभयो । उहाँको सुगति एवं निर्वाण कामना गरी उहाँको पुण्यस्मृतिमा पुण्यानुमोदन गर्दछौं ।

धर्मकीर्ति पत्रिका

धर्मकीर्ति विहार परिवार

श्रीघः नःघः, काठमाडौं

धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

क्र.सं. ९२०

सुमी शाक्य

चःमति, काठमाडौं

रु. २,०००/–

धर्मकीर्ति पत्रिकालाई सहयोग

दिवंगत पन्ना रत्न तुलाधरको पुण्य स्मृतिमा उहाँका परिवारबाट – रु. १,०००/– सहयोग दिनुभएको छ ।

धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

क्र. सं.	२०७८/७९ साल	बुद्ध पूजा गर्नुहुने गुरुमांहरू	धर्मदेशना गर्नुहुने गुरुमांहरू
१	२०७८ चैत्र २६ गते, शनिवार, अष्टमी	सुवण्णवती गुरुमां	सुवण्णवती गुरुमां
२	२०७९ बैशाख १ गते, बिहिवार, संक्रान्ति	पञ्ञावती	पञ्ञावती
३	२०७९ बैशाख ३ गते, शनिबार, ल्हुतिपुन्हि	खेमावती	धम्मवती
४	२०७९ बैशाख ११ गते, आइतवार, अष्टमी	मेत्तावती	मेत्तावती
५	२०७९ बैशाख १७ गते, शनिवार, औंशी	केशावती	केशावती

वेस्सन्तर जातक - ४



✍ वीर्यवती गुरुमां

वोधिसत्व वेस्सन्तर राजकुमारले आफ्ना छोरा छोरी जुजक ब्राह्मणलाई दान दिइएको दृश्य

यति विचार गरी "हे वेस्सन्तर ! तिमीले छोरा-छोरीहरू दान दिने बेला उनीहरूलाई दुःख, कष्ट हुने भनेर कसरी थाहा नपाएको ? दान दिइसकेपछि छोरा-छोरीहरू दुःख, कष्ट भयो भनी अहिले तिमीले दान लिने याचक ब्राह्मणलाई नै मार्छु भनी सोच्नु कतिको उचित कुरो हो ? दान दिइसकेपछि चित्त दुखाई पश्चाताप गर्नु त सत्य धर्ममा रहने व्यक्तिहरूको स्वभाव धर्म होइन । दान दिइसकेका ती बाल बालिकाहरू प्रति तिम्रो कुनै हक छैन अब । ती बाल बालिकाहरू त तिम्रा होइनन् । त्यसैले फेरि एकपटक तिमीले "मेरो सन्तानलाई यस्तो गऱ्यो, उस्तो गऱ्यो" भनी मनमा राखी माया जालले बाँधिएर त्यत्रो पवित्र दान कार्यमा कलङ्क लगाउन खोजेको ? यो दुःख र शोक हुनुको मुख्य कारण नै तिम्रो प्रेम र स्नेहले भरिएको चित्तलाई दमन गरी बसमा राख्न नसक्नु हो । यस्तो स्नेह नाश गरी मध्यस्थ भएर रहनु पऱ्यो भन्ने सोची वेस्सन्तरले आफूले आफैंलाई उपदेश दिई चित्त दृढ र धैर्य गरी पर्णशालाबाट बाहिर निस्कि आँगनको फराकिलो ढुङ्गामा कञ्चनको मूर्ति जस्तै भएर बस्नुभयो ।

साँझपख मद्रीदेवी हतार हतार जङ्गलबाट आश्रमतर्फ फलफूल बोकी आइन् । त्यसदिन पूर्णिमाको दिन रहेछ । सधैँ जसो जुन ठाउँमा जाली र कृष्णाजिनी उनको बाटो हेर्दै पर्खिरहने गर्थे, त्यस ठाउँमा आज सून्य देखियो ।

यो देखि उनीले सोचिन्- "पहिला पहिला भए मेरा पुत्र पुत्रीहरू धूलोमा लटपटिएर यस स्थानमा बाच्छा बाच्छीहरूले आफ्नी आमा गाईको आशा लिएर बसे जस्तै गरी मेरा बच्चाहरूले पनि मेरो बाटो हेरेर बसिरहन्थे । जसरी चल्लाका बच्चाहरू आफ्ना आमा चल्लाहरू देख्ने वित्तिकै कान ठाडो पार्दै, गर्दन लामो पारी चनाखा भएर बस्थे, त्यसरी नै मेरा छोरा-छोरीहरू मेरो मुटु नै न्यानो पारी म नआउञ्जेल यस स्थानमा कुरिरहने गर्थे । तर आज यस स्थानमा कुकुर एउटा पनि देखिएन । पहिला पहिला भए मलाई देख्ने बित्तिकै दगुरेर आई मेरो शरीरमा लटपटिन आउने मेरा छोरा-छोरीहरू आज सुनसान हुने गरी कहाँ गए होलान् ? ऊ ... । उनीहरूका खेलौनाहरू त त्यसै फालाफाल भइरहेका छन् । आज हिजो अस्ति जस्तै आश्रम वरिपरिको वातावरण रमाइलो देखिंदैन । हेर्दै डरलाग्दो र मन नै खिन्न पार्ने खालको वातावरण छ आज । के भएको यो ? आज त मलाई एकदम नरमाइलो लाग्दैछ ।" यसरी विलाप गर्दै मद्रीदेवी चुपचाप एकान्त ठाउँमा बसिरहेका वेस्सन्तर समक्ष पुगिन् । आफ्ना श्रीमान् वेस्सन्तर समक्ष पनि आफ्ना छोरा-छोरीहरू नदेखेपछि उनी

चुप लागेर बस्न सकिनन् र वेस्सन्तरलाई सोध्न पुगिन्– "भो स्वामी ! आज तपाईं किन नबोली चुपचाप बसिरहनु भएको ? वनका पशुपंक्षी पनि चुपचाप बसिरहेका छन् । के हाम्रा छोरा-छोरीहरूलाई बाघ, भालुले खाए कि क्या हो ? अर्थात् उनीहरू माथि कुनै दुर्घटना त घटेन ?

खेल्न गएका उनीहरू अहिलेसम्म किन फर्केनन् ? तपाईंले उनीहरूलाई कतै पठाउनु त भएन ?

मद्दीदेवीका यत्तिका प्रश्नहरू मध्ये एउटा प्रश्नको पनि उत्तर दिन तयार भएनन् वेस्सन्तरले । यो देखी मद्दीदेवी झन् हत्तारिन् र फेरि सोधिन्– "किन नबोल्नु भएको तपाईंले ? मेरो तर्फबाट कुनै भूल त भएन तपाईं माथि ? मेरो केही गल्ती त भएन ?

तर वेस्सन्तरले केही जवाफ दिएन । अनि मद्दीदेवीले आफ्ना छोरा-छोरीहरू जहाँ-जहाँ खेल्ने गर्थे, त्यहीं त्यहीं गई उनीहरूलाई खोज्न पुगे । तर कहिं कतै पनि भेट्टाउन नसकेपछि हरेश खाँदै विलाप गर्दै फर्किन् । यसरी शोक र पीरले गलि सकेकी मद्दीदेवीको छोरा-छोरीलाई बोलाउँदा बोलाउँदै स्वर नै सुकिसकेको थियो । उनको शरीर थकाईले आलस्य र क्लान्त भइसकेको थियो । अनि उनी पातहरू पहेंलो भई ओइलिएर गलिसकेको केराको बोट ढलेजस्तै वेस्सन्तरको सामू मुर्छा परेर ढलिन् । यसरी आफ्नो अगाडि मद्दीदेवी मुर्छा परी हिउँ जस्तै चीसो भएकोले वेस्सन्तरले मद्दीदेवीको मृत्यु भयो भन्ने ठानेर शोक गर्दै मद्दीदेवीलाई हेर विचार गर्न पुगे । वेस्सन्तर परिवार वंक पर्वतमा बसी जीविका गर्दै आएको ७ महिना बितिसक्यो । त्यसबेला देखि वेस्सन्तरले श्रमण धर्म पालन गरेरै आइरहेको थियो । तर यस्तो आपद आइपर्दा हडबडीले गरेर वेस्सन्तरले आफ्नो तपस्वी भाव पनि विर्सन पुगेर मद्दीदेवीले श्वास फेरिरहेकी छ छैन भनी हेर्नको लागी उनको शरीरमा स्पर्श गर्न पुगे । यसरी जाँचीसकेपछि मद्दीदेवी मुर्छा मात्र भएकी भन्ने कुरा थाहा पाउने वित्तिकै आफ्नो कमण्डलको पानीले मद्दीदेवीको मुखमा छर्कन थाल्यो । अनि मद्दीदेवीको विस्तारै होश आउन थाल्यो । राम्ररी होश आउने वित्तिकै उनी हतरपतर उठी आफ्नो वस्त्र सम्हाल्दै वेस्सन्तरको पाऊ ढोगिन् । पछि उनीले फेरि आफ्ना छोरा र छोरीलाई सम्झेर प्रश्न गर्न थालिन्– "भो नाथ ! हाम्रा पुत्र र पुत्री कहाँ गए ?"

अनि वेस्सन्तरले भने– "भो देवी ! हाम्रा छोरा-छोरीलाई तिमी वनमा गइरहेको वेला एउटा याचक ब्राह्मणको हातमा दान दिइर पठाइसकें । त्यस ब्राह्मणलाई तिमी नआउञ्जेल कुरिरहनको लागि आग्रह पनि गरेको थिएँ । तर उसले मानेन । तर तिमीले यसमा चित्त दुखाउनु पर्दैन । सत्पुरुषहरूले आफ्नो घरको सविज्ञानक वा अविज्ञानक पदार्थ दान दिंदा चित्त दुखाउँदैनन् । ती महापुरुषहरूले उत्तम निर्वाण (मुक्ति) प्रार्थना गरी आफ्नो मुटु झिकेर दान दिनको लागि पनि पछि हट्दैनन् । त्यसैले तिमीले यसमा कुनै अपशोच नगर्नु । मेरो श्रेष्ठ दानचर्यालाई तिमीले अनुमोदन गर्नु ।

वेस्सन्तरले प्रेमपूर्ण र दयाले भरिएको कुरा सुनी मद्दीदेवीले भनिन्– भो स्वामी ! तपाईंले हाम्रा छोरा-छोरीहरूलाई दान दिनुभएको सुनी मेरो मन खिन्न भएको छैन । यस सर्वोत्तम दानलाई मैले सहर्षपूर्वक अनुमोदन गरें । तपाईं पनि प्रसन्न रहनुहोस् । कत्ति पनि शोक र पश्चाताप नगर्नुस् । अझ तपाईंको इच्छा पूर्ण हुने गरी यो भन्दा पनि बढी दान गर्नुस् । याचकहरूको मन प्रफुल्ल पार्दै दान दिनुस् । यति भन्दै उनीले दान अनुमोदन गरी धन्य ! धन्य !! तपाईंको दान ! धन्य तपाईंको याचकहरूका लागि महाकरुणा ! साधु ! साधु !! भन्दै हर्ष प्रकट गरिन् ।

यसरी वेस्सन्तर र मद्दीदेवीले आफ्ना दान कार्यलाई अनुमोदन गर्दै मन प्रफुल्ल पारी दिन बिताए ।

भोलीपल्ट फेरि एकजना ब्राह्मण वेस्सन्तरको अगाडि याचकको रूपमा उभिन आए । वेस्सन्तरले उसलाई कारण सोद्धा उसले यसरी भने– "भो वेस्सन्तर ! म धेरै बृद्ध भइसकें । त्यसैले तपाईंकी रानी मद्दीदेवीलाई दान लिन आएँ ।" यो कुरो सुन्ने वित्तिकै वेस्सन्तरले त्यस याचकलाई खुशी हुँदै भने– "भो ब्राह्मण ! मैले तिमीलाई मद्दीदेवी दान दिने भएँ । मसंग भएका बस्तु मैले लुकाइराख्न चाहँदिन । दान लिन आउने व्यक्ति मात्र भए मैले आफ्नो मुटु समेत झिकी दान दिन तयार छु ।"

यति भनी कमण्डलको पानी ल्याई मद्दीदेवीको हात समाती याचक ब्राह्मणको हातमा पानीको धारा बगाई दान दिए ।

दान दिइसकेपछि वेस्सन्तरले भने– "मैले मेरी प्राण समानकी पत्नी मलाई मन नपरेको कारणले दान

दिएको होइन । उनी भन्दा पनि अति प्रिय बोधिज्ञान (बुद्धत्व) प्राप्त गर्ने आशा र प्रार्थना गरी मैले आफूलाई मनपर्ने पत्नी र छोरा-छोरीहरू दान दिएको हुँ ।

यति भन्दै वेस्सन्तरले आफ्नी पत्नी मद्दीदेवीलाई सोधे– "भो मद्दी ! तिम्रो मनमा कुनै दुःख लागेको छ कि ?"

आफ्नो स्वामीको बुद्धत्व प्राप्त गर्ने अभिलाषालाई कदर गर्दै मद्दीदेवीले दुःख होइन खुशी प्रकट गर्दै यस महान दान कार्यको अनुमोदन गरिन् ।

यसरी पती पत्नी बिचको सौहार्दपूर्ण वार्तालाप सुनी याचक ब्राह्मण अति नै प्रभावित भएर भन्न थाले– "भो वेस्सन्तर ! यस मद्दी देवीलाई मैले दान लिए पनि हाल मेरो साथमा लग्ने छैन । यिनीलाई अहिले तपाईंकै समक्ष नासोको रूपमा छोडेर जाँदैछु । उनी मलाई होइन तपाईंलाई मात्र सुहाउँछिन् । जसरी पानी र शङ्खको वर्ण छ, त्यसरी नै तपाईंहरू दुबैजनाको रूपवर्ण पनि एउटै छ । त्यसैले यस मद्दीदेवी तपाईंलाई नै भयो । अब यिनलाई कोही याचकको हातमा तपाईंले दान दिन पाउनु हुन्न । तपाईंको दान कार्यबाट दुःखी भएका जेतुत्तर नगरवासीले तपाईंलाई नगरबाट निष्काशन गरे पनि तपाईंले आफ्नो दान कार्यलाई त्याग्नु भएन । अझ आफ्नै छोरा-छोरी समेत दान दिई धर्मचर्या पालन गर्नुभयो । यो अति उत्तम कार्य हो । यसरी नै दानपुण्य कार्य गर्नुस् । दान दिने कार्यबाट विचलित नहुनुस् । यसरी धैर्य र शुभकामना दिंदै त्यस याचक आफ्नो बाटो लागे ।

वेस्सन्तरका छोरा-छोरी दान लिएर गएका जूजक ब्राह्मण १५ दिन पछि जेतुत्तर नगर पुगे । हुन त उ कलिंग देशमा जान भनी आएका थिए । संयोगवस जूजक ब्राह्मणको मन परिवर्तन भएर ती बाल बालिकाहरूका बाजे बज्यै (जेतुत्तर नगरका राजा रानी) समक्ष जान मन लागेछ । त्यसैले उ जाली कुमार र कृष्णाजिनीका साथ राज-पतांगिरीमा उभिए । राजा संजयले यो कुरो थाहा पाउने वित्तिकै दूत एकजना पठाई जाली कुमार र कृष्णाजिनी सहित जूजक ब्राह्मणलाई आफू सामु ल्याउन आदेश दिए ।

जाली र कृष्णाजिनीलाई वेस्सन्तर राजकुमारले जूजक ब्राह्मणको हातमा दान दिई पठाएको कुरा थाहापाई जेतुत्तर नगरका अमात्यहरूले वेस्सन्तरको ठूलो निन्दा र उपहास गरे । तर राजा संजयले राज कर्मचारीहरूलाई आदेश दिई त्यस जूजक ब्राह्मणलाई एकहजार रुपैयाँ, हात्ती, घोडा, ओढ्ने, ओछ्याउने आदि देखि लिएर रथ, दास, दासी र बस्नको लागि एक घर समेत गरी जम्मा सयवटा वस्तुहरू जम्मा गरी पुरस्कार दिन लगाए । अनि आफ्ना प्यारा नाती नातिनी दुबैजनालाई आफूले संरक्षण गरी राखे ।

यसरी जेतुत्तर नगरका राजा रानी दुबैजना आफ्ना प्यारा नाती र नातिनीलाई नुहाउन दिई राम्ररी खाना खुवाई भला कुसारी गर्नमा तल्लिन रहे । ती बाल बालिकाहरूले आफ्ना आमाबुबाले जङ्गलमा कष्टपूर्वक जीवन बिनाइरहेको घटना विषयमा वृत्तान्त कुरा सुनाउन थाले ।

सबै कुरो सुनिसकेपछि राजा संजयले आफ्ना छोरा वेस्सन्तरको त्यागमय भावना देखि आश्चर्य चकित भए । निर्दोष वेस्सन्तरले कष्ट पूर्वक बिताइरहेको दयनीय जीवन सम्झँदै राजा संजयमा ज्यादै स्नेह उत्पन्न हुन थाल्यो । आफ्ना धार्मिक छोरा वेस्सन्तरलाई देश निकाला गरेकोमा पश्चाताप हुन थाल्यो । उनले सोच्यो– "राज्य चलाउन लायक भइसकेका मेरा छोरा वेस्सन्तरलाई वनवास होइन राजकाज चलाउने जिम्मा दिनु मात्र उचित हुनेछ । यस राज्यमा जति पनि धन सम्पत्ति छन्, ती सबै वेस्सन्तरलाई नै सुम्पि दिनेछु । मेरा छोरा वेस्सन्तरले छिट्टै यहाँ आई राज्य चलाएमा मेरा धेरै बोझ हल्का हुनेछ । यति विचार गरी राजा सञ्जयले मन्त्रीहरूलाई बोलाई यसरी हुकुम भयो– "लौ छिट्टै ६० हजार सैन्यहरू तयार गरी हात्ती, घोडा तयार गर्न लगाई सबै जनताहरू बोलाउनु । हामीले सकेसम्म वेस्सन्तरलाई देश भित्र फिर्ता बोलाउन हतार भइसक्यो । त्यसैले जेतुत्तर नगर देखि वंकपर्वतसम्म राम्ररी बाटो बनाई सजाउने गर्नु ।" राजाको हुकुम पालन भयो र राजा रानी सहित लाखौं जनताको लावा लस्कर जाली कुमारको नेतृत्वमा वंक पर्वतमा जानका लागि कार्यक्रम बनाइयो ।

उता घरबार, थुप्रै धन सम्पत्ति र दास दासीले सम्पन्न भएका जूजक ब्राह्मणले आफ्नो जीवनमा कहिले पनि उपभोग गर्न नपाएको ऐस आराम र विलासमय जीवन बिताउँदै अति उच्च स्तरको भोजन गर्न पाएकोले होश सम्हाल्न सकेन । उसले अपच हुने गरी ज्यादै

भोजन खाई बढी आराम लिन थालेको फलस्वरूप खाना नपची अपच रोगको कारणले उसको तत्कालै मृत्यु पनि भयो ।

वंक पर्वत जाने कार्यक्रम शुरू हुन थाल्यो । धेरै रमाईलो वातावरणले छाएको थियो त्यस दिन । सबैको अनुहारमा खुशी र हर्षको मुस्कान देखिन्थ्यो यात्रा शुरु हुँदा । वंक पर्वत पुगिसके पछि त्यहाँबाट आश्रमतिर लाग्ने बेला लावा लस्कर एकैपटक वेस्सन्तर समक्ष जान उचित हुने नदेखी राजा सञ्जयले रानी फुसतीदेवीलाई भने– "भो फुसति ! हामी सबै एकैपटक आश्रममा गयौं भने हामी सबैको शोक बढि हुनेछ । त्यसकारण पहिला म जानेछु । केही छिनपछि मात्र तिमी परिवार सबैलाई लिएर आउनु ।"

यति भनी राजा सञ्जय दुईजना अंगरक्षक सहित वेस्सन्तर कहाँ गए। आफ्ना पिता राजा सञ्जयलाई अचानक दुई अङ्गरक्षकका साथ देखेपछि अचम्म मानी वेस्सन्तर र मद्दीदेवी हत्तरपतर आशनबाट उठी आफ्ना बुबालाई स्वागत गर्न गए। अभिवादन कार्य सकेपछि दुबै तर्फबाट हर्षको आँसु बहाई कुशल वार्ता गरे। वार्ता गर्दा गर्दै जाली कुमार र कृष्णाजिनीलाई जूजक ब्राह्मणले वेस्सन्तरको हातबाट दान लिएर राजदरवार पुऱ्याइएको कुरा थाहा पाइसकेपछि अझ हर्ष थपियो ।

यहीबेला महारानी फुसतीदेवी देखापरिन् । माता फुसती देवीसंग कुशल वार्ता शुरू भयो । मद्दीदेवी भने जाली र कृष्णाजिनी पनि आइपुग्नेछन् भन्ने कुरो थाहा पाए देखि ती दुई बाल-बालिका आउने बाटो तर्फमात्र हेरिरहिन् । यत्तिकैमा जाली र कृष्णाजिनीहरू पनि कुशल पूर्वक आइरहेका देखी मद्दीदेवीले आफ्नो मातृ हृदयलाई थाम्न नसकी गहभरी आँसु राख्दै मेरा बच्चाहरू ! भन्दै हतारिंदै बच्चाहरू तर्फ दगुरिन् । छोरा-छोरीहरू पनि आमा ! आमा !! भन्दै हर्षले विह्वल हुँदै एक सासमा हस्याङ्ग फस्याङ्ग गर्दै आमातर्फ हुत्तिंदै आए। यत्तिकैमा वेस्सन्तर, राजा सञ्जय र रानी फुसतीदेवी पनि दगुर्दै बच्चाहरू तर्फ पुगे। यो हर्षित मिलनको दृश्यलाई हेरिरहने सबै प्रजागणले मन थाम्न नसकी रोए ।

अनि सबै राजपुरुषहरूले वेस्सन्तरलाई यसरी प्रार्थना गरे– "भो वेस्सन्तर ! तपाईंनै सिवि देशका मालिक हुनुहुन्छ । त्यसैले तपाईंलाई सञ्जय राजाले यहिं नै सेतो छत्रले ओढाई राज्याभिषेक दिने इच्छा गर्नुभएको छ । कृपया तपाईंले यसलाई स्वीकार गरिदिनुहोस् ।"

राजा सञ्जयले पनि आफ्नो भूल स्वीकारी वेस्सन्तरलाई राज्यभार सम्हाल्ने कुरा गरेपछि बोधिसत्व वेस्सन्तरले यस कुरोलाई स्वीकारी पर्णशालाभित्र प्रवेश गरे । आफ्नो ऋषि वस्त्र सबै फुकाली पर्णशालाबाट बाहिर आई वेस्सन्तरले यस्तो वाक्य प्रकट गरे– "अहो धन्य हो यो कुटी ! यसमा बसी मैले ७ महिनासम्म रही पारमिताको अन्त्यसम्म बिताउन पाएँ । धन्य हो यो स्थान ।" यति भन्दै पर्णशालालाई ३ पटक परिक्रमा गरी पञ्चाङ्ग प्रमाण गरे । अनि हजाम आई वेस्सन्तरको कपाल खौऱ्याई स्नान गराई अत्यन्त राम्रा देव वस्त्र लगाउन दिई राज्याभिषेक गराए ।

यति कार्य सिद्धिएपछि वेस्सन्तरको यश महान भयो । सबैले वेस्सन्तरको मङ्गल कामना गर्दै शुभकामना व्यक्त गरे । भनिन्छ त्यसबेला मानिसहरू मात्र होइन जङ्गलका सबै प्राणीहरू (पशुपंक्षी र जनावरहरू समेत) सबै हर्षले गद् गद् भए । त्यहाँको वातावरण ज्यादै रमणिय भएको थियो ।

वेस्सन्तरका पिता सञ्जयले एक महिनासम्म त्यस स्थानमा वन क्रिडा गरे । राजा वेस्सन्तरलाई जेतुत्तर नगरमा फर्काउनका लागि ६० योजन मार्ग सजाउन लगाई २ महिना बिताई राजाहरू जेतुत्तर नगर फर्के ।

वनमा स्वतन्त्र रूपले जीवन बिताइरहेका पशुपंक्षीहरूसंग मैत्रीपूर्वक जीवन बिताएर आएका राजा वेस्सन्तरले आफ्नो मुलुक जेतुत्तर पुगिसकेपछि त्यहाँ बन्दीको रूपमा थुनिएका सबै प्राणीहरूलाई मुक्त गरिदिनु भनी आदेश दिए । यसरी विरालो तहसम्मका सबै प्राणीहरूलाई मुक्त गरिए । त्यसबेला नगर भरि नै विभिन्न अलङ्कारहरूले सजाइएका थिए । ठाउँ-ठाउँमा द्वारहरू बनाई ठाउँ-ठाउँमा नृत्य कार्यक्रम सञ्चालन गर्दै प्रजागणहरू हर्ष विभोर भएका थिए ।

नगरमा भित्रिसकेपछि राजा वेस्सन्तरले आफू नगर भित्र प्रवेश गरिसकेको कुरा घोषणा गराई याचकहरूलाई भोलिपल्ट देखि नै दान लिन आउन आह्वान गरेर दान पारमिता पूरा गर्दै आफ्नो जीवन सुखपूर्वक बिताउन सफल भए । ■

साभार- 'दानपारमिता' - वीर्यवती

'धम्माचरिय' उपाधि र नेपालका प्रव्रजितहरू

पृष्ठभूमि :

ई.पू ६२३ मा नेपालको कपिलवस्तुका राजा शुद्धोदनको छोराको रूपमा सिद्धार्थको जन्म भएको थियो । २९ वर्षसम्म दरवारिया सुख ऐश्वर्य भोग गरी दु:खबाट मुक्त हुने बाटो खोज्दै ६ वर्षसम्म दुष्करचर्या गर्नु भई बुद्धगयाको बोधिमण्डपमा बुद्धत्वज्ञान प्राप्त गर्नुभयो । उहाँले प्राप्त गर्नुभएको ज्ञान बहुजन हित र बहुजन सुखको लागि प्रथम पटक सारनाथमा धर्मचक्र प्रवर्तन गर्नुभयो । बुद्धको कल्याणकारी धर्मबाट सबै प्रभावित भई बुद्धको शिक्षा त्यो बेला धेरै प्रचार प्रसार भयो । सोही बेला नेपालमा पनि शुद्ध बुद्धधर्मले प्रवेश पाएको थियो । बुद्धकालीन समयमै प्रचार प्रसार भएको बुद्धको शिक्षा नेपालमा राजा जयस्थिति मल्लको समयमा गरिएको सामाजिक परिवर्तनसँगै भिक्षुहरूलाई जबरजस्ति गृहस्थी बनाइएको कारणले नेपालमा शुद्ध बुद्धशिक्षा लोप भयो । नेपालको सामाजिक, राजनीतिक कारणले गर्दा राणा प्रधानमन्त्रीहरू चन्द्रशम्शेर र जुद्धशम्शेरको पालमा पनि भिक्षुहरूलाई देश निकाला गरियो ।

जहाँनियाँ राणाशासनको अन्त्यको शुरुवातसँगै नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण भयो । पुनर्जागरित थेरवाद बुद्धधर्ममा पहिलो प्रव्रजित श्रामणेरको रूपमा वि.सं. १९७५ मा भिक्षु महाप्रज्ञाको उदयसँगै वि.सं. १९८७ मा श्रामणेर कर्मशील (पछि भिक्षु प्रज्ञानन्द) को उदय भयो, जो प्रथम स्थविरवादी पहेंलो चीवरधारी भिक्षुको रूपमा काठमाडौं उपत्यकामा प्रवेश भयो । उहाँको प्रेरणाबाट धेरै व्यक्तिहरू प्रव्रजित हुन तम्सिए । सोही अनुरूप पुरुष मात्र नभई वि.सं. १९८८ मा रत्नपाली, धर्मपाली र संघपाली नामले तीन महिला पनि प्रव्रजित भए । नेपालमा यहींबाट शुरु भएको पुनर्जागरित थेरवाद बुद्धधर्मको रथ भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको अथक प्रयासबाट अगाडि बढेको पाइन्छ । नेपालमा बुद्धशासन उत्थानमा धर्मादित्य धर्माचार्य, भिक्षु ऊ. चन्द्रमणी महास्थविर (बर्मी), भिक्षु महाप्रज्ञा (बौद्ध ऋषि), भिक्षु प्रज्ञानन्द, भिक्षु नारद (श्रीलंका), भिक्षु अमृतानन्द तथा गुरुमांहरूमा रत्नपाली, धर्मपाली, संघपाली र धर्मचारीको व्यक्तित्व एवं बुद्धशासनिक योगदान अविस्मरणीय रहेको छ । उहाँहरूलाई आधुनिक नेपालको बुद्धशासनको अग्रज व्यक्तिहरूको रूपमा लिइन्छन् । तथापि बुद्ध जन्मभूमि नेपालमा बुद्धशिक्षाको पठनपाठनको व्यवस्था नभईरहेको सो समयमा त्यसका लागि विभिन्न बौद्ध राष्ट्रहरूमा जानुपर्ने बाध्यता विद्यमान थियो ।

बुद्धधर्म र म्यानमारको सम्बन्ध :

कपिलवस्तुका शाक्यहरूलाई कोसलका तत्कालीन शासक विडूडभले आमसंहार गरेको समयमा त्यहाँका शाक्यहरू भागी बर्मा (हाल म्यानमार) सम्म पुगेको मान्यता रहेको पाइन्छ । तिनीहरूबाटै त्यहाँ बुद्धशिक्षाको राम्ररी संरक्षण र सम्वर्द्धन गरिएको हुनाले सो शिक्षाको अध्ययन गर्नका लागि उपयुक्त ठाउँको रूपमा लिइन्छ । पाँचौं र छैठौं संगायना गरेको बर्माले छैठौं संगायनामा त्रिपिटकलाई शुद्ध गरी आधिकारिक रूपमा पुस्तकमा प्रकाशित गर्ने कार्य भयो । यसरी बुद्धको शिक्षालाई संरक्षण गर्न बर्मा देशले ठूलो भूमिका खेलेको पाइन्छ ।

म्यान्मार बौद्ध देश भएको कारणले गर्दा सरकारी स्तरबाट नै बुद्धधर्मको संरक्षण सम्वर्द्धन गर्दै आइरहेको छ । शुद्ध बुद्धशिक्षालाई अध्ययन गर्नको लागि सरकारले धार्मिक मन्त्रालय अन्तर्गत अलग्गै व्यवस्था गरेको छ । जस अनुसार 'धम्माचरिय' शिक्षा प्रणाली पनि एक रहेको छ । यसमा म्यान्मारका लगायत विदेशी प्रव्रजित एवं गृहस्थीहरूले पनि उपाधि प्राप्तिको परीक्षामा सामेल हुन सक्ने प्रबन्ध मिलाइएको पाइन्छ । यो परीक्षामा उत्तिर्ण हुनेलाई 'सासनधज धम्माचरिय' उपाधिद्वारा विभूषित गरिने चलन रहेको पाइन्छ । हालसम्म नेपालमा ९ जना प्रव्रजितहरूले सो उपाधिको परीक्षा उत्तीर्ण गरिसकेका छन्, उहाँहरू हुनुहुन्छ –

१) भिक्षु ज्ञानपूर्णिक महास्थविरि, काठमाडौं (वि.सं. २०२०)

२) भिक्षु ञाणावुध, काठमाडौं (वि.सं. २०७५)

३) भिक्षु आनन्द, बुटवल (वि.सं. २०७७)

४) भिक्षु विचार, बुटवल (वि.सं. २०७७)

५) धम्मवती गुरुमां, काठमाडौं (वि.सं. २०१९)

६) जवनवती गुरुमां, काठमाडौं (वि.सं. २०७७)

७) अग्गञाणी गुरुमां, ललितपुर (वि.सं. २०५४)
८) विमलञाणी गुरुमां, ललितपुर (वि.सं. २०५५)
९) बुद्धपाली (मधुभाणिनी) गुरुमां, काठमाडौं (वि.सं. २०७७)

❀

'धम्माचरिय' उपाधि प्राप्त नेपालका प्रव्रजितहरू

१) धम्मवती गुरुमां
(विदेशीहरू मध्ये पहिलो तथा पहिलो नेपाली प्रव्रजित गुरुमां)

प्रव्रजित नाम	: धम्मवती गुरुमां
गृहस्थी नाम	: गणेश कुमारी शाक्य
जन्म मिति	: वि.सं. १९९१, आषाढ
जन्म स्थान	: रुद्रवर्ण महाविहार, ओकुबहाल, ललितपुर जिल्ला
स्थायी ठेगाना	: धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं
आमाको नाम	: हेराथकुं शाक्य
बुबाको नाम	: हर्षमान शाक्य
दाजुभाई, दिदीबहिनी	: २ दाजु, २ भाइ
औपचारिक शिक्षा	: श्रद्धेय बुद्धघोष महास्थविरज्यूबाट प्रारम्भिक शिक्षा
प्रव्रज्या मिति	: वि.सं. २००६, कार्तिक १०
उपाध्याय गुरु	: भिक्षु ऊ. चन्द्रमणि महास्थविर (बर्मी)
आचार्य	: भिक्षु धम्मावुध महास्थविर
प्रव्रजित स्थान	: कुशीनगर, भारत
बर्मा प्रस्थान मिति	: वि.सं. २००६
अध्ययन गरेको स्थान	: खेमाराम नन्स स्टडी सेन्टर, बर्मा
बर्मा बसाइको अवधि	: १४ वर्ष
धम्माचरिय उत्तिर्ण	: वि.सं. २०१९, भाद्र २ गते

योगदान :
- वि.सं. २०२२, धर्मकीर्ति विहार स्थापना ।
- वि.सं. २०२३ सालदेखि पहिलो पटक कुलपुत्रीहरूलाई ऋषिणी प्रव्रज्या प्रारम्भ ।
- वि.सं. २०२८ मा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना ।
- वि.सं. २०२९ 'धर्मकीर्ति' पत्रिका प्रकाशन प्रारम्भ ।
- वि.सं. २०३० मा निःशुल्क स्वास्थ्य क्लिनिक ।
- वि.सं. २०३३ ध्यानकुटी अनागारिकाराम, बनेपा निर्माण ।
- वि.सं. २०३९ धर्मकीर्ति बसुन्धरा विहार निर्माण ।
- वि.सं. २०४० रक्तदान कार्यक्रम प्रारम्भ ।
- वि.सं. २०४४ शाध्यधिता नामक संस्था स्थापना । वि.सं. २०५१ अन्तर्राष्ट्रिय विहार, लुम्बिनीमा निर्माण ।
- सुलक्षण कीर्ति विहार, चोभार; नेपाली बुद्ध विहार सारनाथ भारत; पद्मकीर्ति विहार, कमलपोखरी; शाक्यमुनि कीर्ति विहार, सतुंगल; रत्नकीर्ति विहार, हात्तीवन; श्रद्धाकीर्ति विहार, चःमति आदि निर्माणमा सहयोग ।

कृति, प्रकाशन : नेपालभाषा, नेपाली भाषाका लिखित, अनुवादित पुस्तकहरू ४५ वटा

सम्मान, उपाधिः
- 'शासनधज धम्माचरिय', वि.सं. २०१९
- अग्गमहागन्थवाचक पण्डित, वि.सं. २०४९
- रत्नवत सिरपाः, वि.सं. २०५२
- भाषा थुवाः उपाधि, वि.सं. २०५६
- नेपाः जागरण मञ्चद्वारा नागरिक स्तरबाट सम्मान (वि.सं. २०७०)
- चेतकी राज्य लक्ष्मी पुरस्कार, वि.सं. २०७१

विशेष :
- जातक देशना (वि.सं. २०३०-३६)
- अभिधर्म देशना तथा कोष स्थापना (वि.सं. २०५५)
- बुद्धवंस देशना (वि.सं. २०७८, हाल जारी)

विदेश भ्रमण :
- म्यान्मार (बर्मा), अमेरिका, कम्बोडिया, क्यानाडा, जापान, ताइवान, थाइलैण्ड, मलेशिया, श्रीलंका, सिंगापुर, हङ्गकङ्ग, भारत आदि ।

❀



२) डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर
(धम्माचरिय उपाधि प्राप्त दोस्रो व्यक्तित्व)

प्रव्रजित नाम : डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर
गृहस्थी नाम : हिरालाल शाक्य
जन्म मिति : वि.सं. १९९६
जन्म स्थान : तानसेन, टक्सार
स्थायी ठेगान : विश्व शान्ति विहार
आमाको नाम : चन्द्रमाया शाक्य
बुबाको नाम : सूर्यलाल शाक्य
दाजुभाइ, दिदी बहिनी : १ दाजु
औपचारिक शिक्षा : बि.ए. (त्रिभुवन विश्वविद्यालय)
उपसम्पदा मिति : वि.सं १०१५
उपाध्याय गुरु : अभिधज महारट्ठगुरु अग्गमहापण्डित मस्वः यिङ् सयादो ऊ सुरियाभिवंस
आचार्य : भिक्षु बुद्धघोष महास्थविर
प्रव्रजित स्थान : जम्बुदीप च्याउँ छाउँ, गभाए, यांगुन
बर्मा प्रस्थान मिति : वि.सं. २०१३
अध्ययन गरेको स्थान : महाविशुद्धाराम पालि तक्षशीला
बर्मा बसाईको अवधि : १२ वर्ष
धम्माचरिय उत्तिर्ण : विं.सं. २०२० (ई.सं. १९६३)

योगदान :

- 'पालि बर्मेली विश्व शब्दकोष' निर्माण ।
- मण्डिमण्डप महाविहार पाटन, वेलुवनाराम विहार (संस्थापक) ।
- Buddhist Temple, Nashville, Tennessee, USA मा ११ महिना प्रमुख भई धार्मिक सेवा ।
- बर्मामा 'धर्मदूत' को रूपमा धर्म प्रचार ।
- विश्व शान्ति शिक्षालयको स्थापना ।
- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र स्थापना र निर्माण पश्चात् प्रेरणा, व्यवस्थापन, ध्यान शिविरमा सक्रिय संलग्न ।
- विभिन्न संघसंस्थाका धर्मानुशासक, शिक्षाध्यक्ष, अध्यक्ष, निर्देशक, संस्थापक, प्रबन्धक, संस्थापक अध्यक्ष तथा प्रिन्सिपल भई योगदान ।
- कृति, प्रकाशन : नेपालभाषा, नेपाली, अंग्रेजी भाषाका पुस्तक लिखित, अनुवादित पुस्तकहरू ५६ वटा ।

सम्मान, उपाधि :

- 'सासनधज धम्माचरिय' (सन् १९६३)
- अग्गमहासद्धम्मजोतिकधज (सन् २००१)
- अग्गमहापण्डित (सन् २०१३)
- कम्मट्ठानाचार्य, ओवादाचार्य, श्रेष्ठ सिरपा, रत्नवत् सिरपा, उपसंघनायक ।
- नेपालका सम्माननीय प्रथम राष्ट्रपति सहित १११ बौद्ध संघसंस्थाबाट नागरिक अभिनन्दन ।
- बौद्ध दर्शनमा मानार्थ विद्यावारिधि महामुकुट विश्वविद्यालय - २०१३ ।
- पालि साहित्य मानार्थ विद्यावारिधि महाचूलालंकन विश्वविद्यालय - सन् २०१६ ।
- नेपालका संघनायक सन् २०१९ ।
- नेपाल सरकारको तर्फबाट 'परमपूज्य उपाधि' - सन् २०२० ।

विशेष :

- प्रवजितहरूको लागि औपचारिक शिक्षा प्रदान गर्नको लागि विश्व शान्ति शिक्षालय स्थापना, थेरवाद बुद्धिष्ट एकेडेमीका संस्थापक तथा प्रिन्सिपल ।

भ्रमण :

- बर्मा, श्रीलंका, थाइल्याण्ड, अमेरिका, बेलायत, जापान, चीन, मलेशिया, सिंगापुर, अष्ट्रेलिया, मंगोलिया, इण्डोनेशिया, भारत आदि ।

भाषा ज्ञान :

- नेपाली, नेपालभाषा, अंग्रेजी, पालि, बर्मी ।
- महाप्रस्थान (देहावसान) : वि.सं. २०७७ असार १९ (२०२०)

३. अग्गञाणी गुरुमां
(उपाधि प्राप्त
तेस्रो नेपाली प्रव्रजित
गुरुमां

प्रव्रजित नाम : अग्गञाणी गुरुमां
गृहस्थी नाम : पुनिता धाख्वा
जन्म मिति : २०२६, आश्विन ७
जन्म स्थान : नागबहाल, ललितपुर
स्थायी ठेगाना : अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर, शंखमूल
आमाको नाम : रत्नदेवी धाख्वा
बुबाको नाम : अष्टरत्न धाख्वा
दाजुभाइ, दिदीबहिनी : ४ दिदी, ३ बहिनी
औपचारिक शिक्षा : आई.एस्सी (पाटन संयुक्त क्याम्पस)
प्रव्रज्या मिति : २०४५ पौष
उपाध्याय गुरु : सयादो भद्दन्त पण्डिताभिवंश महास्थविर
आचार्य : संघमहानायक प्रज्ञानन्द महास्थविर
प्रवजित स्थान : महासी ध्यान केन्द्र, म्यानमार
बर्मा प्रस्थान मिति : २०४५ जेठ
अध्ययन गरेको स्थान : मणिरतन सिक्खावती विहार, पण्डिताराम ध्यान केन्द्र, म्यानमार
बर्मा बसाईको अवधि : १२ वर्ष
धम्माचरिय उत्तिर्ण : ई.सं. १९९८

योगदान :
- पण्डिताराम ध्यान केन्द्रमा अध्यापन (वि.सं. २०५३ देखि)
- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा भाषानुवाद, ध्यान निर्देशन तथा धर्मदेशना ।
- नेपाल बौद्ध परियत्ति शिक्षाको सन् २००१ देखि अध्यापनरत ।
- थेरवाद बुद्धिष्ट एकेडेमी सन् २०१३ देखि अध्यापनरत ।
- मलेसियामा समय समयमा ध्यान निर्देशिकाको रूपमा शिविर सञ्चालन ।
- बौद्ध परियत्ति शिक्षा परिषद् ने.बौ.प. शिक्षाका बोर्ड सदस्य ।
- थेरवाद बुद्धिष्ट एकेडेमीका बोर्ड सदस्य ।
- त्रिपिटक अनुवाद मण्डप, वीर पूर्ण पुस्तक संग्रहालयका बोर्ड सदस्य भई पालि ग्रन्थ नेपालभाषामा अनुवाद ।
- लुम्बिनी बौद्ध विश्वविद्यालय अनुसन्धान केन्द्रको योजना अनुसार पालि ग्रन्थ नेपालीमा अनुवाद ।
- विभिन्न जिल्लामा बौद्ध जागरण शिविरमा प्रशिक्षण ।

कृति, प्रकाशन :
- नेपालभाषा, नेपाली भाषाका अनुवादित, लिखित तथा सम्पादित पुस्तकहरू ८ वटा ।
- बुद्धधर्मका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत एवं विभिन्न पत्रपत्रिकामा लेख लेखन ।

सम्मान, उपाधि :
- 'सासनधज धम्माचरिय' (वि.सं. २०५४)
- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल (वि.सं. २०५७)
- श्री शाक्यसिंह विहार थैना (वि.सं. २०५८)
- बौद्ध महिला संघ, बुद्ध विहार (वि.सं. २०५८)
- धर्मकीर्ति विहार, श्रीघः (वि.सं. २०५८)
- विश्व शान्ति विहार (वि.सं. २०५८)
- धर्म बहादुर धाख्वा कल्याण कोष, कृष्णगल्ली (वि.सं. २०६७)
- हिरण्यवर्ण महाविहार सुधार समिति (वि.सं. २०७०)
- धाख्वा गुठी र ल्याय्म्ह पुचः, नागबहाल (वि.सं. २०७५)
- धर्मशीला विद्वत वृत्ति (वि.सं. २०७५)

भ्रमण :
- थाइल्याण्ड, बर्मा, भारत, बंगलादेश, मलेसिया, सिङ्गापुर, इण्डोनेसिया, चीन ।

विशेषता : पालि त्रिपिटक अनुवाद कार्यमा निरन्तरता ।
भाषा ज्ञान : नेपालभाषा, नेपाली, अंग्रेजी, बर्मी, पालि ।

४. विमलञाणी गुरुमां
(उपाधि प्राप्त
चौथो नेपाली प्रव्रजित
गुरुमां)



प्रवजित नाम : विमलञाणी गुरुमां

गृहस्थ नाम : रमिता शाक्य

जन्म मिति : २०२८ साल फागुन ८ गते

स्थायी ठेगाना : अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर

आमाको नाम : सानुछोरी शाक्य

बुबाको नाम : नरेन्द्रराज शाक्य

दाजुभाइ, दिदीबहिनी : २ भाइ, १ बहिनी

औपचारिक शिक्षा : आई.एस्सी (त्रिचन्द्र क्याम्पस)

प्रव्रज्या मिति : वि.सं. २०४८ भाद्र २

उपाध्याय गुरु : सयादो भद्दन्त पण्डिताभिवंश महास्थविर

आचार्य : चिनी गुरुमां

प्रव्रजित स्थान : पण्डिताराम ध्यान केन्द्र म्यान्मार

बर्मा प्रस्थान मिति : २०४८ साल जेष्ठ

अध्ययन गरेको स्थान : पण्डिताराम ध्यान केन्द्र, बर्मा

बर्मा बसाइको अवधि : २५ वर्ष

धम्माचरिय उत्तिर्ण : ई.सं. १९९९

योगदान :

- पण्डिताराम ध्यान केन्द्रमा अध्यापन (वि.सं. २०५५ देखि)
- देश विदेशमा ध्यान गुरु ऊ. पण्डिताभिवंशद्वारा सञ्चालित ध्यान शिविरमा योगीहरूलाई बर्मी भाषाबाट अंग्रेजीमा अनुवाद तथा ध्यान निर्देशन (२०६३ देखि)
- ऊ पण्डिताभिवंश सयादोको धर्मदेशना पुस्तकको रूपमा सम्पादित ।
- सातौं संघनायक श्रद्धेय ज्ञानपूर्णिक भन्तेसँग विदेशमा ध्यान शिविरमा सहयोग ।
- विभिन्न देशमा ध्यान निर्देशन तथा अभिधर्म अध्यापन गर्दै ।
- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा भाषानुवाद, ध्यान निर्देशन तथा धर्मदेशना ।
- वीर पूर्ण पुस्तक संग्रहालय अन्तर्गत पालि भाषाका ग्रन्थ नेपालभाषामा अनुवाद ।
- लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तर्गत पालि भाषाका ग्रन्थ नेपालीमा अनुवाद कार्य निरन्तरता दिंदै ।
- नेपाल बौद्ध परियत्ति शिक्षा अध्यापन ।
- थेरवाद बुद्धिष्ट एकेडेमीमा अध्यापन ।

कृति, प्रकाशन :

- पालि तथा बर्मेली भाषाबाट नेपाली, नेपालभाषामा ५ वटा पुस्तक अनुवाद ।

सम्मान, उपाधि :

- 'सासनधज धम्माचरिय उपाधि (वि.सं. २०५५)
- सासनहितकारी धम्माचरिय उपाधि (वि.सं. २०५४)
- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र (वि.सं. २०५७)
- धर्मकीर्ति विहार, श्रीघः (वि.सं. २०५८)
- श्री शाक्यसिंह विहार, थैना (वि.सं. २०५८)
- श्री बौद्ध महिला संघ, (वि.सं. २०५८)
- विश्व शान्ति विहार (वि.सं. २०५८)

भ्रमण :

- बर्मा, ताइवान, अमेरिका, सिंगापुर, मलेसिया, चीन, दक्षिण कोरिया आदि ।

भाषा ज्ञान : नेपालभाषा, नेपाली, अंग्रेजी, पालि, बर्मी ।

५) भिक्षु ञाणावुध स्थविर
(उपाधि प्राप्त
पाँचौं नेपाली भिक्षु)



प्रव्रजित नाम : भिक्षु ञाणावुध
गृहस्थी नाम : उमेश तुलाधर
जन्म मिति : २०४३ चैत्र ९ गते, सोमवार
जन्म स्थान : बुंगमती, ल.पु.
स्थायी ठेगाना : अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर
आमाको नाम : सीता तुलाधर
बुबाको नाम : रत्नकाजी तुलाधर
दाजुभाई, दिदीबहिनी : २ दाजु, २ दिदी
औपचारिक शिक्षा : एस.एल.सी. (आदर्श शौल युवक उ.मा.वि., ल.पु.)
उपसम्पदा मिति : वि.सं. २०६३ असार २४
उपाध्याय गुरु : भद्दन्त पण्डिताभिवंस (पण्डिताराम सयादोजी)
आचार्य : भद्दन्त पण्डिताभिवंस (पण्तिाराम सयादोजी)
उपसम्पदा स्थान : पण्डिताराम ध्यान केन्द्र
बर्मा प्रस्थान मिति : २०६१ बैशाख १८
अध्ययन गरेको स्थान :

- पण्डिताराम ध्यान केन्द्र, महाविशुद्धाराम पालि तक्षशीला

बर्मा बसाइको अवधि : १७ वर्ष
धम्माचरिय उत्तीर्ण : ई.सं. २०१९
योगदान :

- पण्डिताराम ध्यान केन्द्रमा वि.सं. २०६९ सालदेखि अध्यापन, ध्यान प्रशिक्षण ।
- महाविशुद्धाराम पालि तक्षशिलामा ६ महिना अध्यापन ।
- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा ध्यान प्रशिक्षण तथा धर्मदेशना ।

सम्मान, उपाधि :

- सासनधज धम्माचरिय (वि.सं. २०७५ विनयमामक ।

विशेष :

- देश-विदेशमा ध्यान आचार्यको रूपमा धर्मको अभ्यास गराउँदै ।

भ्रमण : बर्मा, भियतनाम, इण्डोनेशिया, श्रीलंका आदि ।
भाषा ज्ञान : नेपाली, नेपालभाषा, अंग्रेजी, बर्मी, पालि ।

६) जवनवती गुरुमां
(उपाधि प्राप्त
छैंठौं नेपाली प्रव्रजित
गुरुमां)

प्रव्रजित नाम : जवनवती गुरुमां
गृहस्थी नाम : सिद्धी बज्राचार्य
जन्म मिति : २०२४ जेष्ठ १ गते, बुधवार
जन्म स्थान : बसन्तपुर, काठमाडौं
स्थायी ठेगाना : धर्मकीर्ति विहार, श्रीघः
आमाको नाम : पद्म कुमारी बज्राचार्य
बुबाको नाम : द्वितीय कुमार बज्राचार्य
दाजुभाइ, दिदीबहिनी : २ दिदी, १ बहिनी, १ भाइ
औपचारिक शिक्ष : एस.एल.सी. (श्री सूर्योदय मा.वि., भक्तपुर)
प्रव्रज्या मिति : वि.सं. २०३६ माघ पूर्णिमा
उपाध्याय गुरु : धम्मवती गुरुमां
आचार्य गुरु : धम्मवती गुरुमां
प्रव्रजित स्थान : धर्मकीर्ति विहार
बर्मा प्रस्थान मिति : २०४२
अध्ययन गरेको स्थान :

- मणियरतन सिक्खावती विहार, पण्डिताराम ध्यान केन्द्र, महाविसुद्धाराम पालि तक्षशीला ।

बर्मा बसाइको अवधि : ३५ वर्ष
धम्माचरिय उत्तिर्ण : वि.सं. २०७७

योगदान :
- पण्डिताराम ध्यान केन्द्र
- धर्मकीर्ति विहारमा परियत्ति अध्यापन
- अभिधर्म पालि अध्यापन

कृति, प्रकाशन :
- भगवान बुद्धका आठ विजयहरू अनुवाद ।
- विभिन्न लेख रचनाहरू प्रकाशित ।

सम्मान, उपाधि :
- सासनधज धम्माचरिय (वि.सं. २०७७) ।
- सासनहितकारी धम्माचरिय (वि.सं. २०६६) ।

भ्रमण :
- बर्मा, श्रीलंका, थाइल्याण्ड, सिंगापुर, मलेसिया, कम्बोडिया, अमेरिका ।

भाषा ज्ञान : नेपालभाषा, नेपाली, अंग्रेजी, बर्मी, पालि ।

❀

७) भिक्षु आनन्द स्थविर
(उपाधि प्राप्त
सातौं नेपाली भिक्षु)

प्रव्रजित नाम : भिक्षु आनन्द स्थविर
गृहस्थी नाम : पच्छु लामा तामाङ्ग
जन्म मिति : २०४४ असोज २५ आइतवार
जन्म स्थान : नेत्रावती डबजोङ गाउँ पालिका ३ गैरा, धादिङ्ग ।
स्थायी ठेगाना : अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहार, डिगरनगर, ति.न.पा. ४, रुपन्देही लुम्बिनी प्रदेश नं. ५, नेपाल ।
आमाको नाम : क्रचा तामाङ्ग ।
बुबाको नाम : लरिम तामाङ्ग ।
दाजुभाइ, दिदीबहिनी : ५ भाइ
औपचारिक शिक्षा : ५ कक्षा
उपसम्पदा मिति : वि.सं. २०६५ फागुन १९
उपाध्याय गुरु : भद्दन्त अग्ग महापण्डित विरोचन महास्थविर 'द्वि पिटकधर'
आचार्य : भद्दन्त जटिल महास्थविर 'सद्धम्मजोतिकधज'
प्रव्रजित स्थान : बुद्ध विहार, धरान ८
बर्मा प्रस्थान मिति : वि.सं. २०५७

अध्ययन गरेको स्थान :
- विज्जोतायौं सातें ताई, महासुखाराम सातें ताई, य्वाम परियत्ति सातें ताई, महाविसुद्धायौं सातें ताइ ।

बर्मा बसाई अवधि : १७ वर्ष
धम्माचरिय उत्तिर्ण : वि.सं. २०७७

योगदान :
- अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहारमा भन्तेहरू, श्रामणेरहरू र गुरुमांहरूलाई संक्षिप्त भिक्षु विनय, अभिधर्म संग्रह तथा पालि भाषा व्याकरण अध्यापन गराउँदै ।

भ्रमण : बर्मा, थाइल्याण्ड, भारत ।

❀

८) बुद्धपाली (मधुभाणिनी)
(उपाधि प्राप्त
आठौं नेपाली प्रव्रजित
गुरुमां)

प्रव्रजित नाम : बुद्धपाली (मधुभाणिनी)
गृहस्थी नाम : विपश्यना शाक्य
जन्म मिति : २०४६ चैत्र २६ गते, बिहिवार
जन्म स्थान : ओकुबहाल, ललितपुर
स्थायी ठेगाना : सन्ति सुखावास विहार, ल.पु.
आमाको नाम : सति देवी शाक्य
बुबाको नाम : प्रेम बहादुर शाक्य
दाजुभाइ, दिदीबहिनी : १ दिदी, १ बहिनी

औपचारिक शिक्षा : ८ कक्षा (विश्व शान्ति विहार)
प्रव्रज्या मिति : वि.सं. २०५९ बैशाख ७
उपाध्याय गुरु : भद्दन्त ज्ञानपूर्णिक महास्थविर
आचार्य : चिनी गुरुमां
प्रव्रजित स्थान : विश्व शान्ति विहार
बर्मा प्रस्थान मिति : २०६० भदौ २९
अध्ययन गरेको स्थान : पण्डितताराम ध्यान केन्द्र, रङ्गुन
बर्मा बसाइको अवधि : १७ वर्ष
धम्माचरिय उत्तिर्ण : वि.सं. २०७७
योगदान :

- पण्डितताराम ध्यान केन्द्रमा वि.सं. २०६९ देखि अध्यापन ।
- थेरवाद पालि बुद्धिष्ट स्टडीजमा अध्यापन ।
- परियत्ति शिक्षा अध्यापन गराउँदै ।

सम्मान, उपाधि :

- सासनधज धम्माचरिय (वि.सं. २०७७)
  सासनहितकारी धम्माचरिय (वि.सं. २०७३)

भ्रमण : बर्मा, थाइल्याण्ड, भारत ।
भाषा ज्ञान : नेपाली, नेपालभाषा, अंग्रेजी, बर्मी, पालि ।

❀

९) भिक्षु विचार
(उपाधि प्राप्त नवौं नेपाली भिक्षु)

गृहस्थी नाम : मनोज मोक्तान
जन्म मिति : वि.सं. २०५० असोज २२ गते, बुधवार
जन्म स्थान : भोजपुर बोक्खीम गाउँ, वडा नं. २
स्थायी ठेगाना : कछ्यीन प्रदेश, जटीलाराम बुद्ध विहार, म्यान्मार
आमाको नाम : बिमला तामाङ्ग
बुबाको नाम : अमृत बहादुर मोक्तान
औपचारिक शिक्षा : कक्षा ६
उपसम्पदा मिति : ई.सं. २०१५
उपाध्याय गुरु :
- भद्दन्त जटिल महास्थविर 'सद्धम्मजोतिकधज'
आचार्य : भद्दन्त जटिल महास्थविर 'सद्धम्मजोतिकधज'
प्रव्रजित स्थान :

- अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहार, बुटवल
- बर्मा प्रस्थान मिति : ई.सं. २००५

अध्ययन गरेको स्थान :

- विज्जोतायौं सातें ताई, एनेटी सातें ताई, महागन्धायौं सातें ताई, वायौं टोया सातें ताइ, सुखावती सातें ताइ ।

बर्मा बसाइको अवधि : हाल बर्मा ।
धम्माचरिय उत्तिर्ण : वि.सं. २०७७ ।
योगदान :

- कछ्यीन प्रदेश, म्येचीनास्थित जटिलाराम बुद्ध विहारमा सासनिक कार्य गर्दै ।

भाषा ज्ञान : नेपाली, बर्मा, पालि अंग्रेजी ।

साभार- 'धम्माचरिय' उपाधि प्राप्त व्यक्तित्वहरूको संक्षिप्त परिचय

❀

प्रवज्या जीवनया छफुति नसला

– अमीर कुमारी शाक्य

फुति फुति लंका जक जूसां
दानरूपि जगस्वना
शीलरूपि पःखाः दना
नैष्क्रम्यरूपि त्याग याना
न्हय्‌नुया लागि जक जूसां
छैं त्वःताः प्याँहाँःवया ॥

छफुति जक जूसां
प्रज्ञा ज्ञान लाय्‌फैला धकाः
वीर्यरूपि मेहनत याना
मनय् वःगु मार फुक्कयात
फच्छिंफक्को सहयाना ॥

क्षान्तिया प्रभावं
सत्य खंके फैला धकाः
अधिस्थानरूपि प्रतिज्ञा याना
थुगु प्रतिज्ञाया प्रभावं
मनय् सिच्चुसे च्वंगु ताल ॥

सकल प्राणीपिन्त लुमंका स्वया
मैत्रीभाव नं जाया वःथें च्वन ।
थ्वहे मैत्रीया प्रभावं यानाः
मनय् गुलि आनन्द जुल
बयान यानाः साध्य हे मजुल ॥

निस्वार्थ जुयाः म्वाय्‌फत धाःसा
उपेक्षा भाव दया वइगु जुल
सत्रु नं मदु मित्रु नं मदु
आहा ! गुलि न्हैपुगु जीवन
सुख शान्ति बिलिबिलि जाःगु ॥

दश पारमितायात लुमंका स्वया
सिच्चुक नसला काय्‌थें जुल
दान शील व भावनाया अर्थ
भतीचा जकसां थुया वः थें जुल
मोह नं कम जुया वंथे ताल ।

दश पारमि व भावना यानाः
लाक्क जिपिं फिंछम्ह हे जुल
भाग्यमानिपिं जिपिं तता केहेंपिं
धर्मया पासापिं नं जुल ।

थ्वथें जागु जीवने तःधंगु अवसर
बिया बिज्याम्ह जिमि पूज्य गुरुमां
"श्रद्धेय धम्मवती गुरुमां" यात
कोटी कोटी कोटी वन्दना ॥

- **कोही संसारमा जन्म लिन्छन्, पापीहरू नर्कमा जन्मछन्, पुण्यवान् व्यक्तिहरू स्वर्गमा जन्मन्छन्, चित्तमल नभएका व्यक्तिहरू परिनिर्वाण हुन्छन् ।**
- **आकाश, समुद्र र पर्वतको प्वाल आदि जुनसुकै ठाउँहरूमा लुक्न गएपनि पापकर्मको फलबाट बच्न सकिने प्रदेश यस लोकमा कहीँ पनि छैन ।**
- **आकाश, समुद्र र पर्वतका प्वाल आदि जुनसुकै ठाउँमा लुक्न गएपनि मरणबाट बच्न सकिने प्रदेश यस लोकमा कहीँ पनि छैन ।**

– बुद्ध वचन



सुनौला अवसर नगुमाउनु होस्

लेखक- सयादो उ सुन्दर महास्थविर
अनुवाद- भिक्षु ज्ञानपूर्णिक महास्थविर

बुद्ध जान्नुपर्ने बुझ्नुपर्ने थाहापाउनुपर्ने सबैलाई जान्नुपर्ने थाहापाउनु भइसकेको ज्ञानी हुनुहुन्छ ।

वहाँले ४५ वर्षसम्म (आफूले जाने बुझेको ज्ञान अरूलाई) सिकाउनुभयो । वहाँको उपदेश शिक्षालाई 'शासन' भन्दछ ।

बुद्धको उपदेश शिक्षामा योगी साधक साधिकाहरूको निमित्त तीनवटा विषयहरू छन् । ती हुन् १) नैतिक शिक्षा, शील सदाचारिता २) समाधि र ३) प्रज्ञा ।

हाम्रा सर्वश्रेष्ठ शास्ता भगवान् बुद्धले बारम्बार विभिन्न प्रकारले हामीलाई दान सम्बन्धी कुराहरू सिकाई राख्नु भएको छ । तर यो उपदेश मात्र साधक साधिका योगीहरूको निमित्त भएको छ । त्यसैले मैले यहाँ जानी जानीकनै दानलाई बाँकी राखिछोडेको छु ।

शील (सदाचारिका) सम्बन्धी क्षेत्रभित्र शील धेरै किसिमका छन् । उदाहरण स्वरूपः १) पञ्चशील २) अष्टशील ३) दशशील ४) भिक्षुहरूले पालनगर्नुपर्ने विनय नियमहरू आदि इत्यादि । तर छोटकरीमा भन्नुपर्दा शील भन्नाले शरीर र वचनद्वारा गरिने नराम्रा कामहरू गर्नुबाट आफूलाई टाढा राख्नु हो ।

संक्षिप्तमा समाधि तीन किसिमका छन्– १) उपचार समाधि २) अर्पणा समाधि र ३) विपश्यना क्षणिक समाधि ।

पहिलेका दुईवटा शमभावनाभित्र आवश्यक पर्दछ । सामान्यरूपले भन्नुपर्दा यो (शमथ) ध्यान-भावनाको मतलब हो, "आफ्नो मनलाई एउटै मात्र बिन्दू (आलम्बन) मा केन्द्रीत पारिराख्नु ।"

शुद्ध स्वच्छ विपश्यना ध्यान-भावनाको अभ्यास गर्दा हामीलाई प्रत्येक क्षणक्षणको आलम्बनलाई होश पुऱ्याई हेर्ने (क्षणिक समाधि) मात्र आवश्यक पर्दछ, जसको बारेमा पछि वर्णन गरिनेछ ।

यहाँ प्रज्ञाको अर्थ विपश्यना ज्ञान र मार्गफल ज्ञान भन्ने बुझिन्छ । बुद्धको उपदेश शिक्षामा सबभन्दा माथिल्लो लक्ष्य भनेको (लोभ, दोष, मोह आदि) सबै क्लेश मलहरूलाई हटाउनु, पन्छाउनु हो । ती क्लेशहरू दश किसिमका छन् । ती हुन् – लोभ, दोष, मोह, मान, दृष्टि (मिथ्यादृष्टि) विचिकित्सा, स्त्यान (थिन) मिद्ध औधृत्य (उद्धच्च) अहिरीक (नराम्रो काम गर्न लज्जा नुहन), अनोत्तप्प (नराम्रो काम गर्न नहिचकिचाउनु, नडराउनु) हुन् ।

१) अकुशल कर्महरू दश प्रकारका छन् । ती हुन् – हिंसा गर्नु, चोर्नु, व्यभिचारी गर्नु, झूठो कुरा बोल्नु, चुगली गर्नु, कडा बोली बोल्नु, व्यर्थ कुरा गर्नु, अति लोभ (अभिध्या), दूषित चाहना (ब्यापाद) र मिथ्याधारणा ।

ती (नराम्रा अकुशलकर्महरू) अकुशलकर्म गर्ने व्यक्तिहरूलाई यो जन्ममा भए पनि अर्को जन्ममा भए पनि नराम्रो प्रतिफल वा विपाकद्वारा दुःख भोग गराउने कारण बन्न सक्छन् ।

२) ती माथि भनिएका कर्महरू मध्येमा हिंसा गर्नु, कडा बोल्नु र नराम्रो चिताउनु ब्यापाद, दोष चित्तको कारण द्वारा उत्पन्न हुन्छन् । व्यभिचार गर्नु, अति लोभ गर्नु र मिथ्यादृष्टि लोभ चित्तको कारणद्वारा उत्पन्न हुन्छन् ।

चोर्नु, झूठो कुरा बोल्नु, चुगली गर्नु र व्यर्थको कुरा गर्नु लोभ चित्त र दोषचित्त दुबैको कारणद्वारा उत्पन्न हुन्छन् ।

३) यदि हामीहरूले ती सबै सम्बन्धित क्लेशहरूलाई क्रमशः हटाउन सक्यौं भने सम्बन्धित अकुशल कर्महरू हामीले गर्ने थिएनौं ।

४) उपदेशको सिलसिला अनुसार हामीले लोभ,

दोष, मोह आदिलाई उल्लेख गरेर आयौं, तर उन्मूलन गर्नुको सिलसिला मुताबिक सर्वप्रथम हामीले मिथ्यादृष्टि र द्वन्दसंशय विचिकित्साई हटाउनु अनिवार्य छ। अथवा हटाउनै पर्दछ।

ती दुई (मिथ्यादृष्टि र विचिकित्सा) क्लेशहरूलाई हटाउनको निमित्त हामीले प्रथमतः पहिलो (स्रोतापत्ति) मार्ग फलज्ञान प्राप्त गर्नु आवश्यक पर्दछ। यो ज्ञान प्राप्त गर्न हामीलाई विपश्यना ज्ञान आवश्यक हुन्छ। विपश्यना ज्ञान प्राप्त गर्न हामीले विपश्यना भावना गर्नैपर्दछ।

(स्मृतिप्रस्थान) विपश्यना भावना भन्नाले ६ वटा इन्द्रियद्वारहरू (चक्षु, स्रोत, घ्राण, जिह्वा काय र मन यी ६ वटा (अथवा आँखा, कान, नाक, मुख, शरीर र मन भने पनि हुन्छ।) मार्फत देखापर्न आउने सबै स्वभाव धर्महरूलाई गहिरिएर भाविता गर्नु, हेर्नु वा नियाल्नु हो। यो (विपश्यना भावना) अभ्यास गर्ने बेलामा हामीमा क्षणिक समाधि (प्रत्येक क्षण क्षणमा उब्जने समाधि) हुनु नितान्त आवश्यक छ भनी मैले व्यक्त गरेर आइसकेको छु।

अब मैले यो समाधि के हो भन्ने बारे तपाईहरूलाई भन्न गइरहेको छु। क्षणिक समाधि भनेको त्यो समाधि हो, जब, जब हामीहरूले आरम्मण भन्ने विषयवस्तुलाई मनन गर्दछौं, तब तब हाम्रो मनन गर्ने मन सम्बन्धित आरम्मण (विषय वस्तु) मा मात्र परिरहेको हुन्छ। उदाहरणको रूपमा जब हामीले हाम्रो पेट फुलिरहेकोलाई मनन गर्दछौं, तब हाम्रो मन त्यो बेलामा यदि त्यही फुलिरहेको आरम्मणमा मात्र परिरहेको छ भने, त्यो ' क्षणिक समाधि' हो।

यो समाधि प्राप्त गर्न हामीमा सदाचारिताको परिशुद्धता (शील विशुद्धि) हुनुपर्दछ। सर्वसाधारण गृहस्थी व्यक्ति (उपासक उपासिका) ले यो शील विशुद्धि पञ्चशील धारण र पालन गर्नु मात्र - द्वारा हासिल गर्न सक्दछ। ती शीलहरू अन्य प्रकारका होइनन्। हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झूठो कुरा नबोल्नु र लागू पदार्थहरू सेवन नगर्नु नै हुन्।

भिक्षु श्रमणको लागि त, उसले सम्पूर्ण अनुशासन सम्बन्धी नियमहरूलाई मान्नुपर्ने हुन्छ। संक्षिप्त रूपमा ती भिक्षु नियमहरू २२७ वटा छन्।

जहाँसम्म मलाई थाहा छ, नैतिकता वा शील समाधिको जग (प्रमुख आधार) हो। समाधिले विपश्यना ज्ञानलाई माथि चढाउँछ। यो (विपश्यना) ज्ञानले मार्गफल ज्ञानतिर अगाडि बढाउँदै लैजान्छ। पहिलो स्रोतापत्ति मार्गफल ज्ञानले मिथ्यादृष्टि र शंका उपशंका (विचिकित्सा) लाई निर्मूल रूपमा सखाप पारिदिन्छ।

जो व्यक्तिले यी दुई (मिथ्यादृष्टि र विचिकित्सा) क्लेशहरूलाई हटाउँछ, त्यो व्यक्तिलाई स्रोतापन्न भन्दछ। त्यो (स्रोता = (निर्वाणको धार) मा (आपन्न = पुगेको हुन्छ।) त्यसले कहिल्यै निम्नकोटीको अपायलोकहरूमा पुनः जन्मलिनुपर्ने हुँदैन। जस्तो कि - नर्क, पशुयोनि, प्रेत र असुरलोक।

यदि हामीले पूर्ण रूपमा नै सबै प्रकारका क्लेशहरूलाई हटाउन सकेका हुन्छौं भने हामीले पूर्ण रूपमा नै दुःख निरोध अवस्थालाई पाउन सकिने हुन्छ। त्यसपछि हामीहरूको निमित्त कहिले पनि पुनर्जन्म लिनुपर्ने हुँदैन। यदि पुनर्जन्म नै रहेन भने बुढाबुढी हुनु, रोग व्याधि हुनु र मृत्यु हुनुपर्ने पनि हुँदैन। यो नै हाम्रो धर्मको लक्ष्य हो।

अहिले हामीहरू सबै अत्यन्त भाग्यमानी छौं कि यस्तो पवित्र उत्तम उपदेश शिक्षा हामीले भेट्टाउन पाएका छौं। यस्तो शुभ अवसर पाउनु हामीहरूको निमित्त अति गाह्रो एवं दुर्लभ कुरा हो। बोधिसत्व आफैले समेत वहाँको असंख्य जन्महरूमा जम्मा २४ जन्मसम्म मात्र वहाँले बुद्धहरूको उपदेश शासन फेलापार्न सक्नुभएको हो।

तपाईंहरूले सायद यो विचार गर्नुहुनेछ कि २४ जन्म लिनु भनेको धेरै नै हो। तर त्यति चोटि जन्मलिनु भनेको केही पनि होइन। यदि हामीले भावी बुद्ध बोधिसत्वले दश पारमिता पूर्ण गर्न कति समय बिताउनु परेको थियो भन्ने कुरा थाहा पाएको भए। यो कार्य सम्पन्न गर्न वहाँले चार असंख्य र एकलाख कल्पसम्म बारबार जन्म लिनुपरेको थियो, यो विश्व ब्रह्माण्डको नियममा।

यस्तो भनिन्छ कि एक असंख्य कल्प भनिएकोमा १ अङ्क पछाडि १४० वटा सुन्न (०) थप्नु पर्दछ। के तपाईंले अनुमान लगाउन सक्नु हुन्छ, एक विश्व कल्पको आयु कति लामो हुन्छ भनेर ?

यो (विश्व कल्पको) आयुको बारेमा हामीलाई निश्चितरूपमा व्यक्त गर्न सजिलो हुँदैन । यति नै मात्र हामीले तल उल्लेख गरे अनुसार अडकलबाजी गरी व्यक्त गर्न सक्छौं –

कल्पना गरौं, त्यहाँ तोरीको बिउको एउटा थुप्रो राश थुपारिराखेको छ । त्यो ठाउँ लम्बाईको हिसाबले ८ माइल लामो छ । चौडाइको हिसाब र बाक्लोको हिसाबले पनि त्यति नै छ । एकसय वर्ष बितिसक्दा एक-एक गेडा तोरीको बिउ त्यस थुप्रोबाट झिकेर हटाई देउ । अनि फेरि अर्को एउटा तोरीको बिउको गेडा निकाल्न सयवर्षसम्म पर्खेर बस्नु । यसरी यदि हामीले त्यो तोरीको बिउको थुप्रो पूर्ण रूपमा हटाउन सकियौं भने त्यसलाई एक विश्व कल्प नियमको आयु मानिन्छ । (The Life Span of One World Cycle)

त्यसकारण सर्वोच्च सर्वज्ञ बुद्ध हुनको निमित्त एकजना बोधिसत्वलाई धेरै समय लाग्दछ । चार असंख्य र एकलाख कलप भित्रको दौरानमा हाम्रो बोधिसत्वले मात्र २४ जन्महरूमा उत्तम पवित्र उपदेश शासन भेट्टाउनु भयो । त्यसकारण हामीले बुद्धशासन भेट्टाउनु भनको धेरै गाह्रो र दुर्लभको कुरो हो ।

यस अतिरिक्त, त्यो भन्दा, हामीहरूको निमित्त अर्को गाह्रो कुरा बुद्ध शासन उज्यालो र चम्किलो रहेको बेलामा मनुष्य भएर जन्मलिनु हो । हाम्रो बोधिसत्व स्वयंलाई समेत पनि (माथि उल्लेखित) २४ जन्महरू मध्येमा १९ पटकसम्म मनुष्य जीवन प्राप्त भएको थियो ।

जो प्राणी एउटा न एउटा तल्ला-तल्ला योनिहरूमा पुनर्जन्म लिनपुगेको हुन्छ, त्यो प्राणीलाई मनुष्य जीवन फेरि प्राप्त हुन कत्तिको मुश्किल हुन्छ भन्ने कुरा माथि मध्यनजगर राखी हामीले भगवान् बुद्धको निम्न उपदेशप्रति ध्यान पुऱ्याउनु आवश्यक छ ।

भनौं, एउटा अन्धो कछुवा समुद्रमा छ । त्यो एकसय वर्षमा एकचोटी मात्र समुद्रको सतहमाथि देख्नमा आउँछ । त्यही समुद्रमा एउटा मात्र प्वाल भएको काठको मुढो छ । समुद्रको सतहमा जब हावा पूर्वबाट बहन्छ, त्यो काठको मुढो पूर्वबाट बगेर पश्चिमतिर जान्छ । जब हावा दक्षिणतिर बाट बहन्छ, त्यो उत्तरतिर जान्छ । छोटकरीमा भन्नुपर्दा त्यो काठको मुढो आफ्नो कुनै सीमाना र ठाटविना (यताबाट उता, उताबाट यता हावाको धारमा) तरिरहेको हुन्छ ।

विचरो अन्धो कछुवालाई आफ्नो टाउको ठीक त्यो मुढोको प्वालमा राख्न धेरै गाह्रो परिरहेको हुन्छ । तर यदि त्यो कछुवासँग हामीले आफैलाई दाँजेर हेऱ्यौं भने हामीलाई मनुष्य जीवन प्राप्त गर्न त्यो भन्दा पनि अझ गाह्रो हुनेछ ।

आजकल, जुनसुकै देशमा भए पनि जनसंख्या अति धेरै बढीरहेको पाइन्छ । त्यसैले केही देशहरूले जनसंख्या सीमित गर्न खोजिरहेका छन् । यस तथ्यलाई मात्र हेरेर मानिसहरूले यो विचार गर्नेछन् कि मनुष्य जीवन पाउन कुनै गाह्रो छैन ।

तर हामीले यदि कमिलाको एउटा ढिस्कोलाई हेऱ्यौं भने हामीले त्यसभित्र अनगिन्ति कमिलाहरू देख्नेछौं । यसलाई हेरेर हामीले स्वीकार्नै पर्छ कि तल्लो-तल्लो प्राणीहरूको संख्या मनुष्य प्राणीहरूको दाँजोमा भन्दा कता-कता असाध्य नै बढी हुँदारहेछन् ।

सामान्य पृथग्जन प्राणीको रूपमा प्रत्येक व्यक्ति असल काम गर्नुतिर भन्दा खराब कामहरू गर्नुतिर झुकिराखेका हुन्छन् । यदि कुनै मानिसले खराब काम गर्छ भने उसले पछि अर्को जन्ममा नीच प्राणीको योनिमा जन्म लिनेछ, जस्तो कि– कमिला । हामीले धेरै-धेरै खराब कामहरू गरिसकेका छौं, जसले गर्दा हामीलाई परिणाम स्वरूप नीचप्राणीको योनिमा जन्मलिन अगुवाई गरिरहेका हुन सक्छन् । त्यसैले हामीलाई मानिस भएर जन्म लिन धेरै गाह्रो हुने भएको हो ।

सबैभन्दा मनुष्य जीवन अति नै स्वीकार योग्य जन्म हो । सबै सर्वोत्कृष्ट बुद्धहरू, प्रत्येक बुद्धहरू र विश्व सम्राट चक्रवर्ती राजाहरू मनुष्य जीवनहरूबाट नै आएका हुन्छन् । सबै बुद्धिमानी तथा असल मानिसहरू मनुष्य जीवनको निमित्त लालायित भइरहेका हुन्छन् ।

भूरिदत्त जातकमा, हाम्रो भविष्यको बुद्ध (बोधिसत्व) एउटा नाग राजकुमारको रूपमा जन्मेको थियो । एक किसिमको अतिशक्तिशाली साँपको भेषमा । उसको नाम भूरिदत्त थियो । यस्तो भनिन्छ कि यसप्रकारका साँपहरूले स्वर्गीय आनन्द अनुभव गर्ने मौका पाइरहेका हुन्छन् । यस अतिरिक्त तिनीहरूले आफूलाई चाहिएको बेलामा मानिसको भेषमा पनि रूप बदल्न सक्छन् । तर

बोधिसत्वलाई त्यस्तो सर्पको जीवन मन परेको थिएन। उनले मानिस बन्न म पराउँथ्यो। त्यसैले उनले शील (सदाचारिताको जीवन) पालन गर्न अठोट लिइरहेको थियो। त्यस्तो ठाउँमा रहेर यस्तो सदाचारिचाको जीवन यापन गर्न उसलाई सम्भव थिएन।

एकदिन ऊ मानिसहरू बस्ने ठाउँमा आए। एउटा पहाडको थुम्कोको नजिकै एक्लै बसे। बोधिसत्वले उपोसथशील पालन गरिरह्यो। तर दुर्भाग्यवश एकजना अतिदुष्ट सपेराले उसलाई समातेर अति नराम्रो दुर्व्यवहार गऱ्यो।

अनि त्यो सपेराले जतातातै सर्पको तमाशा देखाउन थाल्यो। त्यो बोधिसत्वसँग यस्तो शक्ति थियो कि त्यो मानिसलाई उसले खरानी खरानी पारिदिन सक्थ्यो। तर बोधिसत्वले त्यसो गरेन। किन कि बोधिसत्व सर्पलाई आफ्नो शील भंगहोला भन्ने डर थियो। उसले सबै दुर्व्यवहारलाई सहिरहेर आफ्नो शील पालनमा अडिग रहे (उल्लंघन हुन दिएन)। किन कि ऊ शील पालन गरी अर्को जन्ममा मनुष्य जीवन पाउँन इच्छुक थियो।

बोधिसत्वको यो व्यवहारलाई पुनरावलोकन गरेर हेऱ्यो भने यो स्पष्ट भएर आउँछ कि मनुष्य जीवन अति मूल्यवान् छ। हामीले यो कुरालाई संधै ध्यानमा राख्नुपर्दछ।

अहिले हाम्रो भाग्यले हामी मनुष्य भएर जन्मेका छौं। हामीले उत्तम आर्य शिक्षा भेट्टाइरहेका छौं। त्यसैले उक्त उत्तम शिक्षालाई अनुगमन गर्ने, पालन गर्ने अवसर पाइरहेका छौं। यो मौकालाई हामीहरूले गुमाउनु हुँदैन।

यहाँ, मैले दुई कुरालाई तपाईहरूको निमित्त छनौट गर्नको लागि निर्देशित गर्न गइरहेको छु। यदि तपाईंहरूले निर्वाण प्राप्त गर्न चाहन्छौ भने जुन यस वर्तमान संसारमा दुःखबाट मुक्त हुने अवस्था हो, स्मृति प्रस्थान विपश्यना भावनालाई छान्नुहोस्। अनि वृद्धवृद्धा हुनु भन्दा अगाडि रोग ब्याधि मरण आउनु भन्दा अगाडि त्यसलाई उद्योग र अभ्यास गर्नुहोस्। जसले गर्दा तपाईंहरूले पूर्णरूपमा सम्पूर्ण राग, दोष, मोह इत्यादि क्लेशहरूलाई निर्मूल पार्न सक्नेछौं।

तर यदि तपाईंहरूले अहिलेको अहिले नै निर्वाण चाहनु हुन्न भने कृपया, दान, शील र शमथभावनाको आचरण र अभ्यास गर्नुहोस्।

दान र शीलको सुपरिणामको कारणले हामीलाई माथिल्लो-माथिल्लो काम सुगति लोकमा पुऱ्याइदिनेछ। सर्वोच्च शमथ भावनाको माध्यमले हामी ब्रह्म लोकमा फेरि जन्म लिन सक्नेछौं। तर मरणोपरान्त ब्रह्म लोकबाट अझ पनि तल्लो योनिमा फेरि पनि जन्म लिनु पर्नेछ।

त्यो भन्दा अझ हामीले ख्याल राख्नुपर्ने कुरा त दान, शील र शमथ भावना भनेको बुद्ध शासन भित्र होस् वा बुद्ध शासन बाहिर अभ्यास गर्न सक्दछ। तर विपश्यना भावना भनेको उत्तम आर्य शिक्षत बुद्ध शासन भएको बेलामा मात्र अभ्यास गर्न सक्दछ।

त्यसैले मेरो विचारमा हामीहरू दान, शील र शमथभावनाले मात्र सन्तुष्ट भएर बस्न हुँदैन। हामीले विपश्यना भावनाको बिउलाई बढी भन्दा बढी थुपार्दै लानुपर्दछ। यस जीवनमा हामीले निर्वाण प्राप्त गर्न नचाहिरहेको नै किन नहोस्।

उपासक तथा उपासिकाहरू, ध्यान भावनाको निर्देशक प्रशिक्षकको हैसियतले म यो सल्लाह दिदंछु कि तपाईंहरूले विपश्यना भावनाको अभ्यास गर्नुनै पर्दछन्। मैले मेरो आफ्नो कर्तव्य वहन गरिसकेको छु। अब तपाईंहरूको आ-आफ्नो कर्तव्य मात्र निभाउन बाँकी रहन गएको छ।

यहाँ उल्लेखित गरिएको यी (निम्न कुराहरू) छोटकरीमा विपश्यना भावना अभ्यास गर्ने विधि वा तरिका हो –

सर्वप्रथम, कृपया एकान्त र शान्त स्थानमा बस्नुहोस्। दुबै आँखा बन्द गर्नोस्। तपाईंहरूको मनलाई पेटमा राख्नुहोस्। स्वाभाविक रूपले सोझैं श्वास भित्र लिने, श्वास बाहिर फेर्ने गर्नुहोस्। तर कहिल्यै श्वास प्रश्वासलाई नियन्त्रण गर्ने वा जोडतोडले लिने फेर्ने नगर्नुहोस्।

जब तपाईंहरूले श्वास भित्र्याउनु हुनेछ, तपाईंहरूको पेट माथि उठ्ने छ, अथवा फुल्नेछ, त्यसबेला "फुलिरहेको छ, फुलिरको छ" भनेर मनमनैले भन्नुहोस्। मुखले (उच्चारण गरेर) भनिरहनु पर्दैन। जब तपाईंहरूले श्वास बाहिर छोड्नु हुनेछ, तपाईंहरूको पेट सुकेर जानेछ, यो बेलामा मन-मनैले "सुकिरहेको छ, सुकिरहेको छ" भनी मनन गर्नुहोस्। यसरी मुख्य रूपमा

मनन गर्नुपर्ने विषयवस्तुहरू "फुलिरहेको छ, सुकिरहेको छ, फुलिरहेको छ, सुकिरहेको छ" भन्ने भए ।

यदि तपाईंहरूको श्वास प्रश्वास ढिलो भएको छ भने तपाईंहरूले चार विषय वस्तुलाई मनन गर्नुपर्दछन् । फुलिरहेको छ, सुकिरहेको छ भनेर मनन गरिसकेपछि तपाईंहरूले आफ्नो मनलाई बसिरहेको आकार प्रति र कुनै न कुनै छोइरहेको स्थल प्रति राख्नुपर्दछन् । अनि "बसिरहेको छु बसिरहेको छु, छोइरहेको छ भनी मनन गर्न थाल्नुस् । यसरी मनन गर्नुपर्ने विषय वस्तुहरू फुलिरहका छ, सुकिरहेको छ, बसिरहेको छु, छोईरहेको छ भनेर हुन जानेछन् ।

यिनीहरू प्रमुख रूपमा मनन गर्नुपर्ने प्रारम्कि विषष्वस्तुहरू हुन जान्छन् । तपाईंहरूले ती विषयवस्तुहरू माथि मनन गरिरहनु हुँदा यदि नयाँ विषय वस्तुहरूको रूपमा, जस्तो कि– विचार गर्नु, दुख्नु, पोलेर आउनु वेदना हुनु इत्यादि ... देख्नमा आयो भने ती नयाँ विषय वस्तुहरूलाई पनि "विचार गरिरहेको छु, दुःखिरहेको छ, पोलिरहेको छ, वेदना उब्जिरहेको छ" भनी मनन गर्नु पर्दछन् । त्यसपछि फेरि फुलिरहेको छ, सुकिरहेको छ भनेर मूल विषय वस्तुतिर फर्कनु पर्दछ । यो बसेर ध्यान गरिरहँदा अभ्यास गर्नुपर्ने संक्षिप्त ध्यानविधि हो ।

जब तपाईंहरू हिंडडुल गर्नेछौ, त्यसलाई तपाईंहरूले प्रत्येक हिंडाइको चाललाई ख्याल राखी मनन गर्नुपर्नेछ । यदि तपाईंहरू छिटो छिटो हिंड्दैछौ भने तपाईंहरूले" दायाँ खुट्टा चाल्दै छु, बायाँ खुट्टा चाल्दैछु अथवा जाँदैछु जाँदैछु" भनी मनन गर्नुपर्दछन् । यदि तपाईंहरू विस्तारै हिंड्दैछौ भने "उचाल्दैछु, टेक्ल्दैछु भनेर वा उचाल्दैछु अगाडि सार्दैछु, टेक्दैछु" भनेर मनन गर्नुपर्नेछन् ।

यदि तपाईंहरू उठिरहेकाछौं भने "उठिरहेकोछु उठिरहेको छु" भनेर यदि तपाईंहरू, घुमिरहेका छौ भने घुमिरहेको छु, घुमिरहेको छु" भनेर ख्यालराखी मनन गर्नुपर्ने छन् ।

यदि तपाईंहरू पल्टिरहेछौ भने "पल्टिरहेकोछु पल्टिरहेकोछु" भनी मनन गर्नुपर्दछ । ओछ्यानमा आ- आफ्नो शरीरलाई स्थिर राखिएकाछन् भने, बसिरहेको आकार प्रकारमा जस्तै आफ्नो आँखाहरूलाई बन्द गरेर राख्नु, अनि आफ्नो मनलार्य पेटमा केन्द्रीत पारेर राख्नु पर्दछन् ।

स्थिरता पूर्वक श्वास भित्र्याउनु र श्वास बाहिऱ्याउनु अनि पछि तपाईंहरूले फुलिरहेको छ, सुकिरहेको छ, फुलि रहेको छ, सुकि रहेको छ, पल्टि रहेको छु, छोइ रहेको छ भनेर मनन गर्दै गइरहनु पर्दछन्, निद्रा नलागुञ्जेल सम्म ।

यी माथिका निर्देशनहरू खालि संक्षिप्त निर्देशनहरू मात्र हुन् । विस्तृत र व्यापक निर्देशनहरू पाउन चाहन्छन् भने यो त हामीहरूको ध्यान केन्द्रमा आउनोस् या त नजिक परेका ध्यानकेन्द्रहरूमा जानोस् । सर्वोत्कृष्ट सुख र स्वतन्त्रतालाई साक्षात्कार गर्ने सबभन्दा राम्रो सुनौलो अवसरलाई नगुमाउनुहोस् । अस्तु ।

– कुश समात्दा राम्ररी न समात्नेलाई हातमा घाउ हुनेछ । श्रमण धर्म (सन्यास) राम्ररी पालन गरेन भने नरक जानुपर्छ ।

संघदान

२०७९ बैशाख ९ गते

स्थान- शाक्य सिंह विहार, धम्महल



भिक्षु धम्मजयो महास्थविर

यसदिन थाइलैण्ड स्थित धम्मकाय संस्थाका प्रमुख श्रद्धेय धम्मजयो महास्थविर भन्तेको ७८ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँ भन्तेको आयु आरोग्य एवं दीर्घायु कामना गरी धर्मपासा समूहबाट भिक्षु संघ एवं प्रव्रजित गुरुमांहरूको संघलाई संघदान गरिएको छ । कार्यक्रममा भिक्षु धम्मशोभनले धर्मदेशनामा गर्नुभएको थियो ।

बुद्ध प्रणामया छगू अध्ययन



– अ. कुसलञाणी
रत्न विपश्यना विहार

१. पृष्ठभूमिः

झीसँ न्हिया न्हिथं शील प्रार्थना, बुद्ध पूजा, परित्राण नापं महापरित्राण आदि न्ह्यागु पाठ याये न्ह्यः "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।" धकाः ब्वनेगु चलन दु । थ्व भगवान बुद्धयागु विशेष गुण गुंगू गुणमध्ये स्वंगू गुणयात लुमंकाः नमस्कार व वन्दना यागु खः । वसपोल भगवान अर्हत सम्यकसम्बुद्धयात नमस्कार धकाः थुकियागु अर्थ सिया च्वंगु दु । तर अर्थ स्यूसां नं थ्व प्रणाम वा नमस्कार त्रिपिटकय् गन गन सुनां सुनां वचनपाखें भगवान बुद्धयात वन्दना यात धयागु सीके मफया च्वंगु दु ।

त्रिपिटक साहित्यय् मूल त्रिपिटक पालि, अट्ठकथा, टिका व अनुटिका आदि ग्रन्थया शुरुवात याये न्ह्यः न्हापा **नमो तस्स**.. धका भगवान बुद्धयात प्रणाम याना तःगु खने दु । व मूल त्रिपिटक पालि बाहेक फुक्क ग्रन्थय् गन्थारम्भकथा धकाः त्रिरत्नयागु गुणयात वन्दना यात पालि गाथां प्रस्तुत याना तःगु दु । उदाहरणया लागि सुत्तपिटकया दीघ, मज्झिम, संयुक्त व अङ्गुत्तर निकाय अट्ठकथाय् बुद्धघोषाचार्यज्यू बुद्ध वन्दना थुगु कथं याना बिज्यात –

करुणासीतलहदयं, पञ्ञापज्जोत विहतमोहतमं ।
सनरामरलोकगरुं, वन्दे सुगतं गतिविमुत्तं ॥

अर्थ- मनय् शीतल करुणा दुम्ह, प्रज्ञाया प्रदीपं अज्ञानतारुपी अन्धकार मोहयात मदयेका ब्यूम्ह ।

फुक्कं देवमनुष्यपिन्त मरण रहितगु अवस्था थ्यंका ब्यूम्ह स्वंगू लोकया गुरू, वन्दना याये गतिविमुक्त जूम्ह सुगतयात ।

अथे हे विनय पिटकया पाराजिककण्ड अट्ठकथालय्

यो कप्पकोटीहिपि अप्पमेय्यं, कालं करोन्तो अतिदुक्करानि खेदं गतो लोकहिताय नाथो, नमो महाकारुणिकस्स तस्स ॥

अर्थ- सुनां करोडौं करोडौं कल्पतक्क अप्रमाणरुपं, अतिदुश्करचर्या आचरणयाना बिज्यागु समय पश्चाताप मजुसे लोक हितया लागि वम्ह नाथ, वसपोल महाकरुणावान्यात नमस्कार ।

अथे हे अट्ठसालिनी (धम्मसङ्गणी अट्ठकथा)य्

करुणा विय सत्तेसु, पञ्ञा यस्स महेसिनो ।
ञेय्यधम्मेसु सब्बेसु, पवत्तित्थ यथारुचि ॥

अर्थ- सत्वप्राणीपिंप्रति करुणावान्म्ह थें, सुयाके महर्षी प्रज्ञा दु ।

फुक्कं सत्वपिंप्रति सीकेमागु धर्मय्, गथे इच्छा दु अथे हे अर्थ सिद्ध याना बिज्याम्ह ।

अथे हे बुद्ध वन्दना (**नमो तस्स सम्मासम्बुद्धस्स ।** वसपोल सम्यकसम्बुद्धयात नमस्कार ।), चतुराक्खा भावना (**नमामि बुद्धं गुणसागरन्तं**) जिं अनन्त सागर समान गुण दुम्ह बुद्धयात नमस्कार याना च्वना ।), नम्मकार गाथा (**अरहं सम्मासम्बुद्धो भगवा बुद्धं भगवन्तं अभिवादेमि ।** जिं अर्हत सम्यकसम्बुद्ध भाग्यवान् भगवान बुद्धयात अभिवादन याना च्वना ।)आदि पाठ याये बलय् नं बुद्धयात प्रणाम याना तःगु गाथा त यक्व खने दु । उकी मध्ये नं थुगु **नमो तस्स** प्रणाम पुलांगु प्रचलित जुया वयाच्वंगु दु ।

२. बुद्ध प्रणाम गाथाया म्हसीकाः

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स । थुकियागु शब्दयात विश्लेषण याना स्वत धाःसा थुपिं फुक्क पदं चतुर्थी विभक्ति वया च्वंगु दु । शब्दय् विभक्तिचिं तल धाःसा उकीयात पद धकाः धाइ । कच्चायण व्याकरणय् **नमोयोगादीस्वपि च** धयागु सूत्रया आधारय् **नमो** शब्द नापं न्ह्याबलय् हे चतुर्थी विभक्ति छ्यलिगु याइ । व थुगु प्रणामय् निगू जक पाद दु । अथे धयागु च्यागः आखःया छगु पाद जुइ । प्यंगः आखःलय् छकः छकः दिना उच्चारण याना यंके माः । गथे धाःसा

नमो तस्स य् छकः **भगवतो** य् छकः **अरहतो** य् छकः व **सम्मासम्बुद्धस्स** य् छक दिना अर्थयात मनन याना श्रद्धापूर्वक वन्दना याये मा । थुगु प्रणामया मूल स्वरुप वा लिङ्ग नमो या 'नम' शब्द (नमन वा क्वछुइगु खः), तस्स या 'त' शब्द (वः), भगवतो या 'भगवन्तु' शब्द (भाग्य दुम्ह), अरहतो या 'अरहन्त' शब्द (अर्हतफलय् थ्यंम्ह) व सम्मासम्बुद्धस्स 'सम्मासम्बुद्ध' शब्द (सम्यकरुपं थःम्ह हे स्वभाव धर्मयात सिका बिज्याम्ह) खः ।

नमो तस्स.. या अर्थ छ्याागु इलय् **नमो** धका आदर सम्मान पूर्वक वन्दना प्रणाम यायेगु खः । **तस्स भगवतो** धका उम्ह भाग्य खुगू गुणाधिकारी पवित्र तथागतयात धाःगु खः । **अरहतो (अरहं गुण)** या प्यंगू अर्थ दु । ब्रह्मा, देव मनुष्यपिसं आदरगौरव सत्कारपूर्वक ब्यूगु, दान याःगु, पूजायात ग्रहण याना बिज्याये योग्य जुया बिज्याकम्ह, संसार चक्रया आडयात टुक्रा याना बिज्याकम्ह, राग द्वेष मोह आदि फुक्कं क्लेशरुपी शत्रुयात हाःमा हे ल्यंपुल्यं मदेक क्लेश वास्ना रहित जुया बिज्याकम्ह व गुबलय् हे गुप्त पाप याना बिमज्याम्ह खः । **सम्मासम्बुद्धस्स** धकाः यथार्थ रुपं गुरू विना सम्पूर्ण धर्मयात स्वयं थःथः मं सिया बिज्याकम्ह खः ।

३. त्रिपितकय् बुद्ध प्रणामया प्रमाणः

त्रिपितकया सुत्त पिटकय् दीघनिकायया ल्यू महावग्गया **सक्कपञ्ह सुत्त** य् शक्र (इन्द्र) वया अनेक न्हयसः न्यनी । 'ईर्ष्या व मात्सर्य धैगु यःमयः या कारणं(निदान) यः मयः या उत्पत्तिं(समुदय) तथा यःमयःया प्रभावं दइगु, यःमयः धैगु छन्द(इच्छा, तृष्णा) या कारणं, छन्द धैगु वितर्कया कारणं उत्पत्ति जुइगु खः' धका बुद्धं लिसः बीगु क्रमय् कनायंकी । [1] न्हयसःया लिसलय् लय्ताया इन्द्रं ल्हातं पृथ्वी(जमिन)यात थिया स्वक्वः तक्क **नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।** धका उदान व्यक्त यात । अथे हे मज्झिमनिकायया ल्यू मज्झिमपण्णस ब्राह्मणवग्गया **ब्रह्मायु सुत्तय्** सच्छि व नीदँ दुम्ह ब्रह्मायु ब्रह्माणं बुद्धया बारे 'बुद्ध अर्हत खः, सम्यक सम्बुद्ध खः' धका खँ सीकाः स्वीनिता लक्षणया परिक्षण याये तः उत्तर माणवक यात खटे याना छ्वल । अले उत्तर माणवकं स्वीनिता लक्षणयात न्हय्ला दुने बुद्धया किपालु थें लिउ लिउ वना बाँलाक अध्ययन अनुसन्धान यात । उगु खँ न्यनाः ब्राह्मायु ब्राह्मण तसकं लय्ताइ, प्रभावित जुल । ब्राह्मायु ब्राह्मणं आसनं थना छगु बलय् उत्तरासङ्ग पाछाना भगवान बुद्धयात ल्हाः निपा ज्वज्वल्पा याना स्वक्वः तक्क **नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।** धका उदान व्यक्त यात ।

संयुक्त निकायया न्हापांगु वर्ग सगाथावग्गया ब्राह्मण संयुत्त अरहन्तवग्गय् **धनञ्जानीसुत्तं** य् भगवान बुद्ध वेलुवन कलन्दकनिवापय् च्वना च्वंगु इलय् भारद्वाजगोत्रया छम्ह ब्राह्मणया धनञ्जानी ब्राह्मणी बुद्ध, धर्म व सङ्घप्रति तसकं प्रसन्न जुया च्वन । छकः धनञ्जानी भारद्वाज ब्राह्मणयात जा नकेत लिकः वंगु क्षणय् तुति लुफि हाना स्वक्वः तक्क **नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।** धका भगवान बुद्धयात वन्दना यात । अथे हे अंगुत्तरनिकायया दुकनिपातया **समचित्तवग्गय् आराम दण्ड ब्राह्मणं** आयुष्मान महाकत्यायनयात छु कारणं व छु विषयलय् क्षत्रिय-क्षत्रिय दथुइ, ब्राह्मण-ब्राह्मण दथुइ, गृहपति-गृहपति व श्रमण-श्रमण दथुइ विवाद जुई ? धका न्यना । लोकय् कामराग आसक्ति क्वमछुइम्ह, बन्धनय् फसे मजुम्ह, फोहरं लिप्त मजुम्ह, गालय् कुतुं मवंम्ह व दृष्टि राग आसक्ति बन्धन, फोहर, गायात पार याये धुंकुम्ह दु धकाः सीकल । पूर्व दिशाय् श्रावस्ती च्वना बिज्याना च्वम्ह उम्ह भगवान बुद्धयात आरामदण्ड ब्राह्मणं दना छगु बलय् उत्तरासङ्ग पाछाना वगु पुलिं पृथ्वी चुया क्वछुना ल्हाः निपा ज्वज्वल्पा याना स्वक्वः तक्क **नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।** धका उदान धाल ।

खुद्दकनिकाय अन्तर्गत धम्मपदट्ठकथालय् **सारि पुत्तत्थेरवत्थु** 'असारे सारमतिनो'आदि गाथा व्याख्याय् महिन्द महाराजं थःपिनि काय् जुया च्वंपिं फुस्स तथागत व प्रथम अग्रश्रावक, पुरोहितया काय् जुया च्वंम्ह द्वितीय अग्रश्रावक स्वम्हसित स्वया लुधं फुधं जुइका लय् लय् ताया **'नमो तस्स' द्वारा हे उदान व्यक्त याः गु खँ आज्ञा दयेका तःगु जुल ।** इत्यादि कथं **उदानं उदानेसि** उदान व्यक्त यात धयागु खँ लिसे न्हयाबलें संयुक्त जुयाः खने दया च्वंगु थुगु **'नमो तस्स'**यात **"पोराण पणाम उदान"** पुलांगु बुद्ध-प्रणाम उदान धका धाये ल्वः जू ।

धापू छथी

सातागिरि देवतां **"नमो"** असुरेन्द्र देवराजं **"तस्स"** धका धया, चातुर्महाराजिक देवं "भगवतो" शक्र देवेन्द्रं

"अरहतो" अले महाब्रह्मां "सम्मासम्बुद्धस्स" धकाः धया थी थी वन्दना प्रणाम याःगुयात पुचः चिना नमो तस्स जुया वःगु पहःयात च्यान् नेत् धयागु चीधंगु व्याकरण ग्रन्थय् –

सातागिरि नमो यक्खो, तस्स च असुरिन्दको ।
भगवतो महाराजा, सक्को अरहतो तस्स ।
सम्मासम्बुद्धस्स ब्रह्मा, एते पञ्च नमस्सन्ति ।

धका धया तल ।[2]

४. निश्कर्षः

भगवान बुद्धयागु गुण विशेषतायात लुमंकाः श्रद्धापूर्वक प्रणाम व वन्दना यायेगु मङ्गल ज्या खः । बुद्धकालीन अवस्थाय् हे थुगु प्रणाम वा वन्दना यायेगु प्रचलनय् वयाच्वंगु दसु यक्व खने दु । देवराज इन्द्र निसें ब्राह्मण, ब्राह्मणी व महाराजापिसं स्वक्वः तक्क पीति उद्गार वचनपाखें बुद्ध प्रति आदरसत्कार तःगु खः । थ्व बुद्ध प्रणाम अनन्त गुणं सम्पन्नम्ह सम्यकसम्बुद्धयागु स्वंगू गुणयात आत्मसात याना वन्दना याना तः गु छगू विधि खः । नीच्याम्ह तथागत मध्ये नीछम्ह म्ह फुस्स तथागतया जीवमान कालय् नं थुगु प्रणाम गाथा दया च्वंगु दु धैगु घटनां थ्व गाथाया प्राचीनयात क्यना तल । बुद्धया अनुयायी भ्री बौद्ध पिंसं पालि गाथा यात अर्थ थुइकाः सहिरुप उच्चारणयागु अत्यावश्यक खने दु ।

सन्दर्भ ग्रन्थः

- **भिक्षु ज्ञानपूर्णिक** (२०५०), *न्हूगु परित्राण निश्रय,* **नेपाल प्रेस, शुक्रपथ, काठमाडौं ।**
- **भिक्षु बोधिसेन** (२०५८), *अङ्गुत्तरनिकाय प्रथम भाग,* **शुभकामना प्रिन्टिग प्रेस, मासंगल्लि, काठमाडौं ।**
- **भिक्षु धर्मगुप्त** (२०७४), *धम्मपदअट्ठकथा,* **सुभाष प्रिन्टिङ्ग प्रेस, नक बहिल, ललितपुर ।**
- **भिक्षु कोण्डन्य** (२०५६), *संक्षिप्त दीघनिकाय व मज्झिमनिकाय,* **न्यू प्रेस नेपाल, शुक्रपथ, काठमाडौं ।**
- **तिवारी लक्ष्मी नारायण** (१९६२), *कच्चायन-व्याकरण,* **तारा पब्लिकेशन्स्, कमच्छा वाराणसी**
- **त्रिपिटक पाली रीडर एप्स**
- **Pali Hindi Dictionary app**

Endnotes :

1 कोण्डन्य, भिक्षु, संक्षिप्त दीघनिकाय व मज्झिमनिकाय, न्यू नेपाल प्रेस, २८ पृ.।

2 ज्ञानपूर्णिक, भिक्षु, न्हूगु परित्राण निश्रय, नेपाल प्रेस, १५ पृ. ।

परियत्ति शिक्षा

– विद्याकुमारी बज्राचार्य

विश्वमा जेहेन्दार, इमान्दार, नैतिकवान् र अनुशासित ।
उत्पादन गर्ने मानवशक्ति तथागत बुद्धका परियत्ति शिक्षा ॥१॥

मानव जीवनमा अत्यन्त आवश्यक परियत्ति बौद्ध शिक्षा ।
किताबी ज्ञान भन्दा मानवमा मानव हुने ज्ञान दिने शिक्षा ॥२॥

सबलाई सहानुभूति, दया र श्रद्धा गर्ने परियत्ति शिक्षा ।
ज्ञानी र गुणी शिक्षित हुने त मिलनसार हुने बुद्धका शिक्षा ॥३॥

आमा-बुबालाई जिउँदो देवता मान्ने पुण्य क्षेत्रका शिक्षा ।
गुरु आचार्यको सद्भाव र सत्कार गर्ने परियत्ति शिक्षा ॥४॥

जेष्ठ नागरिकको सम्मान आदर गर्ने परियत्ति शिक्षा ।
संयमित भई पञ्चशीललाई ध्यान दिने मानव शिक्षा ॥५॥

सहयोग, सद्विचार, सद्धर्म विश्वास फैलाउने शिक्षा ।
अध्ययनशील र आज्ञाकारी छात्र-छात्रा उत्पाद गर्ने शिक्षा ॥६॥

अनावश्यक कार्य र कुरामा ध्यान नदिई सरल स्वभावको ज्ञान दिने शिक्षा ।
चतुरार्य सत्य बुझी सुगत भगवान्को गुण बुझ्ने शिक्षा ॥७॥



"जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।"

– बुद्ध वचन



त्रिपिटकमा अंगुत्तर निकाय : परिचय र महत्व

– **मदनरत्न मानन्धर**
अध्यापक, थेरवाद बुद्धिष्ट एकेडेमी, काठमाडौं ।

नेपालका सुपुत्रएवं राष्ट्रिय विभूति, विश्ववन्द्य, विश्व शान्तिका अग्रनायक भगवान बुद्धद्वारा ४५ बर्ष सम्म दिनु भएका हजारौं शिक्षाहरूको संगालोलाई त्रिपिटक भनिन्छ ।तीहुन् : सूत्रपिटक, विनय पिटक र अभिधर्म पिटक ।

सुत्तपिटक = वोहार देसना = व्यवहार, मार्गदर्शक (Behaviour, dealing, conduct)

विनय पिटक = आणा देसना= आज्ञा, विधान, निर्देशन, नियम(Precept, instruction, order, command)

अभिधम्म पिटक = परमत्थ देसना = सूक्ष्म सत्य, उत्कृष्ट सीमा, मुक्ति, निर्वाण (the subtle truth, salvation, the best end)

सुत्तपिटक :

बुद्धको वोहार देसना अर्थात् व्यवहार देशना (व्यवहार) अन्तर्गतका अमूल्य उपदेशहरूलाई ठीक ढंगले बुझ्न र ठीक ढंगले रक्षाको लागि एकै ठाउँमा संग्रहित गरी सुत्तपिटक (सूत्रपिटक) नाम दिइएको छ। बुद्धले विभिन्न ठाउँहरूमा र अवसरहरूमा दिनुभएका, शुद्ध जीवन प्रयोगसँग सम्बन्धित, नैतिक प्रगति र भौतिक प्रगतिसँग सम्बन्धित उपदेशहरू यसमा संग्रहित छन् । यसलाई ५ वटा संग्रहहरूमा विभाजन गरिएका छन् :

दीघनिकाय, (DīghaNikāya, the Long Discourses)

मज्झिमनिकाय, (MajjhimaNikāya, the Middle-Length Discourses)

संयुत्तनिकाय, (Sayutta Nikāya, the Connected or Mixed Discourses)

अंगुत्तर निकाय, (AnguttaraNikāya, the Numerical Discourses, The Gradual Sayings of the Buddha)

खुद्दकनिकाय, (KhuddakaNikāya, the Minor Collections)

चौथो निकाय, अंगुत्तर निकाय

बुद्धद्वारा बताउनु भएका एक एक धर्मदेखि एघार एघार वटा धर्महरूको क्रमिक संग्रह नै अंगुत्तर निकायहो । एकदेखि एघारसम्म क्रमिक रुपमा अंक वृद्धि हुँदै गएको हुनाले यसलाई अंकउत्तर भनियो जुन पछि गएर अंगुत्तर शब्दमा परिणत भयो ।

यो ग्रन्थमा ९,५५७ सूत्रहरू छ भनिएको माहाल ७,२३१ मात्र प्राप्य छन् । यस ग्रन्थलाई पाँच वटा भागमा विभाजन गरिएको छ :

भाग १. एकक, दुक र तिकनिपात, अर्थात् एक एक, दुई दुई र तीनतीन धर्महरूको संग्रह, जसमा १,०४१ वटा सूत्रहरू छन् ।

भाग २. चतुक्क, पञ्चक निपात, चार-चार र पाँच-पाँच धर्महरूको संग्रह, जसमा १,९३४ सूत्रहरू छन् ।

भाग ३. छक्क, सत्तक निपात, अर्थात् छ छ र सात सात धर्महरूको संग्रह, जसमा १,७८१ वटा सूत्रहरू छन् ।

भाग ४. अट्ठक, नवकनिपात, अर्थात् आठ आठ र नौ नौ धर्महरूको संग्रह, जसमा१,०५८वटा सूत्रहरू छन् ।

भाग ५. दसक, एकादसक निपात अर्थात् दशदश र एघार-एघार वटा धर्महरूको संग्रह, जसमा १,४१७ वटा सूत्रहरू छन् ।

निपात भनिन्छ प्रकरण वाअंशवा परिच्छेदलाई ।

ती पाँचवटा ग्रन्थहरूमा समावेश भएका सूत्रहरूको बारेमा केहीबुझौं :

भाग १ को एकक, दुक, तिकनिपात मध्ये एकक निपातलाई २० वटा वर्गमा विभाजन गरिएको छ, जसमा ६११ वटा सूत्रहरू राखिएका छन् । बुद्धले

आफ्ना शिष्यहरू मध्येबाट सर्वोत्कृष्ट छानेर 'एतदग्ग' पद दिइएका भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको नामावली र उनीहरूले प्राप्त गरेको पदहरूको बारेमा चर्चा पनि यसै वर्गमाछ। उहाँद्वारा प्रदान गरिएका एतदग्ग पद ६० किसिमकार प्राप्त गर्नेहरूको संख्या ७५छन्। भिक्षुहरूका लागि४७ वटा पद, भिक्षुणीहरूका लागि छुट्टै १ वटा, उपासकहरूका लागि छुट्टै ९ वटा र उपासिकाहरूका लागि छुट्टै ३ वटा पद छन्। ती मध्ये एतदग्ग पद पाउने भिक्षुहरूको संख्या ४१ (पाँचवटा पद १ जनालाई, दुईवटा पद २ जनालाई समेत गरी), भिक्षुणीहरू १३ जना, उपासकहरू ११ जना (दुईजनालाई एउटा पद) र उपासिकाहरू १० जना गरी जम्मा ७५ जना छन्। भिक्षु एकललाई २६ वटा पद (२६ जना)। एकजनालाई एकभन्दा बढी ९ वटा पद ३ जनालाई। भिक्षुणी एकललाई १ पद (१ जनालाई)। भिक्षु र भिक्षुणीहरूलाई समान पद १० वटा (२० जना)। भिक्षु, भिक्षुणी र उपासकलाई समान पद १ वटा (३ जना)।भिक्षु, भिक्षुणी र उपासिकालाई समान पद १ वटा (३ जना)। भिक्षु र उपासिकालाई समान पद (आनन्दर उपासिका १ जना)। उपासक एकललाई ४ वटा पद (५ जना, तपुस्स र भल्लिकलाई एउटै पद)। उपासिका एकल ३ पद (३ जना)। उपासक र उपासिका गरि एउटै पद ५ वटा (१० जना)।

साथै एकपल्टमा एकजना बुद्धमात्र उत्पन्न हुने विषयमा बुद्धका भनाईहरू पनि यसै निपातमा समावेश भएका छन्।

यसैगरी दुक निपातमा १७ वटा वर्ग र २४६ वटा सूत्रहरू रहेका छन्। बालअर्थात् मूर्खजनहरूको विषय, दुई प्रकारका सुखहरूको विषय, दुई प्रकारका दानका विषय आदि कुराहरू यसमा समावेश छन्।

तिक निपातमा १८ वटा वर्ग अन्तर्गत १८४ सूत्रहरू छन्। त्रिद्वार (काय, वाक र चित्त) बाट गरिने कुशल-अकुशल कर्महरू, शील समाधि प्रज्ञा आदि विषयहरूको चर्चा यस निपातमा रहेका छन्।

भाग २ को चतुक्क निपातमा २७ वटा वर्गहरू राखिएका छन्, जसमा ७८३ वटा सूत्रहरू छन्। ती २७ वटा वर्गहरूलाई पनि पण्णासक भनेर पचासको समूह बनाएर पाँच वटा पण्णासकमा बाँडिएका छन् र एउटा पेयाल (उस्तै भनिएको) समूहपनि राखिएको छ। यस निपातमा चारवटा इरियापथ (शरीरको विभिन्न स्थितिहरू), चार प्रकारका व्यक्तिहरू, चार प्रकारका जवाफ आदि विषयहरूका बारेमा बताइएको छ।

पञ्चक निपातमा पाँच पण्णासक र तीन पेयाल गरी २६ वर्ग र ११५१ वटा सूत्रहरू छन्। पाँच नीवरण (बाधाहरू), पाँच प्रकारका विरामी, चंक्रमण (हिँड्डुल गरी गरिने ध्यान) का पाँच फाइदा आदि विषयमा बताइएको छ।

भाग ३ को छक्क निपातमा दुई पण्णासक, एक पेयाल गरी १२ वटा वर्ग र ६४९ सूत्रहरू समेटिएका छन्। गौरव राख्न योग्य भिक्षु, त्याग्नुपर्ने विषय आदिका बारेमा यो निपातमा बताइएको पाइन्छ।

सत्तक निपातमा दुई पण्णासक, एक पेयाल गरी १० वटावर्ग र ११३२ वटा सूत्रहरू राखिएका छन्। वन्दनीय व्यक्ति, मन नपराउने भिक्षु आदिको विषयमा जानकारी यस निपातमा दिइएको छ।

भाग ४ को अट्टक निपातमा दुई पण्णासक, एक पेयाल गरी १० वटा वर्ग र ६२६ वटा सूत्रहरू छन्। मैत्रीको प्रतिफल (आनिशंस), लोकधर्म, आठ प्रकारका बोलि आदि विषयमा बताइएको पाइन्छ।

नवक निपातमा दुई पण्णासक, एक पेयाल गरी ९ वटा वर्ग र ४३२ सूत्रहरू रहेका छन्। अरहतहरूले नगर्ने ९ वटा काम, जान्न हुने ठाउँ आदिको बारेमा बुद्धको भनाईहरू यसमा रहेका छन्।

भाग ५ को दसक निपातमा पाँच पण्णासक, एक पेयाल गरी २२ वटा वर्ग र ७४६ वटा सूत्रहरू राखिएका छन्। आफ्नै चित्तको विषय, इच्छा गर्ने विषय, पापबाट अलग हुने विषय आदि यसमा समावेश छन्।

एकादसक निपातमा तीन वर्ग, एक पेयाल गरी ६७१ वटा सूत्रहरू छन्, जसमा शीलको प्रतिफल, वृद्धि गर्नु पर्ने विषय, प्रव्रजित हुनेहरूका श्रद्धा आदि विषयहरू समेटिएका छन्।

यसरी बुद्धका अनुपम, अद्वितीय र सदाबहार, कल्याणकारी, हितकारी र सुखकारी उपदेश, शिक्षा एवं मार्गदर्शनहरूको संगालो अंगुत्तर निकायको अध्ययनबाट

बहुजनहित र बहुजन सुख हुने कुरामादुई मतहुने कुनै गुन्जायस देखिँदैन ।

यस्तो बहुपयोगी शिक्षाको गरिमा र महत्वको बारेमा जति बयान गरे पनिथोरै महसूस हुनु अस्वाभाविक होइन । जति बढी ग्रन्थभित्र पस्छौं उति बढी जिज्ञासा उत्पन्न गराउने त्रिपिटक ग्रन्थहरू पठनीय, चिन्तनीय, मननीयर संग्रहनीय छन् भन्दाअत्युक्तिनहोला ।

भवतु सब्ब मंगलं ॥

सहायक सामग्री:

बोधिसेन, भिक्षु महास्थविर (अनु.), अंगुत्तर निकाय, प्रथमभाग, काठमाडौंः ज्ञानज्योति कंसाकार लगायत, वि.सं. २०५८

बोधिसेन, भिक्षु महास्थविर (अनु.), अंगुत्तर निकाय, दोश्रो भाग, काठमाडौंः अनागारिका वीर्यपारमितालगायत, वि.सं. २०६५

बोधिसेन, भिक्षु महास्थविर (अनु.), अंगुत्तर निकाय, तेश्रो भाग, काठमाडौंः अनागारिका वीर्यपारमितालगायत, वि.सं. २०६७

बोधिसेन, भिक्षु महास्थविर (अनु.), अंगुत्तर निकाय, चौथो भाग, काठमाडौंः नातिकाजीमहर्जन लगायत, वि.सं. २०६८

बोधिसेन, भिक्षु महास्थविर (अनु.), अंगुत्तर निकाय, पाँचौं भाग, काठमाडौंः अनागारिका वीर्यपारमिता, वि.सं. २०६९

शाक्य, धर्मरत्नत्रिशुली (अनु. सं.), अंगुत्तर निकायप्रथमभाग,ललितपुरः कुलनरसिं शाक्य, ने.सं. ११२०

...... अंगुत्तर निकाय, हिंदीअनुवाद, भाग १, इगतपुरीः विपश्यनाविशोधनविन्यास, ई.सं. २०१२

Hare, E.M. (Tr.), *The Book of Gradual Sayings (AnguttaraNikaya) (Vol. I to V),* Delhi: MotilalBanarsidass Publishers, 2006

Thera, Nyanaponika and Bhikkhu Bodhi (tr. Ed.), *Numerical Discourses of the Buddha,* New Delhi: Vistaar Publications, 2000.

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

जन्म :
बि.सं. २००२ कार्तिक २४ गते

दिवंगत :
बि.सं. २०७८ माघ ७ गते

दिवंगत कमलतारा ताम्राकार

धर्मकीर्ति विहार द्वितीया पुचः (पूर्णिमा पछिको) का सदस्य उपासिका कमलतारा ताम्राकार ७६ वर्षको उमेरमा दिवंगत हुनुभयो । यस दुःखद घडीमा उहाँका परिवारले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्नसकुन् । दिवंगत उपासिका कमल ताराको सुगति सहितको निर्वाण कामना गरी पुण्यानुमोदन गर्दछौं ।

धर्मकीर्ति द्वितीया भोजन पुचः

धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं

रूप परमार्थ धर्म

– **श्यामलाल चित्रकार** 'सद्धम्म कोविद'

भगवान बुद्ध ६२३ बि.सि.मा जन्मनु भएर ३५ वर्षको उमेरमा बोधिज्ञान लाभ गर्नु भयो र दुःखबाट मुक्त हुने उपदेशहरू ४५ वर्षसम्म निरन्तर दिनु भयो । महिना महिनामा आउने पूर्णिमाहरूको उहाँको जीवनमा विशेष महत्वका हुन्छन् । त्यस मध्ये बैशाख पूर्णिमाका दिनमा नै उहाँको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण त्रिसंयोग परेका छन् । बि.सं. २०७९ सालको बैशाख पूर्णिमा जेठ २ गते सोमवारको दिनमा विभिन्न कार्यक्रमहरूसहित देश विदेशमा सबै बौद्धहरूले भगवान बुद्धप्रति श्रद्धा सुमन अर्पण गर्दछन् । उहाँको उपदेशहरूबाट प्रेरणा लिई आफ्नो जीवन सुखमय बनाउन प्रयासरत हुन्छन् । उहाँको सम्पूर्ण उपदेशहरू १) सूत्र पिटक, २) विनय पिटक र ३) अभिधर्म पिटकमा संग्रहित छन् । अभिधर्म पिटकमा रहेका ७ वटा ग्रन्थहरूलाई वैज्ञानिक तवरले सिलसिलेवार तरिकाले सारगर्भित ढंगले प्रस्तुत गरी लेखिएको 'अभिधम्मत्थसङ्गह' पुस्तक धेरै उपयोगी देखिन्छ । भगवान बुद्धले जीवन र जगतबारे विश्लेषण गरी दुःखहरूलाई हटाई जीवन सुखमय बनाउनुका साथै अन्तिममा निर्वाणसम्म पुग्न सक्ने अत्यूत्तम र निर्विकल्प उपायहरू सिकाउनु भयो ।

उहाँका उपदेशहरूलाई मन र भौतिक पदार्थ गरी दुई विषयहरूमा विभाजन गरिएको पाइन्छ । यहाँ भौतिक पदार्थ रूप परमार्थ धर्मबारे प्रस्तुत गर्ने प्रयास गरिएको छ । आँखाले देख्न नसकिने अति सूक्ष्मतम अणु, परमाणु, न्यूट्रोन, प्रोटोन, इलेक्ट्रोन, तरङ्गभन्दा सूक्ष्म जसलाई शक्तिशाली सूक्ष्मदर्शक यन्त्रले समेत देखाउन नसकेको धर्मलाई परमार्थ धर्म भन्ने गरिएको छ । परमार्थ धर्महरू जोसँग पनि हुने, सधैं तथा जहाँ पनि रही रहने अन्तिम सत्य (Fundamental Truth, Universal Truth) मानिन्छ । भौतिक प्रयोगशालामा पदार्थहरूको जाँचपड्ताल र अनुसन्धान गरेर प्रमाणित गरे जस्तो परमार्थ धर्महरूलाई त्यसरी प्रमाणित गर्न अहिलेसम्म नसकेतापनि ती सत्य नै हुन् । शीलपालन गरी ध्यान अभ्यासबाट समाधिलाई वृद्धि गर्दै प्राप्त हुने प्रज्ञाले परमार्थ धर्महरूलाई शंकारहित यथार्थ अनुभव गर्न सकिन्छ । उक्त पुस्तकमा चित्त, चैतसिक, रूप र निर्वाण गरी चार प्रकारका परमार्थ धर्महरूको नौ वटा कण्डहरूमा विस्तृत वर्णन गरिएका छन् ।

चित्तको थाहा पाउने एउटा मात्र स्वभाव भएकोले चित्त एउटा परमार्थ भए पनि त्यस चित्तमा चैतसिकहरू मिसिन जाँदा चित्तहरू ८९ अथवा १२१ प्रकारका हुन्छन् र ती सबै प्रकारका चित्तहरू पनि परमार्थ धर्महरू नै हुन् ।

आ-आफ्नो जाति समूहको छुट्टाछुट्टै साम्प्रदायिक धर्महरू, धार्मिक ग्रन्थहरू, परम्परादेखि चलिआएको रीतिरिवाज, चलन, संस्कारहरू, पुजापाठ, कर्तव्य पालन, असल आचरण इत्यादिलाई धर्म मान्ने गरेको पाइन्छ । तर ती धर्महरू सबै ठाउँमा, सबै समयमा र सबै जनामा एकनास कायम हुँदैन ।

चित्तमा हुने रीस, राग, अहंकार, मैत्री, करुणा, मुदिता इत्यादि ५२ प्रकारका चैतसिकहरू परमार्थ धर्महरू हुन् । अभिधर्ममा २८ प्रकारका रूपहरूको वर्णन पाइन्छ । जन्म, जरा, व्याधि र मरणरहितको परम शान्ति र आनन्दको असंस्कृत निर्वाण धर्म साक्षात्कार गर्नु बौद्धहरूको मूल लक्ष्य हुन् । जीवन र जगतको सार सारांस पञ्च स्कन्ध : रूप, वेदना, संज्ञा, संस्कार र विञ्ञाणको प्राकृतिक स्वभावलाई धर्म मान्ने गरिन्छ ।

भौतिक पदार्थ रूप शब्द रूप धातुबाट व्युत्पत्ति भएको र त्यस्को अर्थ हो बिघटन हुनु र नास हुनु ।[1]

1. Narada Maha Thera, (ed.), *A Manual of Abhidhamma* (Being Abhidhammattha Sangaha of Bhadanta Anuruddhaacariya, editated in the original pali text with english translation and explanatory notes), 4th edition, Malaysia: Buddhist Missionary Society, 1979. p-280.

रूप्पति'ति रूपम् अर्थात् गर्मी ठण्डी इत्यादिले रङ्ग, आकार परिवर्तन हुनुको साथै नास भएर जानेलाई रूप भनिन्छ। सन्दर्भ अनुसार पदार्थ, वस्तु, आकार, आकृति, शरीर इत्यादिलाई रूपको अर्थमा लिइन्छन। ठूलोमा ब्रम्हाण्डमा देखिने ग्रहहरू पनि रूप हुन। बुद्धको समयमा सबभन्दा सानो रूपलाई परमाणु भन्ने गरिन्छ। अँध्यारो ठाउँमा प्रकाशको किरणमा देखिने सानो धुलो कणलाई रठरेणु भनिन्छ। रठरेणुको १६औं भागलाई एक तज्जारि, एक तज्जारिको १६औं भागलाई एक अणु र एक अणुको १६औ भागलाई परमाणु भनिन्छ।[२]

२६ सय वर्ष पहिले बुद्धको समयमा र अहिले २१औं शताब्दीको समयसम्ममा विज्ञानले धेरै फड्को मारीसकेको छ। जीवनयापनको लागि भौतिक सुख सुविधा निकै बढेको छ। आणविक युद्धको त्रास पनि रहेकै छ। एक अणु भित्रको केन्द्रविन्दु न्यूक्लियस, प्रोटोन, इलेक्ट्रोनको संरचना र क्रियाकलापको गहन अध्ययन भएको छ र भइरहेको छ। विज्ञानले अणुको नाप बताएको छ। एक अणुको आकार प्रायः बराबर भए पनि घनत्व फरक फरक हुन्छन्। एक अणुको व्यास 0.1nm (1*10-10) एक मिटरको एक अरब गुणा सानो बताइएको छ। एक अणु व्यास मानव रौंको व्यासको १० लाख गुणा सानो छ।[३]

भगवान बुद्धले मनको प्रयोगशालामा शील, समाधि र प्रज्ञाको बलले दुई प्रमुख तत्व नाम र रूपको विस्तृत व्याख्या गरी निर्वाणको पथ प्रदर्शन गर्नु भयो। वेदना, संज्ञा, संस्कार र विञ्ञाणलाइ संयुक्त रुपमा नाम भनिन्छ। यस लेखमा पञ्च स्कन्ध मध्ये रूपबारे केही विवेचना गर्ने प्रयास गरिएको छ। रूप जतिसुकै सानो होस् त्यसमा ८ प्रकारका कलापहरू हुन्छन्। त्यसबेलाको भाषामा सबभन्दा सानो तत्वलाई कलाप भनिन्छ। ती ८ प्रकारका कलापहरू यसप्रकार हुन् : पथवी, आपो, तेजो, वायो, वण्ण, गन्ध, रस र ओजा। तिनीहरू सँगै उत्पत्ति हुन्छन् र सँगै विनास पनि हुन्छन्। यसलाई अविनिभोग रूप पनि भनिन्छ। पृथ्वी, जल, अग्नि, वायु र आकाशलाई पञ्च तत्व भनिने र यहाँ चार महाभूत : पथवी, आपो, तेजो र वायो भन्नाले आम मानिसमा बुझाई फरक फरक पाइन्छ। जुनसुकै रूपमा पनि साह्रो नरम तत्व पथवी, जोडिने जल तत्व, ठण्डा गरम तेजो तत्व र हलन चलन वायु तत्व हुन्छन्। बलीरहेको आगोमा पनि जोडिने आपो (जल) तत्व हुन्छ भने पानीमा पनि तेजो (अग्नि) तत्व हुन्छ। फलामको ढिक्कोमा वायु तत्व हुन्छ र बतासमा पनि पथवी तत्व हुन्छ। आकाशलाइ अभिधर्म पुस्तकमा दुइ वटा रूपहरूलाई छुट्याई दिने परिच्छेद रूप भनिएको छ। जतिसुकै सानो पदार्थमा पनि रङ्ग, गन्ध, स्वाद र पौष्टिक तत्व हुन्छन्। ती चार महाभूत पदार्थहरूबाटै अरु जम्मै प्रकारका पदार्थहरू उत्पत्ति हुन्छन् वा निर्माण गरिन्छन्। पछि उत्पन्न हुने रूपहरूलाई उपादाय रूप भनिन्छ। अभिधम्ममा २८ प्रकारका रूपहरूको वर्णन पाइन्छ। तिनीहरू यस प्रकार छन् :

१. रूप विभाजन दुई प्रकारले	२८
१.१ महाभूत रूप (पथवी, आपो, तेजो, वायो)	४
१.२ उपादाय रूप	२४
२. रूप विभाजन एघार प्रकारले	२८
२.१ महाभूत रूप	४
२.२ पसाद रूप (चक्षु, स्रोत, घ्राण, जिव्हा र काय)	५
२.३ गोचर (रूप, शव्द, गन्ध र रस आरम्मण)	४
२.४ भाव रूप (पुरुष र स्त्री भाव)	२
२.५ हृदय रूप	१
२.६ जीवित रूप	१
२.७ आहार रूप	१
२.८ परिच्छेद	१
२.९ विञ्ञति (काय र वची)	२
२.१० विकार रूप (मुदुता, लहुता, कम्मञ्ञता)	३
२.११ लक्षण रूप (उपचयो, सन्तति, जरता, अनिच्चता)	४

साधारण जनमानसमा रूप भन्नाले सानो ठूलो आकार आकृति सम्झे जस्तो यी रूप विभाजन होइनन्। यस्मा सूक्ष्म परमार्थ धर्मको हिसाबले बताइएका हुन्। विज्ञान जगतमा Element and Compound

2. Thera, Narada Maha, op.cit. No.1, p-281.
3. https://www.google.com/search?q=what+is+size+of+atom&oq=what+is+size+ofatom&aqs=chrome.1.69i57j0i13l2j0i22i30j0i8i13i30l6.22385j0j7&sourceid=chrome&ie=UTF-8

भनिन्छ । Element मा एकै प्रकारका अणुहरू हुन्छन भने Compound मा दुई वा दुई भन्दा बढी अणुहरू मिसिएका हुन्छन् । हालसम्म ११८ वटा Element पहिचान गरिएको पाइन्छ ।[४]

सत्व प्राणीहरू, बोट विरुवाहरू र भौतिक पदार्थहरूको उत्पत्ति विनासको संचालन कम्म, चित्त, उतु, बीज र धम्म गरी पाँच वटा नियमहरूबाट हुने कुरा बताइएको छ ।[५] सत्व प्राणीहरूमा कम्म, चित्त, उतु र आहारबाट शरीर निर्माण हुने कुरा उल्लेख छ । प्राणीहरूमा कुन कारणले के के रूप कलापहरू उत्पन्न हुन्छन् भन्ने बारेको जानकारी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।[६]

कारणहरूले उत्पत्ति हुने रूपका प्रकारहरू :

कारण	अविनिभोग	परिच्छेद	पसाद	भाव	हृदयवत्थु	जीवितिन्द्रिय	जम्मा
कम्म	८	१	५	२	१	१	१८
चित्त	८	१		विञ्ञति २	शब्द १	विकार ३	१५
उतु	८	१			शब्द १	विकार ३	१३
आहार	८	१				विकार ३	१२

हरेक सूक्ष्म रूपमा ८ वटा अविनिभोग कलापहरू हुन्छन्, साथै कुसल र अकुसल कर्मले नयाँ जन्म लिने पटिसन्धि चित्तदेखि मरण क्षणको अधिसम्म आँखा, कान, नाक, जिब्रो र शरीरभरिमा रहने सूक्ष्म पसाद रूपहरू, स्त्रीभाव, पुरुषभाव, हृदयवत्थु र रूप जीवित रूपहरू बत्ति बलिरहे जस्तै वा खोलामा पानी बगिरहे जस्तै निरन्तर रुपमा उत्पत्ति विनास भई रहन्छन् । कर्मले बनाउने रूपहरू अरु कारणले बन्दैनन् । शरीरले सुत्ने, बस्ने, उठ्ने, हिँड्ने, र अनेक क्रियाकलाप गर्ने तथा इसारा गर्ने इत्यादि शारीरिक काम गर्न अगावै मनले चिताउने र आदेस दिए पछि मात्र शरीरले कार्य गर्दछन् । शरीरले कार्य गर्दा शरीर आफैले स्वतः गरे जस्तो लाग्छ । मनले अह्राए पछिमात्र शरीरले आदेसको पालनामात्र गरेको भन्ने कुरा बुझ्न सजिलो छैन । ध्यानको स्तर बढाउँदै मन र शरीरलाई अलग अलग बुझ्ने नाम रूप परिच्छेद ज्ञान हासिल गर्नुपर्ने हुन्छ । त्यस्तै बोल्नु अगाडि चित्तको काम पहिला हुन्छ अनि मात्र बोल्ने काम हुन्छ । साथै समथ ध्यानमा परिपक्व भएको व्यक्तिले आगोमा, पानीमा हिँड्ने, उड्ने, सानो ठूलो हुने, अनेक रूप लिने इत्यादि ऋद्धि प्रातिहार्य देखाउन सक्ने शक्ति चित्तले उत्पन्न गर्दछन् । शरीरबाट निस्कने आवाज वा बोलि चित्त र ठण्डा गरम (उतु) को कारणले उत्पन्न हुन्छन् । बाहिरू प्रकृतिमा उतुको कारणले मात्र शब्द उत्पन्न हुन्छन् ।

ठोक्किनु, खस्नु, घस्रिनु, गुड्नु इत्यादि कारणहरूले वस्तुहरूमा कम्पन हुन्छन् । कम्पनले नजिकको कणसंग सम्पर्क भई क्रमशः तरङ्ग उत्पन्न हुंदै जान्छ । उक्त तरङ्ग कानको सूक्ष्म पसादको सम्पर्कमा आएपछि आवाजलाई मनले थाहा पाउने हुन्छ । हावामा, समुद्रको पानीमा र ठोस पदार्थमा ध्वनीको तरङ्गको गति फरक फरक हुन्छ । हावामा ३३२ मिटर र समुद्रको पानीमा १५०० मिटर प्रति सेकेण्ड ध्वनी तरङ्गको गति हुने बताइएको छ ।७

4. https://www.google.com/search?q=number+of+elements&oq=number+of+element&aqs=chrome.2.69i57j0i512l9.18471j0j7&sourceid=chrome&ie=UTF-8
5. https://www.google.com/search?q=pancha+niyama+dharma&oq=pancha+niyama&aqs=chrome.3.0i512j69i57j0i512j0i22i30l2.669285j0j7&sourceid=chrome&ie=UTF-8
6. Mon, Dr. Neim Tin, The Essence of Buddha Abhidhamma, Mehm Tay Zar Mon, Yangon, AD 1995. pp238-242.
7. https://www.google.com/search?q=at+what+speed+does+sound+travel&oq=at+what+speed+sound+&aqs=chrome.2.0i512j69i57j0i22i30l7.33072j0j7&sourceid=chrome&ie=UTF-8

अनुसूची नं.१मा उल्लेख भए बमोजिम महाभूत रूप ४, पसाद रूप (चक्षु, स्रोत, घ्राण, जिव्हा र काय) ५, गोचर (रूप, शव्द, गन्ध र रस आरमण) ४, भाव रूप (पुरूष र स्त्री भाव) २, हृदय रूप १, जीवित रूप १ र आहार रूप १ गरी जम्मा १८ प्रकारका रूपहरू विविध कारणहरूबाट उत्पन्न हुने भएकाले तिनीहरूलाई निप्फन्न रूपहरू भनिन्छ । बाँकि परिच्छेद १, विञ्ञति (काय र वची) २, विकार रूप (मुदुता, लहुता, कम्मञ्ञता) ३ र लक्षण रूप (उपचयो, सन्तति, जरता, अनिच्चता) ४ गरी जम्मा १० प्रकारका रूपहरू उत्पन्न हुने कारण नचाहिने भएकोले अनिप्फन्न रूपहरू भनिन्छ ।

भगवान बुद्धले अभिधर्ममा नाम रूप परमार्थ धर्महरूबारे गहन र दुरुह उपदेशहरू मध्ये रूप परमार्थ धर्मबारे सीमित स्थानलाई विचार गरी पाठकवर्गमा केही जिज्ञासा उत्पन्न होस भन्ने हेतुले मात्र परिपक्व ज्ञान नभए पनि अल्पबुद्धिले उपरोक्त केही अंश प्रस्तुत गरिएको हो । पुस्तकहरू अध्ययन गरी गुरुहरूसँग सोधखोज र छलफल गर्नु नितान्त आवश्यक छ । नजानेको कुरामा गल्तिहरू हुनु स्वाभाविक भएकोले सुझावहरूको अपेक्षा गरिन्छ ।

सन्दर्भ ग्रन्थ सूची

नेपालभाषा:

ज्ञानपूर्णिक, भिक्षु (धम्माचरिय) भाय् ह्यूम्ह, अभिधम्मत्थसङ्गहो, अभिधर्मार्थ संग्रह, (मूलपालि शब्दार्थ व भावार्थ लिसें), काठमाडौं : आनन्दकूटी विहारगुठी, वि.सं.२०४८ ।

महास्थविर, प्रज्ञानन्द, (अनु.) म्युप्येंजी अभिधर्मार्थ संग्रह अभिप्राय निर्देश, थैना : अनागारिका ञाणशीला, श्री शाक्यसिंह विहार, बि.सं. २०६२ ।

English:

MahaThera, Narada, (ed.), *A Manual of Abhidhamma* (Being Abhidhammattha Sangaha of Bhadanta Anuruddhaacariya, editated in the original pali text with english translation and explanatory notes), 4th edition, Malaysia: Buddhist Missionary Society, 1979.

Mon, Dr. Neim Tin, *The Essence of Buddha Abhidhamma*, Yangon: Mehm Tay Zar Mon, AD 1995.

निःस्संदेह बुद्ध बन्ने छौं बाँकी अंश ... ...

बन्न सकुं । अन्तिम जन्मको जीवनमा पनि यिनको नै अर्धांगिनी बन्न पाउँ । भगवान् दीपंकरले पनि उक्त कन्याको भविष्यलाई अध्ययन गरी उनको मनोकामना पूरा हुने भनी आशीर्वाद दिनुभयो । सुमेधको अन्तिम जन्ममा उक्त कन्या यशोधरा नाम गरेकी कन्या भई उनको अर्धाङ्गिनी बन्ने छौ र यिनीबाट विपश्यना साधना सिकी भवमुक्त अरहन्त अवस्था प्राप्त गर्नेछौ भनी भविष्यवाणी गर्नुभयो ।



भगवान् दीपंकरको आशीर्वादमयी भविष्यवाणीले तपस्वी सुमेध बोधि बीऊ धारण गरी 'बोधिबीज' को नामले चिनिनु भयो । उनको मनमा बोधि अंकुरित हुँदै गएको कारणले 'बुद्धांकुर' नामले प्रख्यात हुन थाल्यो । त्यसैले उहाँलाई बोधि सत्वको नामले चिनियो । ■



अनन्त ज्योति–६

(श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन जीवन, मेहनत र सद्भावनाका विषयमा)

अनुवादक- **देवकाजी शाक्य**

२९

– केटाकेटीहरूका लागि सर्वश्रेष्ठ हुन्छ– आमाको तालीम ।
– पतिको लागि सर्वश्रेष्ठ हुन्छ– उसकी श्रीमतीको सहारा-ढाडस ।
– विद्यार्थीको लागि सर्वश्रेष्ठ कारण र परिस्थिति– गुरुद्वारा शिक्षा ।
– गुरुको लागि सबैभन्दा ठूलो सुख– पूर्वशिष्यको प्रसिद्धि ।

३०

– छोराछोरीका स्वर आमाबाबुका लागि सङ्गीत हुन्छन् ।
– नातिनातिनाहरू बाजेबज्यैका हाँसोमा चम्कन्छन् ।
– पत्नीहरूका प्यार पतिहरूका लागि शुभप्रभात शीतल समीर हो ।
– पिताहरूका अँगालो परिवारहरूको आश्रय हुन् ।

३१

– सुखी बुद्ध बन्नको लागि सुखी हुन सिक ।
– निश्चिन्त बुद्ध बन्न निश्चिन्त हुन सिक ।
– सहिष्णु बुद्ध हुन सहिष्णु बन्न सिक ।
– मैत्रीय बुद्ध हुन मैत्रीपूर्ण बन्न सिक ।

३२

– आमाबाबुबीच झगडा पर्दा केटाकेटीहरूलाई चोट पर्छ ।
– केटाकेटीहरू झगडा गर्दा आमाबाबुलाई दुःख हुन्छ ।
– कामदारहरूबीच झगडा पर्दा व्यवसायमा घाटा लाग्छ ।
– नागरिकहरू असन्तुष्ट हुँदा राष्ट्रलाई नोक्सान पुग्छ ।

३३

– धर्मपरायणतामा काम गर ।
– सहिष्णुतामा रही बोल ।
– मैत्रीपूर्ण बन र विवेकपूर्ण ढङ्गले अरूसँग व्यवहार गर ।
– आफूसँग भएको भन्दा बढी खर्च नगर ।

३४

– आइपर्ने कठिनाइसँग नडराऊ– भयलाई उछिन्न खोज ।
– थकाइसँग नडराऊ– अघि बढ्दै जाऊ ।
– खतरासँग नडराऊ– साहसी बन ।
– मृत्युसँग नडराऊ– मौका छोप ।

३५

– व्यवसायको सफलताको लागि अरूसँगको सद्भावना आवश्यक हुन्छ ।
– सामञ्जस्यताको लागि आपसी सम्मान र आदरभाव आवश्यक हुन्छ ।

३६

– ज्योतिषी र जोखना हेर्नेको सल्लाह लिनुभन्दा चित्तलाई परिष्कृत गर्नु, नैतिक सिद्धान्त र मूल्यमान्यताहरूलाई जोड दिनु, विवेकशील बन्नु र सत्यलाई विश्वास गर्नु धेरै राम्रो हुन्छ ।

३७

– धैर्य र शान्त स्वभावले असल भावनाहरूलाई जन्म दिन्छन् ।
– विनम्रताले असल सम्बन्ध पैदा गर्छ ।

३८

– तिमी सही र क्षमाशील छौ भने तिमी पुण्यवान् र गुणवान् छौ ।
– पुण्यवान् गुणहरूले तिम्रो कार्यक्षेत्रलाई विस्कृत पारिदिन्छन् ।

– तिमी गलत र झगडालु छौ भने तिमी अरूलाई तर्साएर दुःख दिँदैछौ ।
– अरूलाई डर-धम्की देखाएर दुःख दिँदैछौ भने तिमी तिम्रो कार्यक्षेत्रलाई सङ्कुचित पार्दैछौ ।

३९

– सबै कुरा सफा र स्पष्ट पार्नु अरू मानिसहरूसँग राम्रो सम्बन्ध स्थापना गर्नको लागि एउटा जादुगरीय उपाय हो ।
– आफ्ना खराब आचरण र विचारहरूमा आमूल परिवर्तनले तिम्रो समुन्नतिमा तीव्र गति प्रदान गर्दछ ।

४०

– अरूलाई सुखी बनाउन हामीले दुःख भोग्नुपर्ने पनि हुन सक्छ ।
– हामीले आफूलाई सुखी बनाउन खोज्दा अरूले दुःख पाउन सक्छ ।
– हामीले आफूलाई सुखी बनाउनुभन्दा अगाडि अरूलाई सुखी बनाऊ ।
– सबैजना सुखी छन् भने सबैजना ठीक हुन्छन् ।

४१

– आफ्नो निजी फाइदाको लागि तिम्रा दाजुभाइ र दिदीबहिनीसँग नलड ।
– स्वार्थको लागि परिवार र साथीहरूलाई चोट नपुऱ्याऊ ।
– तिम्रो आफ्नो लोभ र कृपण स्वभावको कारणले अरूलाई प्राप्त हुने साधुसन्तका करुणाको बाधा नबन ।
– हिंसात्मक कार्यद्वारा समाज र राष्ट्रको सद्भावना र सामञ्जस्यतामा खलल नपुऱ्याऊ ।

४२

– कुनै कार्य गर्नुअगाडि योजना तर्जुमा गर ।
– धनको प्रयोग गर्नुअगाडि आर्थिक योजना (बजेट) बनाऊ ।
– कुनै कार्यको कार्यान्वयन गर्नुअगाडि लक्ष्य निर्धारण गर ।
– भविष्यको योजनाको लागि आशा जगाऊ ।

४३

– उचित र न्यायपूर्ण हुनु नै अरूलाई व्यवहार गर्ने तरिका हो ।
– जेहन्दार र विवेकशील हुनु बाँच्ने तरिका हो ।
– यश अवयशमा भागीदार हुनु नै मित्र बनाउने तरिका हो ।
– जीवनमा अघि बढ्ने तरिका जीवन मृत्युसँग नडराउनु हो ।

४४

– आफूसँग भएका धनसम्पत्ति, नामप्रतिष्ठा, तीव्र इच्छा र चाहना, अशान्त विचारबाट अलग्ग हुन सकेमा जेजस्तो परिस्थितिमा पनि तिमी निराश हुने छैनौ ।

४५

– उदात्त चित्तले सहिष्णुतातर्फ डोऱ्याउँछ ।
– सहिष्णुताले उत्तरदायी कार्यतर्फ अग्रसर गराउँछ ।
– मिहिनेतले लक्षमा पुऱ्याउँछ ।
– मितव्ययिताले तिमीलाई धनी बनाउँछ ।

४६

– गुणहरूका कारणले तिमी आदरणीय हुनेछौ ।
– उपलब्धिले गर्दा तिमी प्रशंसित हुनेछौ ।
– विशाल हृदयले गर्दा तिम्रो जयजयकार हुनेछ ।
– सहिष्णुताले गर्दा तिमी अनुकरणीय हुनेछौ ।

४७

– आपत-विपदबाट मुक्त हुन धैर्य जादुगरीय उपाय हो ।
– पुण्य बढाउनु दया जादुगरीय उपाय हो ।

४८

– जसले बुझेको छ, उसले व्यवसाय राम्रोसँग चलाउँछ ।
– कसरी कामकुरो गर्नुपर्छ भन्ने बुझ्नेले राम्रो तरिकाले व्यवहार गर्दछ ।

४९

– मिहिनेतपूर्वक काम गर र समयलाई नठग अर्थात् विलम्ब नगर ।
– तिमीलाई अरूले डरपोक ठाने पनि धैर्य गर ।
– बहादुर बन, आफूलाई अति दोषारोपण नगर ।
– अनासक्त भई नाफानोक्सानलाई परित्याग गर ।

५०

- जीवन बाँच्न असल छिमेकीहरू छान ।
- यात्रा गर्न असल साथी खोज ।
- ज्ञानको भण्डार भर्न असल पुस्तकहरू छान ।
- राम्रो व्यवहारको अभ्यासको लागि असल मित्रहरू छान ।

५१

- जीवन कठिन हुँदा धैर्यले साथ दिन्छ ।
- मानिसहरूलाई खोज्न गाह्रो हुँदा, इमान्दारीले घनिष्ठ मित्र प्राप्त गर्न मद्दत गर्दछ ।

५२

- उत्साह, उमङ्ग र जाँगरमा रहन बढी नखाऊ ।
- अरूसँग मिलेर बस्न कडा बचन नबोल ।

५३

- पछाडी अरूहरूका प्रशंसा गर्दा उनीहरू खुसी हुन्छन् ।
- उनीहरूकै सामू आलोचना गर्दा नचाहिँदो फाल्टो गफ समाप्त हुन्छ ।

५४

- एक जना बढी मित्र बनाउनु एक जना शत्रु कम गर्नु हो ।
- एक दिनको कडा परिश्रम एक दिनको सन्तुष्टि हो ।

५५

- रूखलाई सौन्दर्य प्रदान गर्न एउटा रातो फूलको लागि हरिया पातहरू आवश्यक पर्दछ ।
- रातको सुन्दरता झल्काउन ताराहरूका महासागरमा चम्किलो चन्द्रमाको जरुरत पर्दछ ।
- एउटा कामलाई सुसम्पन्न गर्न हाकिमलाई अधिनष्ठ कर्मचारीहरूको एकत्रित सहयोग आवश्यक पर्छ ।
- सम्पूर्ण जीवनको रसास्वादन गर्नको निमित्त तीतामीठा सबै कुरा ग्रहण गर्न मानिसलाई साहसको जरुरी छ ।

५६

- धैर्यपूर्वक ध्यान एकत्रित गरेर सुन्दा ज्ञानको दायरा फराकिलो हुन्छ र तिमीलाई अभिवादन गर्नेछ ।
- हावादारी कुरा र नचाहिँदा गफले तिम्रा कमजोरीहरू बाहिर निस्कनेछन् र तिमी तिरष्कृत हुनेछौ ।

५७

- अभ्यास गर्ने र परिष्कृत हुने सदिच्छाले सत्कारण र अवस्थाहरू जम्मा गर्न सहयोग पुग्नेछ ।
- सहयोग गर्ने तत्परताले तिम्रा अनुभवहरू फराकिलो हुनेछन् ।

५८

- निश्चिन्त मन मोजमस्ती मज्जाभन्दा अधिक मूल्यवान् हुन्छ ।
- व्यवसायमा सफलताभन्दा असल गुण बढी मूल्यवान् हुन्छ ।

५९

- सोचेअनुसार आफूले जुन कुरा भनेको हो त्यसको मूल्याङ्कन जरुरी हुन्छ ।
- सर्वसम्मत स्वीकृति सबभन्दा राम्रो लक्षण हो ।

६०

- नीच प्रवृत्तिका मानिससँग भन्दा गुणी पुण्यवान् मानिससँग सङ्गत-व्यवहार गर्नु राम्रो हुन्छ ।
- मूर्खसँगभन्दा विद्वान्सँग बहस-वादविवाद गर्नु जाति हुन्छ ।

६१

- वसन्त ऋतुमा रोपेमा शरदमा फल प्राप्त हुन्छ ।
- तिम्रा सहयोगका हातहरूले गर्दा अरूका सहयोग प्राप्त गर्न मद्दत पुग्छन् ।
- पाप छैन भने पापका प्रतिफल पनि छैन ।
- भेदभाव छैन भने नचाहिँदो वाहियात गफ पनि छैन ।

६२

- सूचना सम्प्रेषणको मुख्य कुन्जी भन्नु नै ध्यान दिएर सुन्नु हो ।
- सहयोग गर्नु नै वार्तालापको कुन्जी हो ।

६३

- नौसेना समुद्रमा लडाइँ लड्छ ।
- स्थलसेना स्थलमा लडाइँ लड्छ ।
- वायुसेना आकाशमा लड्छ ।
- सबै खाले सेनाले हमलाविरुद्ध रक्षा प्रदान गर्छ ।
- अघिल्ला पङ्क्तिमा आपूर्ति फौजले आपूर्तिको व्यवस्था गर्छ ।

– सबै मानिसहरू मानसिक रूपले सशस्त्र हुनुपर्छ ।

६४

– अभावबारे चिन्ता नगर, मन र दिमागको धनी बन ।
– गरिबीबारे चिन्ता नगर, आफ्नो मालिक आफैं बन ।

६५

– परिवारका आशा केन्द्र केटाकेटीहरू नै हुन् ।
– युवाहरू देशका नेता बन्नेछन् ।
– युवायुवतीहरू विश्वकै श्रेष्ठजन बन्नेछन् ।
– जेष्ठ नागरिकहरू समाजका नमूना बन्नेछन् ।

६६

– आफैंले आफूलाई चिन्न सके अगाडि बढ्न मद्दत पुग्छ ।
– अरूलाई आदरभावले हेर्न सकेमा अनुकूल परिस्थितिहरू प्राप्त गर्न मद्दत मिल्छ ।

६७

– नयाँ ठाउँमा पुग्दा, त्यस ठाउँको बारे थाहा पाउन र सिक्न कोशिश गर ।
– प्रश्नहरू सोध्ने गर अथवा जिज्ञासु बन, तिमीले धेरै कुराहरू सिक्नेछौ ।

६८

– सिक्ने इच्छा नभएसम्म सिक्न नसक्ने हुन्छौ, सिक्ने नै हो भने गहिरेर सिक र कहिल्यै पनि बीचमा नछोड ।
– तिमीले प्रत्युत्तर नचाहेसम्म प्रत्युत्तर पाउँदैनौ; प्रत्युत्तर खोज, त्यत्तिकै नछोड ।
– तिमीले विचार गर्न नचाहेसम्म विचार गर्न सक्तैनौ; तिमीलाई पूरा समझ नआएसम्म सोच, विचार गर र बुझ्न खोज, कहिल्यै त्यत्तिकै नछोड ।
– जान्ने इच्छा नभएसम्म तिमीले जान्न सक्तैनौ; राम्रोसँग जान्न र थाहा पाउन खोज, त्यत्तिकै अपूरो नछोड ।

६९

– सङ्कल्पले तिमीलाई लक्ष्यमा पुग्न मद्दत गर्दछ ।
– उद्यमशीलताले सफलतासम्म डोऱ्याउँछ ।

७०

– मानिसलाई उसको मुस्कानले होइन विचारले जाँच ।
– मानिसलाई उसको नियतले जाँच विचारले होइन ।

७१

– गर्नको लागि कुनै काम नभए पनि कमभन्दा कम अरूसँग राम्रो मेलमिलाप त राख ।
– काम गर्ने मौका पाएको बेला त्यो मौकालाई छोप ।

७२

– शिष्टाचारको प्रशिक्षणले केटाकेटीहरू वयस्कलाई अभिवादन गर्न सिक्छन् ।
– केटाकेटीलाई शिक्षा दिएमा बुढेसकालमा उनीहरूले सुखसुविधा प्राप्त गर्छन् ।
– राम्रोसँग जीवन जिउने कुराको अभ्यास वयस्क अथवा मध्यम उमेरमा थाल ।
– बुढेसकालमा स्वस्थ रहन अहिले आफूलाई हेरचाह गर ।

७३

– साहसिलो भएर व्यवहार गर ।
– परिकल्पनासहित दृष्टि लिएर व्यवसाय गर ।
– समाजप्रतिको दायित्व आफ्नो काँधमा सम्हाल ।
– सधैं सद्अभ्यास गर ।

७४

– कोमलतासहित दिएको प्रोत्साहनले मानिसहरूलाई अघि बढाउँछ ।
– सहिष्णुता र समझदारी घनिष्ठ मित्रहरू हुन् ।

७५

– जटिल मामला विषयहरूमा डराउनु हुँदैन । ती मामिलाहरूलाई सरलीकरण गर ।
– गलत कुराहरूमा तर्कवितर्क नगर, गल्तीलाई सही बनाऊ ।
– विवेकशील र निष्कलङ्कित बन ।
– सत्यलाई बुझ्न कारण-परिणामको नियम अनुसरण गर ।

७६

– शान्त चित्तले संसारको सामना गर ।
– चित्तमा प्रसन्नता बोकेर प्रतिकूल परिस्थितिलाई स्वीकार ।
– अरूलाई सेवा गर्न चित्तमा उच्च भावना जगाऊ ।
– कृतज्ञ मनले समाजको ऋण चुक्ता गर ।

क्रमशः

HOW TO LIVE A HOUSEHOLD LIFE

– **Ashin Thondara**, *Meditation Teacher*
Edited by **Hoe Soon Ying**

Living world or non-living world has the nature of arising and passing away. So all worlds are unsatisfactory. Ours Supreme Buddha realized the worlds as they really are. His teaching is mostly related to the freedom of the worlds.

But sometimes he had to teach Dhamma on social welfare according to the listeners' wishes.

Once, the Buddha with many monks were going on a Dhamma tour in Kosala Region. One day, he arrived at a village known as Veludwara.

Most of the villagers were not Buddhists. But all the villagers held a meeting. They had a discussion regarding the arrival of the Buddha and subsequently, they agreed to go to meet the Buddha.

When they got there, most of them did not pay respect to the Buddha. But they told their names to him. They spoke to the Supreme Buddha as follows:-

"Monk Gotama, we have different wishes. But we all wish to live a household life. We wish to enjoy sensual pleasures in this life. After death, we wish to be reborn in the Deva world. Please teach us the Dhamma in which we can live a household life enjoying sensual pleasures and yet can be reborn in the Deva world."

According to their wish, The Enlightened One taught them the following Dhamma:-

"Householders, if you wish to enjoy sensual pleasures in this life and to be reborn in the Deva world after death, avoid seven Dhammas and have a firm faith in the Three Jewels.

Here are the seven Dhammas which the Buddha explained to the villagers:-

(1) Householders, you don't like to be ill-treated and killed. Others also don't like it. So avoid ill-treating or killing living beings.

(2) Householders, you don't like your properties to be stolen or taken away by force. Others also don't like it. So avoid stealing or taking others' properties by force.

(3) Householders, you don't want others to commit adultery with your wives, daughters, sisters and kinswomen. Others also don't like it. So avoid committing adultery.

(4) Householders, you don't like to be told lies. Others also don't like it. So avoid telling lies to the detriment of other's interest.

(5) Householders, you don't like to be back-bitten. Others also don't like it. So avoid back-biting.

(6) Householders, you don't like harsh speech. Others also don't like it. So avoid making harsh speech.

(7) Householders, you don't like to told frivolous or vain talk. Others also don't like it. So avoid making frivolous or vain talk.

After explaining to them the above seven Dhammas, the Buddha told them to have a firm faith in the Three Jewels. Here, the Three Jewels mean the Buddha,

Dhamma and Sangha.

As a traditional Buddhist, perhaps you will think, 'I have firm faith in the Three Jewels.' But as long as we are unable to gain Sotapannahood, it is impossible for us to have firm faith in the Buddha, Dhamma and Sangha. Perhaps we may have faith in them in this life, but it is not sure in the next life for it is not strong enough to carry to the next life.

So,by telling the villagers to have firm faith in the Three Jewels, the Buddha taught them indirectly to practice insight meditation till they gained Sotapanna stage at atleast.

In this sutta or discourse, suramraya (taking of intoxicants) is not directly described. Whenever it is not described, it myst be included in kamesu-micchacara (committing adultery). Committing adultery is enjoying unlawful sensual object. Surameraya is also enjoying false taste. So they are the same, in the sense that both involve enjoying sensual pleasures.

Many Westerners came to our centre and practised insight meditation. Some of them developed faith in the Dhamma. Some did not. The Westerners who have developed faith in the meditation asked me what they should do when they returned home. Then I told them this sutta in brief.

So, if you also wish to enjoy sensual pleasures as a householder in this life and to be reborn in the Deva world after death, please avoid the seven Dhammas and practice meditation till you have unshakeable faith in the Three Jewels.

Here is a brief way to practice insight meditation. First of all, please sit in a quiet place. Close your eyes. Keep your mind on your abdomen. Breathe in and breathe out steadily. But do not try to force or control your breath.

When you breathe in, your abdomen will rise. Then, note it 'rising' mentally, do not vote verbally. When you breathe out, your abdomen will fall. Then, note it 'falling' only mentally. So, the objects to note are 'rising, falling', 'rising, and falling'.

If your breathing is slow, you should make 4 notes. After noting 'rising, falling', keep your mind on your sitting posture and on one of the touching points. Then, go on noting 'sitting, touching'.

There are the primary objects to be noted. While you are nothing them, if new objects such as thinking, aching, heat, pain, etc appear, please note the new ones. Then, go back to 'rising, falling'. This is the brief way to practise sitting meditation.

When you walk, you must note every movement. If you walk fast, you must note 'right step, left step, or going, going'. If you walk slowly, you must note 'raising, putting down or raising, pushing forward, putting down'.

If you stand up, you must note 'standing, standing'. If you turn round, you must note 'turning, turning'.

If you lie down, you must note 'lying, lying'. After you have kept your body still in bed, please close your eyes as in the sitting posture. Keep your mind on your abdomen.

Breathe in and breathe out steadily. Then, you should note rising, falling or rising, lying, touching till you fall into sleep. ■

Nalapana Jataka
The case of the Hollow Canes

Buddha told this story while journeying through Kosala. Then he came to the village of Nalakapana. (cane-drink village), he stayed near the Nalakapana Lake. One day, after bathing in the pool, the moks asked the novices to fetch them some canes for needle cases. After getting the canes, however, the monks discovered that, rather than having joints like common canes, they were completely hollow.

Surprised, they went to Buddha and said, "Venerable Sir, we wanted to make needle – cases out of these canes, but from top to bottom they are quite hollow. How can that be?"

"Monks" said Buddha "this was my doing in days gone by". Then he told this. Story of the past.

Long, long ago, on this spot there was a lake, surrounded by a thick forest. In those days the Bodhisata was born as the King of the monkeys. As large as the fawn of a red deer, he was the wise leader of eighty thousand monkeys that lived in that forest.

He carefully counseled his followers. "My friends, in this forest there are trees that are poisonous and lakes that are haunted by ogres. Remember always to ask me first before eating any fruit you have not eaten before or drinking any water from a source you have not drunk from before".

"Certainly", the monkeys agreed."

One day while roaming the jungle, the monkey troop came to an area they had never visited before. Thirsty after their day's wanderings, they searched for water and found this beautiful lake. Remembering their master's warning, the monkeys refrained for their leader. When he joined them, he asked, "Well, my friends, why don't you drink?"

"We waited for you to come."

"Well done !" said the monkey king. Then he walked a full circuit around the lake. He noticed that all the footprints led down into the water, but none came back.

Suddenly, an ogre, in a hideous guise, rose up out of the lake and appeared before them. He had a blue belly, a white face, and bright – red hands and feet. "Why are you sitting here?" he asked the monkeys." Go down to the lake and drink."

The monkey king asked him, "Aren't you the ogre of this lake?"

"Yes I am," answered the surprised ogre. "How did you know I was here?"

"I saw the foot prints to leading down to the water but none returning. Do you prey on all those who go down to the water?"

"Yes, I do. From small birds to the largest animals, I catch everything which comes into my water. I will eat all of you too !"

"Oh, no, Ogre", said the monkey king, "We are not going to let you eat us."

"You must be parched. Just drink

the water," taunted the monster.

"Alright, Ogre, we will drink save water but we are going to fall into your power."

"How can you drink water without entering the lake?"

"Just wait and see, Ogre!" the monkey king cried, "We need not enter your lake at all. All eighty thousand of us can drink through these canes as easily as through a hollow lotus stalk. We will drink but you will not be able to harm us."

The monkey king requested that a cane be brought to him. Then recollecting the Ten Paramitas he was perfecting as Bodhisatta, he recited them in a solemn asseveration of truth, and blew into the cave.

Instantly, the joitns disappeared and the whole length of the cane became hollow. After hollowing several more in the same way, the monkey king toured the lake. "Let all canes growing here become perfectly hollow throughout." He commanded, because of the great virtues of Bodhisattas, their commands are always fulfilled. Therefore, every single cane that grew around that lake instantly became hollow and has always remained so.

"Buddhism is not Religion it is Humanism. The real Buddhism are born from the intention to benefit others."



(There are four miraculous phenomena which will endure throughout this kappa {eon}, what are the four? First, the figure of the hare can be seem in the moon (Jataka 316). Second, fire will not touch the spot of the baby quail's nest (Jataka 35), third, no rain will fall on the site of Ghatikara's house (Ghatikara Sutta, Majjhima Nikaya 81) and fourth, the canes that grow around this lake will remain perfectly hollow.)

At last the monkey king seated himself with a cane in his hands. The other eighty thousand monkeys likewise arranged themselves around the lake, each with a cane. They all dipped their canes into the water and drank. They satisfied their thirst, but the ogre could not touch a single one of them. Frustrated and furious, he returned to his home in defeat.

When all had finished, the monkey king led his followers back into the forest.

When Buddha had ended his lesson, he showed the connection, and identified the Birth by saying, "Devadatta was the water-ogre of those days, my disciples were the eighty thousand monkeys and I was the monkey king, so fertile in resource fullness."

Source: Jataka Tales of the Buddha, Part V. Retold by Ken and Visakha Kawasaki.

बुद्ध वचनहरू

★ विना विचारले कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायाधीश होइन । जुन पण्डितले साँचो र झूठो दुवै को निर्णय गरी विचारपूर्वक पक्षपात नराखी न्याय गर्छ, उसलाई धर्म रक्षा गर्ने साँच्चिको न्यायाधीश भनिन्छ ।

★ धेरै बोल्ने गर्दैमा पण्डित बनिन्न, जो क्षमाशील, अवैरी तथा भयरहित छ, त्यसलाई पण्डित भनिन्छ ।

म्यानमारका सुप्रसिद्ध ञाणिस्सर (सितगु सयादो) नेपालमा

प्रस्तुती- मदनरत्न मानन्धर
सदस्य, सितगु सयादो स्वागत तथा धम्माचरिय, अभिनन्दन समारोह समिति-२०७८

अभिधज महारट्ठगुरु, अग्गमहापण्डित संघराज सयादो ऊ ञाणिस्सर (सितगु सयादो)

बर्मा (म्यानमार) का प्रकाण्ड विद्वान्, अभिधजमहारट्ठ गुरु, अग्गमहापण्डित, संघराज सयादो ऊ ञाणिस्सर (सितगु सयादो) सप्ताहव्यापी नेपाल भ्रमण समाप्त गरी बैशाख १६ गते स्वदेश तर्फ प्रस्थान गर्नुभयो ।

बुद्ध जन्मभूमी लुम्बिनीका साथै नेपालमा थेरवाद बुद्ध धर्मको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र सुरक्षा प्रति विशेष चासो राख्नुहुने र सहयोगी रहनु भएका ८६ वर्षीय उहाँ सयादो आफ्ना एकजना उपासक कप्पिय र दुईजना उपासिकाहरूका साथ गत २०७९ साल बैशाख ९ गते नेपाल आउनु भएको थियो ।

उहाँको स्वागत तथा बर्माबाट सासनधज धम्माचरिय उपाधि प्राप्त नेपालका भिक्षु तथा गुरुमांहरूको सामूहिक अभिनन्दनका लागि गठित अभिनन्दन समारोह समितिको आयोजनामा बैशाख १० गते अन्तर्राष्ट्रिय भावना केन्द्र शंखमूलमा आयोजित कार्यक्रममा उहाँ सयादोबाट आठजना धम्माचरिय व्यक्तिहरू तथा तीनजना कम्मट्ठानाचरिय सयादोहरूलाई अभिनन्दन तथा सम्मान गर्नुभयो । हालसम्म भिक्षु ज्ञानपूर्णिक महास्थविर भिक्षु ञाणावुध स्थविर, भिक्षु आनन्द (बुटवल) र भिक्षु विचार (बुटवल) तथा धम्मवती गुरुमां, अग्गञाणी गुरुमां, विमलञाणी गुरुमां, जवनवती गुरुमां र बद्धपालि गुरुमांहरूले धम्माचरिय उपाधि प्राप्त गरिसक्नुभएको छ ।

विगत ३० वर्षदेखि नेपालमा सतिपट्ठान विपस्सना भावनाका शिविरहरू सञ्चालनमा योगदान दिनुहुने बर्माकै कम्मट्ठानाचरिय सयादो ऊ आसभाचार लगायत सयादो ऊ सुजनपिय र सयादो ऊ इन्दक हुनुहुन्छ ।

उहाँहरू एघारैजना व्यक्तित्वहरूलाई सो अवसरमा अभिनन्दनपत्र, प्रमाणपत्र, फोटो, बुद्धमूर्तिका साथै उदय रत्न ताम्राकारले जनही रु. पचास हजारको धर्म पूजा पनि प्रदान गरिएको थियो । साथै सितगु सयादोबाट पनि जनही करिब साठीहजार प्रदान गर्नुभयो ।

आठवटा विहार एवं संघसंस्थाबाट सामूहिक रूपमा आयोजना भएको सो समारोहमा उहाँ सयादोको बुद्ध सासनप्रतिको अतुलनीय योगदानलाई कदर गर्दै उहाँलाई सम्मान तथा अभिनन्दन एवं उपहार पनि प्रदान गरिएको थियो ।

सोही दिन दिउँसो उहाँ सयादो धर्मकीर्ति विहार जानुभई धम्मवती गुरुमांको स्वास्थ्य स्थितिको जानकारी लिनुहुँदै उहाँलाई रु. पाँचलाख पनि प्रदान गर्नुभयो । सो अवसरमा उहाँले एघारजना कुलपुत्रीहरूलाई अल्पकालीन गुरुमां प्रव्रज्या पनि गर्नुभयो ।

बैशाख ११ गते उहाँ सयादोलाई विश्वशान्ति विहारस्थित थेरवाद बुद्ध विहार एकेडेमीमा स्वागत

गरियो । स्मरणीय छ उहाँ सयादो उक्त एकडेमीका एक संस्थापक धम्मानुशासक हुनुहुन्छ र २०६९ साल भाद्र २ गते उहाँबाटै सो एकेडेमीको विधिवत समुद्घाटन भएको थियो ।

विश्वशान्ति विहारमा आयोजित संक्षिप्त कार्यक्रममा उहाँले नेपालका सातौं संघनायक दिवंगत भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रतिमा अनावरण गर्नुभयो । साथै एकेडेमीका प्राचार्य डा. महेन्द्ररत्न शाक्यद्वारा लिखित पुस्तकको पनि लोकार्पण गर्नुभयो । सोही दिन दिउँसो उहाँ सुलक्षणकीर्ति विहार जानुभई अनोजा गुरुमांको स्वास्थ्योपचारका लागि रु. पाँचलाख प्रदान गर्नुभयो ।

बैशाख १२ गते उहाँ सयादोलाई धर्मकीर्ति विहारमा स्वागत गरियो । अल्पकालिन प्रव्रजित गुरुमांहरू ११ जना सहित करिब पचासजना अल्पकालीन ऋषिणीहरू लगायत धेरै संख्यामा एकत्रित उपासकोपासिकाहरूलाई उहाँले उपचाला भिक्षुणी (भिक्षु सारीपुत्रकी माईली बहिनी) को बारेमा प्रेरणात्मक उपदेश पनि दिनुभयो । सोही दिन साँझ उहाँ लुम्बिनीका लागि प्रस्थान गर्नुभयो ।

बैशाख १३ गते लुम्बिनीको पवित्र उद्यानमा लुम्बिनी विकास कोषले विशेष समारोह आयोजना गरी लुम्बिनी प्रति उहाँ सयादोको अविस्मरणीय योगदानको करद गर्दै उहाँलाई 'लुम्बिनी सिरिसोभन' उपाधिबाट सम्मान गरियो । तत्पश्चात् उहाँ रामग्राम जानुभई सो स्थानको महत्व र गरिमा बारे सहभागीहरूलाई जानकारी गराउनुभयो ।

सोही दिन दिउँसो उहाँलाई वज्रयान विहार, थाई विहार, बर्मी विहार र गौतमी विहारमा स्वागत गरियो । साथै सन् २०१९ मा बर्मा पुग्नु भएका नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीलाई उहाँ सयादोले उपहार स्वरुप प्रदान गरिएका विभिन्न देशका र विभिन्न समयका तीसवटा बुद्धमूर्ति राखिएको संग्रहालय अवलोकन भ्रमण गर्नुभयो । साँझ लुम्बिनी बौद्ध विश्वविद्यालयले आयोजना गरेको कार्यक्रममा विश्वविद्यालय तर्फबाट प्रदान गरिएको अभिनन्दन ग्रहण गर्नुभयो ।

बैशाख १४ गते काठमाडौं फर्कनु भएका उहाँ सयादो दिउँसो विश्व शान्ति विहारमा आयोजित उपसम्पदा कार्यक्रममा सरिक हुनुभयो । सो कार्यक्रममा पाँचजना श्रामणेरहरूलाई उपसम्पदा (पूर्ण भिक्षु) गरिएको थियो ।

बैशाख १५ गते नेपालका राष्ट्रपतिबाट उहाँ सयादोको सम्मानमा राष्ट्रपति भवन शितल निवासमा आयोजित स्वागत कार्यक्रममा सरिक हुनुभई लुम्बिनी संग्रहालयमा तीसवटा बुद्धमूर्तिहरूको व्यवस्थित प्रतिस्थापनाका लागि दशहजार डलर पनि प्रदान गर्नुभयो । सो रकम बर्माका लागि पूर्व राजदूत भीम उदासलाई हस्तान्तरण गरियो । तत्पश्चात् उहाँ सयादो भृकुटीमण्डप स्थित बुद्ध विहारमा आयोजित स्वागत समारोहमा सरिक हुनुभयो ।

बैशाख १६ गते विहानको नियमित उडानबाट उहाँ स्वदेश प्रस्थान गर्नुभयो ।

नेपालमा थेरवाद बुद्धधर्मका हितैषी, लुम्बिनीका लागि सहृदयी उहाँ सयादो विगत सन् १९८२ देखि नेपाल भ्रमणमा आइरहनु हुन्थ्यो र यो उहाँको २० औं भ्रमण भएको कुरा एउटा प्रसङ्गमा उहाँले उल्लेख गर्नुभयो ।

चार प्रकारका व्यक्तिहरू

१) गल्ती भएको छ तर, गल्ती भएको छ भनी थाहा नपाउने,
२) गल्ती भएको छ र गल्ती भएको छ भनी थाहा पाउने,
३) गल्ती भएको छैन तर, गल्ती भएको छैन भनी थाहा नपाउने
४) गल्ती भएको छैन र गल्ती भएको छैन भनी थाहा पाउने

यी चार प्रकारका व्यक्तिहरू मध्ये पहिलो र तेस्रोलाई हीन (तुच्छ) र दोस्रो र चौथोलाई श्रेष्ठ (राम्रो) व्यक्ति भनिन्छ ।

- **पहिलो व्यक्तिले गल्ती गरेर पनि गल्ती गरेको महसूस नगर्ने भएकोले उसले पुनः गल्ती गर्नसक्छ ।**
- **दोस्रो व्यक्तिले गल्ती भएको महसूस गरेको हुनाले भविष्यमा ऊ गल्ती गर्नबाट जोगिने छ ।**
- **तेस्रो व्यक्तिलाई गल्ती नभएको थाहा नभएको हुनाले भविष्यमा उसले गल्ती गर्न सक्दछ ।**
- **चौथो व्यक्तिलाई गल्ती नभएको थाहा भएकोले भविष्यमा पनि सतर्क भएर गल्ती गर्नबाट जोगिने छ ।**

(मज्झिम निकाय)

शाक्यधीता नेपालको वार्षिक दशौं साधारण सभा

२०७८ मंसीर ७ गते
प्रस्तुती- उर्मीला तुलाधर
कार्यक्रम सञ्चालिका- नानी केशरी बज्राचार्य
स्थान- धर्मकीर्ति विहार, धम्महल ।

यसदिन श्रद्धेय पञ्ञासार भन्तेको प्रमुख अतिथित्वमा र श्रद्धेय गुरुमांहरू केशावती र इन्दावती गुरुमांको सभापतित्वमा शाक्यधीता नेपालको वार्षिक दशौं साधारण सभा सम्पन्न भएको छ। शासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित भिक्षुणी धम्मवतीले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा श्रद्धेय पञ्ञासार भन्तेले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

शाक्यधीता नेपालका उपाध्यक्ष प्रफुल्ल कमल ताम्राकारले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले ओवाद उपदेश दिनुहुँदै शाक्यधीताको स्थापना विषयक इतिहास प्रस्तुत गर्नुभएको थियो। उहाँले प्रस्तुत गर्नुभएको प्रस्तुतीको सार यसरी रहेको छ –

"बुद्धगयामा सञ्चालित एक कार्यक्रममा श्रद्धेय दलाई लामाले यस संस्थाको नामाकरण गर्नको लागि प्रस्ताव राख्नु हुंदा श्रद्धेय धम्मवती गुरुमांले यस संस्थाको नाम शाक्यधीता अर्थात् "शाक्यमुनी बुद्धका पुत्रीहरू" राख्दा उचित होला भनी राख्नु भएको प्रस्तावलाई बहुमतले स्वीकार गरेपछि यस संस्थाको नाम "शाक्यधीता" रहन गएको हो ।

यही सिलसिलामा श्रद्धेय धम्मवती गुरुमांले लुम्बिनीको गौतमी विहारमा सञ्चालन भएको शाक्यधीता सम्मेलनमा श्रद्धेय कर्मलक्ष गुरुमांको धेरै योगदान रहेको विषयलाई पनि जानकारी दिनुभयो ।

यसदिन धर्मकीर्ति विहार धम्महल शाक्यधीता नेपालको वार्षिक प्रगति प्रतिवेदन यसरी प्रस्तुत भएका थिए ।

प्रस्तुती- मीना तुलाधर

१) किम्डोल विहार निर्माण प्रकृया अगाडि बढिरहेको छ ।
२) भर्चुअल माध्यमबाट उर्मीला ताम्राकारज्यूको Talk Programme सम्पन्न ।
विषय– बौद्ध महिलाहरू
३) उर्मीला तुलाधरबाट कार्यक्रम सञ्चालन
विषय– नेपालका भिक्षुणीहरूको बुद्ध धर्ममा योगदान
४) किम्डोल विहार भवन निर्माणका लागि नक्सा पास हुने प्रकृया अगाडि बढिरहेको ।
५) भवन निर्माण सकिने बित्तिकै चन्दा दाताहरूलाई मायाको चीनो बुद्ध प्रतिमा प्रदान गर्ने निर्णय भएको ।
६) शाक्यधीता नेपालका कोषाध्यक्ष सृजना बज्राचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै शाक्य धीताका सदस्यहरूबाट रु. ५,०००/– चन्दा प्राप्त भएको । हाल कूल रु. ४ लाख रकम चन्दा प्राप्त भएको जानकारी ।
७) कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू – केशावती गुरुमां, भिक्षु पञ्ञासार, इन्दावती गुरुमां
८) Indonesia मा हुन गइरहेको International Shakyadhita Conference मा भाग लिन आह्वान गरियो ।
९) कार्यक्रमको अन्त्यमा उर्मीला तुलाधरबाट धन्यवाद ज्ञापन गरी शाक्यधीता नेपालको दशौं साधारण सभा सम्पन्न गरियो ।

"प्रजापति गौतमी ८० वर्षको उमेरमा भिक्षुणी बन्नुभएकी थिइन । उहाँ चिर रात्रज्ञामा अग्रस्थान प्राप्त हुन् । उहाँ १२० वर्षको उमेरमा परिनिर्वाण भइन् । उहाँ परिनिर्वाण हुँदा बुद्ध स्वयं मलामीमा जानुभएको थियो । उहाँसंगै ५०० शाक्य कुमारीहरू पनि भिक्षुणी बन्नुभएको थियो ।"

धर्मकीर्ति विहारमा दिनभर महापरित्राण पाठ

२०७९ बैशाख ३ गते, शनिवार
स्थान- धर्मकीर्ति विहार, धम्महल ।

यसदिन धर्मकीर्ति विहारमा प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ सम्पन्न गरियो । धर्मकीर्ति विहारका आवासिय प्रव्रजित गुरुमां वण्णवतीका आदरणीय माता दिवंगत अम्बिका देवी सुवालको वार्षिक पुण्य तिथीको उपलक्ष्यमा वण्णवती गुरुमांको आयोजनामा सञ्चालित यस महापरित्राण पाठ कार्यक्रममा आमन्त्रित गुरुमांहरू लगायत उपासकोपासिकाहरूलाई जलपान र भोजनको प्रायोजन गरिएको थियो । यसको साथै आमन्त्रित गुरुमांहरूलाई दानप्रदान पनि गरिएको थियो ।

कार्यक्रममा धम्मवती गुरुमां लगायत वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएका थिए ।

दिनभर सञ्चालित उक्त कार्यक्रममा महापरित्राण पाठ गर्नुहुने गुरुमांहरूको नाम एवं पाठ गरिएका सूत्रहरूको विवरण तालिका मार्फत यसरी प्रस्तुत गरिएको छ ।

क्र. सं.	महापरित्राण पाठ	पाठ गर्नुहुने गुरुमांहरू
१	सामूहिक पाठ	सबै गुरुमांहरू
२	सरणागमण - मेत्त सुत्त	अग्गञाणी, नन्दावती
३	खन्ध सुत्त - धजग्ग सुत्त	अनुपमा, सुनन्दावती
४	महाकस्सपत्थेर बोज्झङ्ग सुत्त - महाचुन्दत्थेर सुत्त	कुसुम, प्रीतिवती
५	गिरिमानन्द सुत्त - इसिगिलि सुत्त	वजीरा, ञाणदस्सिणी
६	धम्मचक्कप्पवत्तन सुत्त	इन्दावती, वीर्यवती
७	महासमय सुत्त	रूपशीला, मेत्तावती
८	आलक्क सुत्त - कसिभारद्वाज सुत्त	त्यागवती, जयवती
९	पराभव सुत्त - वसल सुत्त	मुदिता, जीनवती
१०	सच्चविभंग सुत्त	खेमावती, श्रद्धावती
११	आटानाटीय सुत्त (क)	दानवती, मेत्तावती
१२	आटानाटीय सुत्त (ख)	करुणावती, ध्यानवती, वण्णवती र सुवण्णवती
१३	सामूहिक पाठ	सबै गुरुमांहरू

परित्राण पाठ पश्चात् दिवंगत उपासिका अम्बिका देवी सुवालको पुण्य स्मृतिमा उहाँको सुगती एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो ।



सरणागमण - मेत्त सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू अग्गञाणी र नन्दावती



खन्ध सुत्त - धजग्ग सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू - अनुपमा र सुनन्दावती

महाकस्सपत्थेर बोज्झङ्ग सुत्त - महाचुन्दत्थेर सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू - कुसुम र प्रीतिवती



गिरिमानन्द सुत्त - इसिगिलि सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू वजीरा र ञाणदस्सिन

धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू इन्दावती र वीर्यवती

महासमय सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू रुपशीला र मेत्तावती



आलवक सुत्त - कसिभारद्वाज सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू त्यागवती र जयवती

पराभव सुत्त - वसल सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू मुदिता र जीनवती

सच्चविभंग सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू
खेमावती र श्रद्धावती



आटानाटीय सुत्त (क) पाठ गर्नुहुँदै गुरुमांहरू
दानवती र मेत्तावती

आटानाटीय सुत्त (ख) पाठ गर्नुहुँदै गुरुमांहरू करुणावती, ध्यानवती, वण्णवती र सुवण्णवती

डा. ऊ ञाणिस्सर (Sitgu) सयादोलाई स्वागत

सयादो ऊ ञाणिस्सरलाई चैत्य उपहार चढाउनु हुँदै धम्मवती गुरुमां

२०७९ बैशाख १२ गते
स्थान- धर्मकीर्ति विहार, धम्महल

यसदिन बर्माका डा. उ ञाणिस्सर (सितगु) सयादोलाई धर्मकीर्ति संरक्षण कोषले एक कार्यक्रम आयोजना गरी स्वागत गरियो। एक हप्ताको लागि नेपाल आउनु भएका डा. उ ञाणीस्सर भन्तेलाई धर्मकीर्ति विहारले स्वागत गरी दान प्रदान गरी पुण्य सञ्चय गर्ने मौका प्राप्त गरेको छ।

धर्मकीर्ति संरक्षण कोषका सह-कोषाध्यक्ष अरुणसिद्धि तुलाधरले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको उक्त कार्यक्रम सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको थियो।

डा. उ ञाणिस्सर सयादोले पञ्चशील प्रार्थना गराउनु भएपछि धर्मदेशना गर्नुभएको थियो। उहाँले बर्मी भाषाबाट गर्नुभएको धर्मदेशनालाई भिक्षुणी धम्मवती गुरुमांले नेपाल भाषामा रूपान्तर गर्नुभएको थियो।

धर्मदेशनाको शिलसिलामा भन्तेले धर्मकीर्ति विहारलाई मरुभूमीको बीचमा रहेको अमृत जल समान भइरहेको उपमा दिनुभयो। यही सिलसिलामा उहाँले भन्नुभयो–

"बुद्धकालिन भिक्षु सारीपुत्रकी माइली बहिनी भिक्षुणी उपचालाले यस संसारलाई आगोको खानीको रूपमा प्रस्तुत गर्नुभएको छ। यस आगोको रापले छटपटाइरहेका मानिसहरूलाई बुद्ध शिक्षाले शीतल जलयुक्त पोखरीले शितलता प्रदान गरे जस्तै शितलता प्रदान गरिरहेको छ। सयादो उ ञाणिस्सरले गर्नुभएको धर्मदेशना अनुसार भिक्षु सारीपुत्रका ३ जना बहिनीहरू चाला, उपचाला र शिशुपचाला पनि भिक्षुणी नै हुनुहुन्छ भने भाईहरू उपसेन, चुन्द र रेवत पनि भिक्षु हुनुहुन्छ। यसरी सातजना दाजुभाई, दिदीबहिनीहरू सबै राग, द्वेष र मोहरूपी आगो भष्म गरी बुद्ध शिक्षा रूपी शीतलता प्राप्त गर्न सक्षम भई भाग्यमानी हुनुभएका थिए। हामीले पनि उहाँहरूको आदर्शलाई लिई बुद्ध शिक्षा अभ्यास गरी उहाँहरू जस्तै भाग्यमानी बन्नुपरेको छ।

एकहप्ताको लागि नेपाल भ्रमणमा आउनुभएका डा. उ ञाणिस्सर सयादोले धर्मकीर्ति विहारमा एकहप्ताको लागि अल्पकालिन प्रव्रजित गुरुमां हुनुभएका ११ जना गुरुमांहरू लगायत १ दिनको लागि ऋषिणी प्रव्रज्या हुनुभएका लगभग ५५ जना ऋषिणीहरूलाई प्रव्रजित जीवनको महत्व बताउनु भएको थियो।

कार्यक्रममा भिक्षुणी धम्मवती गुरुमांले सयादो उ ञाणिस्सरलाई स्वयम्भू चैत्य उपहार चढाउनु भएको थियो। यसरी नै उहाँले सयादो संगै आउनुभएका अन्य पाहुनाहरूलाई पनि उपहार प्रदान गर्नुभएको थियो। सयादोलाई अन्य उपासकोपासिकाहरूले पनि बुद्ध प्रतिमा लगायत अन्य उपहार चढाउनु भएका थिए।

यसरी दान प्रदान कार्यक्रम पश्चात् धर्मकीर्ति संरक्षण कोषका सदस्य उपासक मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो। यसदिन सयादो लगायत अन्य पाहुनाहरूलाई धर्मकीर्ति विहारका उपासकोपासिकाहरूबाट भोजन दानगरी पुण्य सञ्चय गरेका थिए।

धर्मकीर्ति विहारमा अल्पकालिन प्रव्रज्या शिविर

अल्पकालिन गुरुमां प्रव्रज्या (साप्ताहिक) भएका कुलपुत्रीहरू

एकदिनको लागि ऋषिणी प्रव्रज्या हुनुभएका कुलपुत्रीहरू

२०७९ बैशाख १० गते
स्थान- धर्मकीर्ति विहार

यसदिन धर्मकीर्ति विहारमा ११ जना कुलपुत्रीहरूलाई साप्ताहिक अल्पकालिन गुरुमां प्रव्रज्या गरियो । बर्माबाट पाल्नुभएका डा. ऊ ञाणिस्सर (सितगु) सयादोले ती ११ जना कुलपुत्रीहरूको केश काट्नु भई विधिपूर्वक प्रव्रज्या गरिएको थियो । यसरी सयादो ऊ ञाणिस्सरको उपाध्यायत्व एवं भिक्षुणी धम्मवतीको आचार्यत्वमा अल्पकालिन प्रव्रज्या हुनुभएको उक्त कार्यक्रममा उहाँहरूलाई प्रव्रज्याको महत्व विषयमा बैशाख १२ गते ऊ ञाणिस्सर सयादोले धर्मदेशना पनि गर्नुभएको थियो । अन्य दिन धर्मकीर्ति विहारका आवासिय गुरुमांहरू लगायत उपासक मदरत्न मानन्धरले पनि बुद्ध शिक्षा सम्बन्धी कक्षा सञ्चालन गरी धर्मदान गर्नुभएको थियो ।

यसरी नै बैशाख १२ गतेका दिन १ दिनको लागि लगभग ५५ जना कुलपुत्रीहरू ऋषिणी प्रव्रज्या हुनुभएका थिए । उहाँहरूले पनि उक्त दिनभर ऊ ञाणिस्सर सयादो लगायत धर्मकीर्ति विहारका आवासिय गुरुमांहरू र उपासक मदनरत्न मानन्धरबाट धर्मदेशना श्रवण गरी पुण्य सञ्चय गर्ने मौका प्राप्त गर्नुभएका थिए भने ध्यानभावना गरी समय सदुपयोग गर्नुभएका थिए ।

साधुवाद !

जन्म :
बि.सं. २००७
मंसीर १० गते

दिवंगत :
बि.सं. २०७८
जेठ १० गते

दिवंगत पञ्चमुनी बज्राचार्य

टेबहाल, काठमाडौं ।

धर्मकीर्ति पत्रिका, वर्ष ४०, अङ्क २ बैशाख पूर्णिमा अङ्कको रङ्गीन कभर पेज (२ प्रति पेज) उपासक **पञ्चमुनी बज्राचार्य** (इन्दावती गुरुमांका पिता) को वर्षदिनको पुण्यतिथिको उपलक्ष्यमा इन्दावती गुरुमां सहित सपरिवारले धर्मदान गर्नुभएको छ ।

धर्मदान गरी सञ्चित पुण्य शक्तिले दिवंगत हुनुभएका उहाँका पिता उपासक **पञ्चमुनी बज्राचार्य** लगायत सम्पूर्ण पितृजनहरूको सुगती एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको छ । साथै इन्दावती गुरुमां सहित सपरिवारको आयु आरोग्य एवं निरोगी कामना गर्दै उहाँहरूले बुद्ध शिक्षालाई अभ्यास गर्दै जीवन सफल पार्न सकुन् भन्ने कामनाका साथ धर्मदानको लागि साधुवाद व्यक्त गरिएको छ ।

धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार

श्रीघः नःघः, काठमाडौं

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७८/०७९)

साधुवाद !!!



जन्म दिं:
ने.सं. १०२१ कौलाथ्व:
नवमी

दिवंगत दिं:
ने.सं. १०८३ चौलागा:
दशमी

मदुम्ह हर्षमान शाक्य

धर्मकीर्ति पत्रिका वर्ष ४०, अङ्क २ या रङ्गिन कभर पेज (निगू पेज) दिवंगत **हर्षमान शाक्य** (भिक्षुणी धम्मवती गुरुमांया बा:) या पुण्य स्मृतिस धम्मवती गुरुमां सहित सपरिवार पाखें धर्मदान यानादीगु ख: । धर्मदान याना: सञ्चय यानादीगु पुण्य शक्तिं दिवंगत जुयादीम्ह उपासक **हर्षमान शाक्य** लगायत सकल पितृजनपिनि सुगती एवं निर्वाण हेतु प्राप्त ज्वीमा धका: कामना यासे पुण्यानुमोदन याना । अथेहे धर्मदान यानादीपिं दाता सपरिवारयात आयुआरोग्य एवं निरोगी कामना यासे वसपोलपिसं बुद्ध शिक्षा अभ्यास यायां थथ:गु जीवन सफल याय् फय्मा धका: आशिका यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल ।

॥ भवतु सब्ब मंगलम् ॥

धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघ: न:घ:, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com